# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९९

2002 FIFA WORLD CUP KOREA JAPAN

**विश्वकप: एसियाको उदय र ब्राजिलको जीतको रहस्य**

**क्यास्त्रोको क्यूबा अमेरिकाभन्दा स्वाभिमानी छ** -म्याराडोना

चर्चित लण्डन बैठकमा वास्तवमा भएको के थियो ?

## के माओवादीहरु चुनावमा आउलान् ?

राजाको भारत भ्रमणले देखाएको संकेत

सूर्यमा भयंकर विस्फोट

हरिप्रसाद पाण्डे: के प्रचार, के यथार्थ ?



# पोस्टमार्टम कांग्रेसको फुटको

www.mulyankan.itgo.com मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

# मंगलमय शुभकामना

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार**को ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफ सरकारको सुख, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको लागि **हार्दिक मंगलमय शुभकामना** चढाउँदछौं ।



**हिमालयन बैंक लि.**
परिवार

# मकालु यातायात

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २०, पूर्णाङ्क- ९९
साउन- २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
श्याम खड्का

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np


**मूल्य : रु. २०/-**

## के माओवादीहरू चुनावप्रति सकारात्मक हुने संभावना छ ?
- श्याम श्रेष्ठ -

## हरिप्रसाद पाण्डे : के प्रचार, के यथार्थ ?



❏ एशियाको उदय र ब्राजिलको जीतको रहस्य
❏ क्यास्ट्रोको क्यूवा अमेरिकाभन्दा स्वभिमानी छ - म्याराडोना

## कांग्रेस फुट्यो आखिर किन ?
- दीपेश उपाध्याय -



## पोष्टमार्टम : काङ्ग्रेसको फूटको
- राजेन्द्र दाहाल -

## कांग्रेसको झगडा खाओवादीहरूको झगडा हो
- दमननाथ ढुङ्गाना -




**आवरण कथा :**
● के माओवादीहरु चुनावप्रति सकारात्मक हुने संभावना छ ?
- *श्याम श्रेष्ठ* ६
● कांग्रेस फुट्यो आखिर किन ?
- *दीपेश उपाध्याय* ८
● पोष्टमार्टम : काङ्ग्रेसको फूटको
- *राजेन्द्र दाहाल* ११

**संक्षेप :**
● कांग्रेसको झगडा खाओवादीहरुको झगडा हो
- *दमननाथ ढुङ्गाना* १५

**घटना र प्रवृत्ति :**
● यो वर्षको बजेट कस्तो छ ?
- *राजकुमार के.सी.* ४
● किन राजदरबारको खर्चमा पाँच गुणा बृद्धि
- *दीपक वैद्य* ५
● राजाको भारत भ्रमणले देखाएका संकेतहरु
- *विनोद ढुंगेल* १६
● किन अमेरिका सद्दाम र अराफातको पतन खोज्दैछ ?
- *हरि रोका* २२
● असुरक्षाको घेराबन्दीमा पत्रकार
- *पूर्ण बस्नेत* २९
● बहुचर्चित लन्डन बैठकमा वास्तवमा के भएको थियो ?
- *गौरी प्रधान* ४१
● एस.एल.सी.मा किन यति धेरै फेल ?
- *मुक्ता श्रेष्ठ* ४२
● ज्यादै कम प्रतिशत पास हुनु सम्पूर्ण शिक्षा नीतिकै असफलता हो
- *मीनबहादुर विष्ट* ४३
● भारतीय माओवादीसँगको वार्तामा गतिरोध ४५

**खेलकूद :**
● एशियाको उदय र ब्राजिलको जीतको रहस्य
- *सीताराम अग्रहरि* १८
● क्यास्ट्रोको क्यूवा अमेरिकाभन्दा स्वभिमानी छ
- *डिएगो म्याडोना* २१

**विश्व कम्युनिष्ट आन्दोलन :**
● वामपन्थतिर ढल्किँदो अर्जेन्टिनाको जनविद्रोह
- *राजेन्द्र महर्जन* २५

**अर्थतन्त्र :**
● नेपालको ओरालोलाग्दो ताजा आर्थिक हालत २७
● अमेरिकी अर्थतन्त्रमा संकटको बादल
- *दीपक वैद्य* ३५

**विज्ञान :**
● सूर्यमा भयंकर ठूलो विष्फोट उछिट्टिएको भाग कता गयो ?
- *तुल्सीदास महर्जन* २८

**आत्मकथा :**
● सायद 'अनकन्सस्ती' म बढी झुक्कें हुँला
- *निर्मल लामा* ३०

**दर्शन :**
● बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद
- *प्रज्ञानरत्न* ३२

**चिन्तन :**
● चेतना : तीन पृथक ब्याख्याहरु
- *डा. चैतन्य मिश्र* ३४

**किताब :**
● कामरेड मोहनविक्रम र माओवाद
- *हरि रोका* ३६

**साहित्य/कविता :**
● पूर्ण वैद्यका तीन कविताहरु ३७

**नीति/संस्कृति :**
● हरिप्रसाद पाण्डेः के प्रचार, के यथार्थ ?
- *चन्द्रदेव नेपाली* ३८

**पाठकको कुरो** ४६



आवरण : गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा। फोटो : ए.वी.सी. फोटोज, बागबजार। आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४१००५९। कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१। कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२। मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

पत्रकारहरूलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ

पत्रकार तथा साहित्यकार कृष्णसेन 'इच्छुक' को स्थिति सार्वजनिक गर !

(नेपाल पत्रकार महासंघको कार्यक्रमप्रति ऐक्यबद्धता जनाउँदै हामीले सम्पादकीयको यो स्थान खाली छाडेका छौं)





# यो वर्षको बजेट कस्तो छ ?

■ राजकुमार के.सी.

**संकटकाल**, धमिलो राजनीतिक वातावरण र अनिश्चित आर्थिक भविष्यको बीचमा असार २४ गते आर्थिक वर्ष २०५९/६० को लागि आय व्ययको विवरण प्रस्तुत भएको छ । अर्थ मन्त्रालयको समेत पदभार सम्हालिरहनु भएका प्रधानमन्त्री शेरबहादुर देउवाले प्रस्तुत गर्नुभएको रू. ९६ अर्ब १२ करोड ४७ लाख ९६ हजारको बजेटबाट देशमा विकासका कामलगायत अन्य नियमित खर्चहरू धान्ने लक्ष्य राखिएको छ । नेपाल अधिराज्यको संविधानको धारा ७२ मा व्यवस्था भएअनुरूप अध्यादेशमार्फत् प्रस्तुत भएको आय व्ययको अनुमान अन्य वर्षहरूको तुलनामा संरचनागत हिसावले फरक किसिमको देखिएको छ ।

रू. ९६ अर्ब १२ करोड ४७ लाख ९६ हजार कूल बजेटमध्ये रू. ५७ अर्ब ४४ करोड ५१ लाख २१ हजार साधारण खर्चतर्फ, रू. ३८ अर्ब ६७ करोड ९६ लाख ७५ हजार विकासतर्फ छुट्याइएको छ ।

विगत वर्षहरूमा भन्दा यस पटकको बजेट फरक ढङ्गबाट प्रस्तुत गरिएपनि साधारण खर्चमा भएको वृद्धिले आर्थिक वर्ष २०५९/६० मा देशको आर्थिक वृद्धिदर ०.८ प्रतिशतभन्दा पनि तल खस्कने सहज अनुमान गर्न सकिन्छ । साधारण खर्चमा वृद्धि हुनु भनेको नियमित प्रशासनिक खर्चमा वृद्धि हुनु हो, जसको प्रभाव देशको समग्र अर्थतन्त्रमा लगभग नगण्य हुन्छ । हुन त यस पटकको बजेटको मुख्य लक्ष्य शान्तिका लागि लगानी, गरीबी घटाउने कार्यक्रमहरूको सशक्तीकरण र आर्थिक सुधारका कार्यक्रमहरूलाई विस्तारित र सुदृढ गर्दै अर्थतन्त्रलाई विद्यमान प्रतिकूलताबाट मुक्त गर्ने रहेतापनि बजेटमा निहित लक्ष्यहरू कसरी हासिल गर्ने भन्ने कुरा स्पष्ट छैन । देशको आर्थिक वृद्धिदरमा आएको ह्रास र त्यसप्रति बजेटले दर्शाएको मौनताले देशको सिंगो अर्थतन्त्र अझ धराशायी हुँदैछ भन्ने कुरा लक्षित गर्दछ ।

मुलुकको प्रतिकूल अर्थतन्त्रको वास्तविकतालाई आत्मसात गर्न बजेटको आकार विगत आ.व. २०५८/५९ को तुलनामा लगभग रू.

**यो वर्षको बजेट**

| | |
|---|---|
| कूल बजेट | ९६ अर्ब |
| ◆ विकास बजेट | ३९ अर्ब |
| ◆ साधारण बजेट | ५७ अर्ब |
| बजेटको स्रोत | |
| ◆ राजस्वबाट | ५७ अर्ब |
| ◆ विदेशी अनुदानबाट | १५ अर्ब |
| ❑ बजेट घाटा | २४ अर्ब |
| घाटा पूर्ति | |
| ◆ विदेशी ऋण लिएर | १२ अर्ब |
| ◆ आन्तरिक ऋण लिएर | १२ अर्ब |

३ अरब रूपियाँले घटाइएको छ । विगतको तुलनामा वार्षिक आय व्ययको आकार घटे पनि साधारण खर्चको लागि छुट्याइएको लगभग रू. ५७ अर्ब ४४ करोड र विकास खर्चको शीर्षकमा छुट्याइएको रू. ३८ अर्ब ६७ करोड कहाँबाट कसरी जुटाउने भन्ने प्रश्न खडा हुन्छ । अहिलेको परिस्थितिमा वैदेशिक ऋण, राजस्व परिचालन र आन्तरिक ऋणबाट उक्त रकम जुट्ने स्थिति देखिदैन । अनुमानित खर्च व्यहोर्ने श्रोतमा वर्तमान राजस्वबाट रू. ५४ अर्ब ८० करोड ४६ लाख ७० हजार, वैदेशिक सहायताअन्तर्गत अनुदानबाट रू. १४ अर्ब ५६ करोड ४४ लाख र ऋण सहायताबाट रू. १२ अर्ब ४१ करोड २ लाख रहेको छ । बजेटमा रू. १४ अर्ब ३४ करोड ५५ लाख न्यून रकम रहेको छ, तर राजस्वको वर्तमान श्रोतबाट प्राप्त हुने रकमबाहेक कर तथा गैरकर दरहरूमा परिवर्तन र प्रशासनिक सुधारबाट रू. २ अरब ३४ करोड प्राप्त हुने र खुद घाटा बजेट रू. १२ अर्ब हुने अनुमान छ । मुलुकमा उत्पन्न वर्तमान असहज परिस्थितिका कारण यस आर्थिक वर्षमा विगतको भन्दा साधारणतर्फ १६.५ प्रतिशतले बढी र विकासतर्फ २३.४ प्रतिशतले बजेट कम छ । र, कूल बजेटमा भने ३.७ प्रतिशत कम गरिएता पनि संशोधित अनुमानको तुलनामा भने साधारणतर्फ १६.९ प्रतिशत, विकासतर्फ १६.३ तथा कूल खर्चतर्फ १६.७ प्रतिशतले बढी छ । प्रजातन्त्र स्थापनापछि अध्यादेशमार्फत् ल्याइएको यो चौथो बजेट हो । परिवर्तन र प्रशासनिक सुधारबाट रू. २ अर्ब ३४ करोड प्राप्त हुने र खुद घाटा बजेट रू. १२ अर्ब हुने अनुमान छ । यो घाटा बजेटलाई आन्तरिक ऋणबाट समायोजन गर्ने लक्ष्य राखिएको छ । तर बजेटले तय गरेको लक्ष्य त्यति सजिलै पूरा होलाजस्तो देखिदैन । अधिकतम रूपमा विकास बजेटको उपयोग गर्ने, खर्च कटौति गर्ने भनेर भनिएपनि विदेशी सहयोग, वैदेशिक ऋण त्यति सजिलै आउने स्थिति छैन । अझ राजस्व परिचालनबाट रू. ५७ अर्ब संकलन गर्ने लक्ष्य अरू बढी हावादारी देखिन्छ । कुन आधारमा विदेशी ऋण प्राप्त गर्ने ? के नेपालले ऋण दाताहरूसमक्ष गरेको प्रतिवद्धता पूरा गरेको छ ? विदेशीले किन र कुन आधारमा सहयोग गर्ने ? विदेशी राष्ट्र वा सहयोगी संस्थाहरूले सोच्नुपर्ने बेला आइसकेको छ कि अब ऋण वा सहयोग नेपाली जनतालाई दिने कि यहाँका भ्रष्ट राजनेताहरूलाई ? अनि राजस्व कुन आधारमा कसमाथि करको भार थुपारेर संकलन गर्ने ?

वास्तवमा २०५९/६० को बजेटले केही हदसम्म व्यवहारिक हुने लक्षण त देखाएको छ, तर समस्या समाधान कसरी गर्ने भन्ने कुरा अमूर्त छ ।

शान्तिका लागि लगानी भनेर रक्षा खर्चको लागि कूल बजेटको १३ प्रतिशत छुट्याइएको छ, तर कसरी कुन शीर्षकमा भनेर उल्लेख गरिएको छैन । यसबाट शान्ति सुरक्षाको नाउँमा देशमा भ्रष्टाचार अझ बढ्नुको साथै आर्थिक अस्थिरता अझ बढ्ने देखिन्छ । वि.सं. २०५१ सम्म कृषि विकास बैंकबाट रू. ४० हजारसम्म ऋण लिएका कृषकहरूले साँवा बराबर ब्याज बुझाएमा बाँकी रकम मिन्हा हुने व्यवस्था गरिएको छ । एक प्रकारले बजेटको यो सकारात्मक पक्ष भए पनि भूमिहीन किसान अनि विपन्न

बाँकी ४५ पेजमा

# किन राजदरवारको खर्चमा पाँच गुणा वृद्धि ?

दीपक वैद्य

**देशको** अर्थतन्त्र अहिले चरम संकटमा भएको जगजाहेर छ । संकट चुलीमा पुगेकै कारणले विकास-निर्माणको खर्चमा यस पटक व्यापक कटौती गरिएको छ । देशको वर्षभरिको साधारण खर्च वर्ष दिनको राजश्वले नधान्ने स्थितिमा देश पुगेको छ । यसको मतलब विकासको निम्ति खर्च गर्न राज्यसित सुका दाम पनि छैन । सबै विकास खर्च अब अरूसित पैसा उधारो लिएर गर्नुपर्ने अति दयनीय स्थितिमा मुलुक पुगेको छ । त्यसमाथि थप २०४६ सालमा ३७ अर्ब मात्र रहेको नेपालको विदेशी ऋण अहिले साँढे पाँच गुणा बढेर २०७ अर्ब पुगेको छ । ६ प्रतिशतका दरले बढ्ला भनेर गतः आर्थिक वर्षमा अनुमान गरिएको देशको वार्षिक आर्थिक वृद्धिदर लक्ष्यभन्दा साँढे सात गुणाले घटेर ०.८ प्रतिशतमा ओर्लेको स्थिति छ । यो भयावह आर्थिक संकटको संकेत हो ।

सिंगो देश यस्तो भयावह आर्थिक संकटमा फँसेको बेलामा देशप्रति माया हुने सबैले पटुकी कसेर आफूले गरिरहेको खर्च घटाउनु पर्ने हो । परन्तु विडम्बना, यस्तो भयावह संकटको समयमा आगामी आर्थिक वर्षको बजेटमा राजदरवारको खर्चमा भने गत सालको भन्दा पाँच गुणाभन्दा पनि ज्यादा वृद्धि गरिएको छ । स्मरणीय छ, गत आर्थिक वर्षमा केवल ११.६३ करोड रूपैयाँ श्री ५ महाराजाधिराज, राजपरिवार र राजदरवार शीर्षकमा छुट्याइएको थियो । परन्तु यो वर्ष त्यही शीर्षकमा साधारण खर्चअन्तर्गत रू. ३८.७९ करोड र विकास खर्चअन्तर्गत रू. २३.११ करोड गरी जम्मा रू. ६१.९१ करोड रकम छुट्याइएको छ । आखिर किन ?

यहाँनेर थप विचारणीय सवाल के देखिन्छ भने पोहोर जेठ १९ गतेको राजदरवार काण्डपछि राजपरिवारकै संख्या १० जना घटेको छ । परिवार संख्या घटेपछि त्यसनिम्ति छुट्याइनु पर्ने थैली घट्ने हुनाले कुल खर्चमा उल्लेखनीय कटौति हुनुपर्ने हो । परन्तु यहाँ त बिल्कूलै उल्टो भएको देखियो । परिवारको संख्या चाहिँ ठूलो मात्रामा घट्ने, तर राजदरवारको खर्च चाहिँ झन् ठूलो मात्रामा बढ्ने ! यस्तो कसरी भएको हो र किन भएको हो ?

भनिँदैछ कि पोहोर नारायणहिटी दरवारमा गोली काण्ड हुँदा कतिपय भागमा क्षति पुगेको हुनाले पुनर्निर्माणका लागि बजेट छुट्याउनु परेको हुनाले खर्च बढेको हो । राजदरवारमा जहाँजहाँ क्षति पुगेको छ, त्यसको पुनर्निर्माण त अवश्यै गर्नुपर्छ, त्यसमा विवाद गर्नुपर्ने र औंलो ठड्याउनु पर्ने कुनै कारण छैन । तर जगजाहेर छ, त्यो गोलीकाण्ड त त्रिभुवन सदनमा मात्र भएको हो, अन्यत्र भएको छैन । अनि सिंगै त्रिभुवन सदन पूरै भत्काएर पुनर्निर्माण गर्नु परे पनि एक दुई करोड रूपैयाँ थप लाग्ला, थप ५० करोड रूपियाँ त कदापि लाग्दैन, जस्तो कि अहिले गरिएको छ ।

त्यस्तै, सचिवालयको मर्मत सम्भार र सुरक्षा खर्च बढाउनु परेको हुनाले खर्च बढाउनु परेको भनिँदैछ । पोहरको नारायणहिटी काण्ड सुरक्षा जवानको संख्याको कमीले घटेको घटना त कदापि होइन । सुरक्षार्थ खटिएका अंगरक्षकहरू अत्यन्त चनाखो स्थितिमा भिभिआईपीहरूलाई १-२ मिनेट, १-२ मिनेटमा बारम्बार नियाल्दै त्रिभुवन सदनको सामुन्नेमै स्टैण्डबाइ रहनुपर्नेमा गोली चलेपछि डाक्न जानुपर्ने गरी ढुक्कसँग कोठाभित्र टि.भि. हेरेर बसिरहेको जस्तो हेल्चक्र्याइँ मात्र पोहोर देखापरेको हो । सुरक्षामा जे क[illegible]री देखापरेको हो, त्यो पो हटाउनुपर्ने हो । [illegible]था, ६-७ जना राजपरिवारको लागि दरवारभि[illegible]न हजार जवान अत्याधुनिक हतियार र तालिम[illegible]न्न सुरक्षा सेना हुनु नितान्त पर्याप्त कुरो हो । यो स्थितिमा सचिवालयको मर्मत खर्चका लागि अर्को ५० लाख छुट्याए छेलोखेलो हुन्छ । तसर्थ भयावह आर्थिक संकटको यो बेलामा संवैधानिक राजतन्त्रको राजदरवारको यो खर्च वृद्धि नितान्त आश्चर्यजनक र अस्वाभाविक देखिन्छ । प्र.मं. शेरबहादुर देउवाले आखिर यस्तो किन गरे ? धेरैलाई सन्देह पैदा भएको छ । ❑

## राजदरवार खर्च

श्री ५ महाराजाधिराज, राजपरिवार र राजदरवारको लागि छुट्याइएको बजेट

| | | |
|---|---|---|
| २०४६/४७ सालमा | | ४.२४ करोड |
| २०५६/५७ सालमा | | ८.७८ करोड |
| २०५७/५८ सालमा | | ९.२९ करोड |
| २०५८/५९ सालमा | | ११.६३ करोड |
| २०५९/६० सालमा | | |
| | साधारण खर्च | ३८.७९ करोड |
| | विकास खर्च | २३.११ करोड |
| | जम्मा | ६१.९१ करोड |



प्र.मं. देउवा : चुनावप्रतिको विवादास्पद प्रतिबद्धताका बीच

# के माओवादीहरू चुनावप्रति सकारात्मक हुने संभावना छ ?

■ श्याम श्रेष्ठ

**साउन २१ गते** सर्वोच्च अदालतले प्रतिनिधिसभालाई पुनर्स्थापित गरेन भने र निर्वाचन आयोगले रूख र चारतारे झण्डाबारे गैर-कानूनी निर्णय गरेन भने सिंगो देश नचाहेर पनि देउवाद्वारा घोषित कार्तिक २७ गतेको आम चुनावतिर कदम बढाउन विवश हुनेछ । परन्तु अहिलेको अन्तर्विरोध के हो भने न त चुनाव हुनसक्ने स्थिति छ, न घोषित चुनाव हुन नसक्दा देश, जनता र प्रजातन्त्रको हित हुने स्थिति छ ।

देशको आधाभन्दा ज्यादा जिल्लामा सदरमुकाम र मुख्य शहरभन्दा बाहिर सरकारको कुनै अस्तित्व नै छैन । त्यहाँ माओवादीको हाल हुकुम चल्छ । यो स्थितिमा आउँदो ४ महिनामा कायापलट हुने कुनै संभावना देखिन्न । झन् वर्षा लागेपछि त सरकारको लागि अरू ज्यादा प्रतिकूलता सृजना हुनेवाला छ । अनि माओवादीको चुनावप्रति सकारात्मक दृष्टिकोण भएन भने त्यहाँ चुनाव प्रचार गर्न जाने को ? बुथ बोकेर जाने कसले ? र भोट खसाल्न आउने को ? तसर्थ देश अहिले चुनावी कोणबाट धेरै हदसम्म माओवादीको दया, इच्छा र नीतिमा निर्भर देखिन्छ ।

के माओवादीहरू चुनावप्रति सकारात्मक हुने संभावना छ ? यो प्रश्न चुनावमा आफ्नो प्राण टिकाएका सबै राजनीतिक शक्तिका लागि यतिबेला अहं महत्वको प्रश्न भएर खडा भएको छ । यो प्रश्नबारे निर्क्योल गर्न देशको वर्तमान स्थिति र अन्तर्विरोधहरू केलाउनु जरूरी हुन्छ ।

## स्थिति र अन्तर्विरोधहरू

नेपालको राजनीतिक परिस्थिति यति तरल विगत १२ वर्षमा कहिल्यै भएको थिएन । नेपाल यतिबेला प्रतिक्रान्ति र क्रान्तिको दोसाँधमा छ- यो कुनै पनि बेला कुनै पनि दिशातिर डोरिनु संभव छ । नेपालको पूँजीवादी संसदीय व्यवस्था सवा दशकमै यति संकटग्रस्त भएको छ कि आर्थिक रूपमा त यो ज्यादै छिटो धराशायी हुँदै नै छ, राजनीतिक रूपमा पनि संकटको चरमचुलीमा यो पुगिरहेको छ । खडेरी केवल क्रान्तिकारी नेतृत्वको देखिएको छ, जसको बुद्धिमत्ता र नैतिक सामर्थ्यमाथि बहुसंख्यक परिवर्तनकामी उत्पीडित जनताले भरोसा गर्न सकून् ।

थुप्रै सीमाका बावजूद पोहोर यही असार-साउनको समयसम्म माओवादीप्रति परिवर्तनकामी उत्पीडित जनताको आकर्षण र विश्वास अकल्पनीय रूपमा जनलहरको शैलीमा बढ्दै थियो । तर एकै वर्षमा माओवादी नेतृत्वले एकपछि अर्को महाभूल गर्दै जनताको त्यो अपार आकर्षण र विश्वास एक एक गरी पोली खाने काम गर्‍यो । माओवादी अत्यन्त जिम्मेवार, जनमुखी, सृजनशील र भरोसायोग्य क्रान्तिकारी शक्ति हो भनेर उसले विगत एक वर्षका व्यवहारमा साबित नै गर्न सकेन । बरू यसको ठीक विपरीत छवि उसले यसबीच सृजना गर्‍यो । अहिले देशको स्थितिको अन्तर्विरोध के देखिन्छ भने आम जनता र शासकहरू दुवै यथास्थितिमा रहिरहन सक्ने स्थिति नै छैन । आमूल परिवर्तन देशको यतिखेरको मूल प्रवृत्ति हो । परन्तु परिवर्तनको अगुवाई गर्न सक्ने कुनै भरोसायोग्य नेतृत्व मैदानमा देखापरिरहेको छैन । यही स्थितिको अधिकतम फाइदा यतिबेला प्रतिगामी शक्तिले लिन खोजिरहेछ ।

विगत एक वर्षमा माओवादीले सबैभन्दा ज्यादा समर्थन र विश्वास गुमाएको शहरिया र ग्रामीण मध्यमवर्ग र निम्न पूँजीपतिवर्गको हो । नेपालमा यी वर्गहरू ढुलमुल र अवसरपरस्त, तर परिवर्तनकामी, चलायमान, जनमत निर्माणमा सबैभन्दा प्रभावशाली वर्गका रूपमा देखिएका छन् । माओवादीका यसबीचका मूलतः निम्न पाँचथरि महाभूल वा बेठीक प्रवृत्तिले यी वर्गलाई नराम्ररी बिच्काएको छ :

- वार्ताबाट एकाएक बापसी र यतिञ्जेल आक्रामक नभइसकेको सेनामाथि आक्रमण गरेर सेनालाई ब्यारेकबाट निक्लने र संकटकाल थोपर्ने स्थिति सृजना गर्नु ।
- जनताको पंक्तिमा पर्ने र मित्रशक्तिमा पर्ने मानिसहरूकै अत्यन्त अमानवीय र क्रूर ढंगको हत्या, अपहरण बारम्बार हुनु ।
- पैसा, खाना, आश्रय वा कार्यक्रममा सहभागिताको निम्ति जनतामाथि पंक्तिमाथि नै बारम्बार बल प्रयोग ।
- उत्पीडित-उपेक्षित जनताका निम्ति दुर्लभ सुविधा वा 'विकास' साबित भइरहेका संरचनाहरूको पनि अन्धाधुन्ध ध्वंश ।
- संकटकाल पुनः ३ महिना थप्न प्रत्यक्ष सहायक हुनेगरी अछाम ब्यारेकमा भएको फौजी आक्रमण ।

प्रतिगामीहरू माओवादीहरूबाट बिच्किएका यिनै वर्गको समर्थन आफूतिर तान्न भरमग्दुर प्रयत्न गर्दैछन् । विगतको भ्रष्ट र निरकुश छविका बावजूद नेपाली कांग्रेसको संस्थापन पक्ष यतिबेला विदेशी चलखेल र प्रतिगमनविरूद्ध सशक्त आवाज उठाएर यिनै वर्गको समर्थन आफूतिर तान्न प्रयत्नशील देखिएका छ र केही हदसम्म यसो गर्न सफल पनि भएको छ । एमाले यतिबेला बलियो जनाधार भएको निर्णायक शक्ति भएर पनि सत्तान्ध प्रवृत्तिले गर्दा किंकर्तव्यविमूढ अवसरमुखी शक्तिका रूपमा देखिएको छ । कुर्सी स्वार्थको लागि ऊ यतिबेला प्रतिगमन र अग्रगमनको बीचमा डोलायमान र ढुलमुल देखिएको छ । उसको

दुविधाग्रस्त अभरलाग्दो द्वैत व्यवहारले गर्दा परिवर्तनकामी बहुसंख्यक जनताहरू विशेषतः मध्यमवर्ग र निम्न पूँजीपतिवर्ग र श्रमिकवर्गले उसको नेतृत्वमाथि भरोसा गर्न नै सकिरहेका छैनन् । संघर्षको मैदानमा यतिबेला मूलतः तीनवटा शक्ति मात्र लाप्पा खेलिरहेका देखिन्छन्, दर्बार, माओवादी र कांग्रेसको संस्थापन पक्ष । गजबको विडम्बनापूर्ण स्थिति के भने नेपालमा यतिखेर संघर्षको कोणबाट न त नागरिक सरकारको अस्तित्व देखिन्छ, न प्रमुख प्रतिपक्षको ।

चरम संकटको यो घडीमा र माओवादी नेतृत्वप्रति पनि जनता बिच्किएको बेला एमालेलाई आफ्नो नेतृत्व क्षमता देखाउने र जनविश्वास आर्जन गर्ने ठूलो अवसर थियो । बौद्धिक र सांगठनिक हिसाबले अरू सबैभन्दा त्यो औकात र पूर्वाधार एमालेसित थियो पनि । परन्तु मूलतः जनसमर्थन र जनशक्तिका बलले होइन, विदेशी शक्ति र दर्बारको आशिर्वादको बलले कुर्सीमा पुग्ने त्रुटीपूर्ण चिन्तनले गर्दा एमाले विडंवनापूर्ण स्थितिमा लर्टि्किरहेको छ । संवैधानिक राजतन्त्रवादी र पूँजीवादी कांग्रेसलाई समेत नसहने, फुटाउने र कमजोर पार्ने तागतले गणतन्त्रवादी, कम्युनिष्ट पार्टीको झण्डा र ब्यानर बोकेको एमालेलाई चाहिँ विश्वास गरेर टीको लगाएर सत्तामा पुऱ्याइदिन्छ भन्ने राजनीतिक सुझबुझविहीन अचम्मलाग्दो बच्कना भ्रमले गर्दा एमालेले त्यो स्वर्ण अवसर धमाधम गुमाउँदैछ । एमाले नेतृत्वमा संगठन कुशलता औंधी देखियो, परन्तु क्रान्तिकारी राजनीतिक सुझबुझ ठ्याम्मै देखिएन । एमाले नेतृत्वमा औंधी खटेर, जनताको दैलो दैलोसम्म पुगेर, सार्वजनिक जीवनको हरेक फाँटमा पुगेर, भूइँतहसम्म जनतालाई संगठित गर्ने क्रियाशीलता अरू सबैको तुलनामा अतुलनीय देखियो, तर तिनै आफैंद्वारा संगठित जनतामाथि उनीहरूको सामाजिक जागरण र जाग्रत विद्रोहमाथि भरोसा गरेर जनमुखी र समाजवादमुखी राजनीति चरित्र ठ्याम्मै देखिएन ।

परिणाम के भइरहेछ भने नेपालमा यतिबेला नेतृत्वको शून्यता सृजना भइरहेछ । जनविश्वास माओवादीप्रति पनि टुट्दैछ, एमालेप्रति पनि टुट्दैछ, तेस्रो भरोसालायक वैकल्पिक वाम नेतृत्व मैदानमा निक्लिसकेको छैन । नेतृत्वको यो भ्याकूमको थोरै फाइदा कांग्रेस संस्थापन पक्षले लिन सकिरहेको छ । तर उसले पनि आफ्नो कालो दक्षिणपन्थी विगत इतिहासले गर्दा- त्यति ज्यादा सफलता हासिल गर्न सकिरहेको छैन । यो भ्याकूम लामो समय स्थिर बस्नेवाला छैन । प्रतिगामी शक्तिहरू योजनावद्ध रूपमा त्यो भ्याकूममा आफू स्थापित हुन प्रयत्न गर्दैछन् ।

## संभावना र बाटाहरू

ठीक यही अन्यौलपूर्ण परिस्थितिमा देश आमचुनावतिर उन्मुख भइरहेछ । प्रतिगामी शक्तिका लागि चुनाव हुनै नसक्ने स्थिति सृजना हुँदा पनि फाइदै छ, केवल सदरमुकाममा मात्र बूथ राखेर सारा मतदाताका सट्टामा अरू कसैले फर्जी भोट खसाल्ने स्थिति हुँदा पनि फाइदै छ । परन्तु ती दुईमध्ये कुनै स्थिति हुँदा पनि देश, जनता र प्रजातन्त्रका पक्षधर शक्तिका लागि फाइदा हुनसक्छ ? – कदापि हुँदैन । त्यो फाइदा हुँदैन भने फाइदा कसरी हुनसक्छ ?

अहिलेको शक्ति सन्तुलनमा एमाले, माओवादी र कांग्रेस संस्थापन पक्षले विगतका आ-आफ्ना महाभूलहरू स्वीकारेर र त्रुटीपूर्ण चिन्तनहरू सच्याएर अन्य वामहरूलाई पनि प्रतिगमनका विरूद्ध गोलबन्द गरेर अग्रगमनका लागि न्यूनतम साझा समझदारी बनाएर चुनावमा जान सकेमा मात्र अहिलेको नेतृत्वशून्यताको स्थितिमा फेरि पनि भरोसा गर्न लायकको वैकल्पिक नेतृत्व सृजना गर्न सकिन्छ । प्रतिगमनतिर उन्मुख हुन लागेको देशलाई अग्रगमनतिर डोऱ्याउन सकिन्छ ।

यसो गर्नको निम्ति माओवादीका लागि यतिखेर मैदानमा आउन सम्भवै छैन । अनि कसरी ऐक्यवद्धता सृजना हुन संभव छ त ? यो प्रश्न उठ्नु संभव छ र प्रश्न जायज पनि छ ।

यतिबेला एमाले, कांग्रेस संस्थापन पक्ष र अन्य जुझारू वामशक्तिले यसको निम्ति संयुक्त पहल गर्न सक्छन् । मौजूदा हालतमा माओवादीले चुनावलाई 'ध्वस्त' गर्ने र चुनाव बहिष्कार गरेर यो सम्पन्न नै हुन नदिने नीति अगाडि सारिरहेको छ । अहिले वर्षा लागेको हुनाले छापामारहरूको निम्ति अनुकूल, सेनाको लागि प्रतिकूल यो समयलाई माओवादीले आफ्नो आक्रमक गतिविधि अरू ज्यादा तीव्र र व्यापक पार्न लगाउने संभावना टड्कारो छ । यो नीति यथावत् रहेमा सबैभन्दा हानी हुने चुनावी पार्टीहरूलाई नै हो । परन्तु एउटा खास स्थितिमा माओवादीले आफ्नो यो नीतिमा पुनर्विचार र फेरबदल गर्नसक्छ ।

## त्यो खास स्थिति भनेको के हो ?

माओवादीको सबैभन्दा पछिल्लो नीति-निर्णयअनुसार उनीहरू अझै पनि संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने र त्यसका लागि अन्तरिम सरकारको गठन गर्ने पक्षमा देखिन्छन् । राजनीतिक शक्तिहरूलाई त्यो मंजुर नभएमा उनीहरू अन्तरिम सरकार र त्यसको मातहतमा जनमत संग्रहद्वारा संविधानको कुनै पनि प्रावधान बदल्न सकिने प्रणालीलाई बटमलाइनका रूपमा स्वीकार्न तैयार देखिन्छन् । माओवादीका अध्यक्ष प्रचण्डको पछिल्लो भनाइ छ- "अहिलेको स्थितिमा राजनैतिक समाधानको सबैभन्दा जनतान्त्रिक विधि संविधानसभा र जनमत संग्रहमार्फत् जनसमुदायलाई नै फैसलाको अधिकार प्रदान गर्नु हो । सो प्रयोजनका निमित्त अन्तरिम सरकार अनिवार्य आवश्यकता हो ।" *(हेर्नुहोस्, हालै प्रकाशित प्राज्ञिक संसार २०५८, पृष्ठ- ३)*

कांग्रेस, एमाले र अन्य वाम तथा प्रजातान्त्रिक शक्तिहरू एकतावद्ध भएर चुनावपछि जोसुकै बहुमतमा आए पनि संयुक्त प्रयास गरेर संविधान संशोधनद्वारा यो प्रावधान संविधानमा पारिनेछ र संवैधानिक तवरले नै अन्तरिम सरकार, संविधानसभा वा जनमत संग्रहका लागि बाटो खोलिनेछ भनेर चुनाव अभियानमा सार्वजनिक प्रतिवद्धता देखाएका माओवादीका लागि आगामी चुनावप्रति सकारात्मक दृष्टिकोण बनाउनैपर्ने बाध्यतात्मक स्थिति सृजना हुन संभव छ ।

प्रतिनिधिसभा विघटन हुनुभन्दा ठीक अगाडि संसदका सातवटा दललाई माओवादी नेतृत्वले लेखेको पत्रमा उसले तीनवटा कुरा स्पष्ट पारेको थियो : एक, जनवादी गणतन्त्र होइन, सेनालाई नागरिक सरकार र जनताको मातहतमा ल्याउने र पूँजीवादी प्रजातन्त्रलाई नै पूर्ण बनाउने कुरालाई ऊ यतिखेरको संघर्षको साझा बूँदा बनाउन तैयार छ । दुई, ऊ संविधानसभाको मागभन्दा तल ओर्लन र लचिलो हुन तैयार छ (अर्थात् ऊ जनमत संग्रहको मागमा ओर्लन तैयार छ) र तीन, ऊ संसदका सातैवटा दलसित सहकार्य गरेर पूँजीवादी प्रजातन्त्रलाई पूर्ण बनाउने विधिका सम्बन्धमा सहमति बनाउन तैयार छ । माओवादी नेतृत्व अहिले पनि यही वैचारिक अडानमा यथावत् देखिन्छ ।

चुनावप्रति माओवादीको दृष्टिकोण सकारात्मक बनाउने हो भने के माओवादीले उठाएका ती तीनवटा मूलभूत सवाललाई पहिलेको संसदका ती सातैवटा पार्टीहरूले फेरि पनि साझा सहमतिको बूँदा बनाउन तैयार छन् ? उनीहरूको त्यसमा साझा सहमति बन्छ भने र चुनावी अभियानको दौरानमा ती मुद्दालाई उनीहरू सार्वजनिक

प्रचण्डको पछिल्लो भनाइ छ- "अहिलेको स्थितिमा राजनैतिक समाधानको सबैभन्दा जनतान्त्रिक विधि संविधानसभा र जनमत संग्रहमार्फत् जनसमुदायलाई नै फैसलाको अधिकार प्रदान गर्नु हो ।"



प्रतिवद्धतासहित जनसमक्ष ल्याएर चुनावपछिको संसद र सरकारको कार्यान्वयनको विषय बनाउँछन् भने माओवादीहरूलाई चुनाव 'ध्वस्त' गर्नु नैतिक रूपले असंभव हुन जानेछ । चुनावप्रति उनीहरूको दृष्टिकोण आवश्यकीय रूपमा सकारात्मक हुन कर लाग्नेछ । आफसेआफ माओवादीको चुनावप्रतिको दृष्टिकोण सकारात्मक होस् भनेर बन्द कोठामा प्रार्थना र कामना गरेर दृष्टिकोण स्वतः सकारात्मक हुने संभावना छैन । उनीहरू सकारात्मक हुनैपर्ने स्थिति निर्माण गरेरमात्र त्यसो हुन संभव छ ।

संसदका सातैवटा पार्टीहरू र अन्य वाम तथा प्रजातान्त्रिक शक्तिले नेपालमा तत्काल संकटकाल अन्त्य गरेर नागरिक अधिकार बहाल होस् भन्नाका लागि, गृहयुद्ध बन्द गरेर युद्धविराम होस् भन्नाका लागि र सरकार माओवादीबीच वार्ता होस् भन्नाका लागि यतिखेर एमाले र कांग्रेस संस्थापन पक्ष र अरू वामहरू मिलेर सशक्त संयुक्त दवाब सृजना गर्न नसक्ने स्थिति छैन । परन्तु मूलतः एमालेको ढुलमुलपन, अकर्मण्यता र अन्यौलले गर्दा यसो हुनु संभव भइरहेको छैन । आफ्नो ढुलमुल हटाएर एमालेले यी सवालमा संयुक्त संघर्षका लागि पहलकदमी गरेको खण्डमा सिंगो देश यी मागमा ऊसँग गोलबन्द हुनु संभव देखिन्छ । यसले एमालेप्रति र अझ चुनावप्रति नै माओवादीको दृष्टिकोण सकारात्मक दिशामा बदल्नका लागि तत्कालै रामवाणको भूमिका खेल्नसक्छ । यी तीनवटा माग पूरा भएको खण्डमा देशमा बल्ल स्वतन्त्र र निष्पक्ष चुनावको लागि आवश्यक वातावरण बन्न संभव छ ।

देशमा विदेशी चलखेल र प्रतिगमनमुखी स्थिति अन्त्य गर्नका लागि माओवादीका पनि दायित्वहरू छन् । आफ्ना माथि उल्लेखित महाभूल र बेठीक प्रवृत्तिहरू सार्वजनिक प्रतिवद्धतासहित सच्याएर तत्काल वार्ताको तत्परतासहित एकतर्फी अस्थायी युद्धविराम मात्र घोषणा गरिएको खण्डमा पनि सिंगो देशको माहौल बदलिन्थ्यो र माओवादीप्रतिको जनताको दृष्टिकोण पनि । सेनालाई व्यारेकमा फर्काउन, नागरिक समाजलाई वार्ता र युद्धविरामका पक्षमा सशक्त दबावकारी आवाज उठाउन यसले ठूलो नैतिक बल सृजना गर्थ्यो । ❑



प्र.म. शेरबहादुर देउवा : काठमाण्डौंमा बौद्धिकहरूको भिन्न मतप्रति क्रुद्ध भएर जवाफ दिंदै एक अन्तक्रिया कार्यक्रममा

# कांग्रेस फुट्यो : आखिर किन ?

■ दीपेश उपाध्याय

***अन्ततः*** असारको पहिलो हप्तामा नेपाली कांग्रेस पार्टी औपचारिक रूपमै दुई टुक्रामा विभाजित भएको छ । विभाजनको निम्ति सतहमा देखिने तात्कालीक कारण बनेको छ– प्र.मं. शेरबहादुर देउवबालाई पार्टी सदस्यताबाट तीन वर्षको लागि निष्काशित गरेको घटना । यो घटना संकटकाल थप ६ महिना थप्ने प्रस्ताव संसदबाट फिर्ता गर्नू भन्ने पार्टीको केन्द्रीय कार्यसमितिको निर्देशनलाई ठाडो अवज्ञा गरेर प्र.मं. शेरबहादुर देउवाले पार्टीलाई समेत जानकारी नदिई जेष्ठ ८ गते मध्यरातमा प्रतिनिधि सभा नै विघटन गरीदिएपछि घटेको थियो । पार्टीलाई लत्याएर प्रतिगामी शक्तिहरूसितको मिलेमतोमा संकटकाललाई जसरी पनि थपीछाड्ने दुर्नियतले संकटकाल संसदबाट अनुमोदन गराउनैपर्ने भन्ने संवैधानिक प्रक्रिया छल्न प्रतिनिधि सभा विघटन गरेको र चुनाव हुनै नसक्ने परिस्थितिमा चुनावको घोषणा गरेर संवैधानिक संकट सृजना गरेको गंभीर आरोपमा प्र.मं. देउवालाई पार्टी सदस्यताबाट पहिले निलम्बित र पछि निष्काशित गरिएको थियो । पार्टीको केन्द्रिय अनुशासन समितिबाट जेठ १२ गते भएको यो निर्णयलाई फिर्ता गराउन देउवा समूहले भण्डै तीन हप्ता लामो चौतर्फी प्रयत्न गऱ्यो । मध्यस्थकर्ताहरू पनि निकै चलायमान भए । प्र.मं. देउवाले गरेको गल्ती सकारेमा निष्काशनको निर्णय केन्द्रिय कार्यसमितिको तर्फबाट फिर्ता गरीदिन सभापति गिरिजाप्रसाद कोइराला तयार पनि हुनुभयो । परन्तु देउवा गल्ती सकार्न तयार हुनुभएन ।

गल्ती नस्वीकारी निर्णय बदर गर्न कांग्रेसको संस्थापन पक्ष तयार भएन । यही द्वन्द चरमचुलीमा पुग्नुको फलस्वरूप असारको प्रथम हप्तामा देउवा आफैंले बोलाएको महाधिवेशन प्रतिनिधिहरूको एक भेलालाई बलपूर्वक महाधिवेशनमा रूपान्तरित भएको घोषणा गरेर पार्टी विधान नै संशोधन गर्ने, गिरिजाप्रसाद कोइरालालाई पार्टी सभापतिबाट निष्काशित गरी देउवालाई नयाँ सभापति निर्वाचित गर्ने र भिन्नै केन्द्रिय कार्यसमिति समेत गठन गरेर त्यसलाई निर्वाचन आयोगमा दर्ता गर्ने कार्य गरेपछि कांग्रेस यसरी दुई भागमा विभाजित भएको हो ।

### *कारण र जराहरू :*

कांग्रेसमा फूट २००८ सालमा पनि भएको थियो । प्र.मं. मातृकाप्रसाद कोइरालाको जसरी पनि प्र.मं.को कुर्सीमा टाँसिरहने स्वार्थीसित दर्बारको शक्ति हासिल गर्ने स्वार्थ जोडिनु र कांग्रेस पार्टी त्यसको विरूद्ध खडा हुनु त्यतिखेरको फूटको मुख्य कारण थियो । ५० वर्षपछि अहिले लगभग त्यही

**पोष्टमार्टम : कांग्रेसको फूटको**

कारणले कांग्रेस पार्टीमा अर्को फूट भएको छ, खालि रंगमञ्चका पात्रहरू मात्र बदलिएका छन् । मातृकाको स्थानमा यतिबेला प्र.मं. शेरबहादुर देउवा हुनुहुन्छ ।

सैयौं वर्षदेखि देशको राजनीतिको लगाम हाँकिरहेको दरवार स्वभावतः राजनीतिमा पुनः सक्रिय र शक्तिशाली हुन खोजिरहेको छ । परन्तु असंवैधानिक बाटोबाट सत्र सालमा जस्तो सैनिक 'कू' गर्ने परिस्थिति यतिबेला विद्यमान छैन । त्यसैले, होलसेलमा असंवैधानिक प्रतिगमन संभव नभए पनि संवैधानिक बाटोबाट संवैधानिक पात्रहरू नै पक्डेर अंश-अंशमा प्रतिगमनको प्रयत्न नेपालमा यतिबेला भइरहेछ । त्यस्तो प्रयत्नको निम्ति सबैभन्दा ठूला तगाराहरू भनेका शक्तिशाली संसद र स्थानीय जनप्रतिनिधिमूलक निकायहरू, प्रजातन्त्रवादी ठूला पार्टीहरू र आधारभूत नागरिक अधिकारसहितका जागरूक जनता भइरहेछन् । यी चारैवटालाई या त अस्तित्वहीन या ज्यादै कमजोर पार्ने प्रयत्न लगातार जारी छ– त्यो पनि निर्वाचित सर्वशक्तिमान प्रधानमन्त्रीलाई मुखौटा र चेसको गोटी बनाएर । कांग्रेस पार्टीमा हालैको विभाजन त्यही प्रयत्नको एउटा कडी र अभिव्यक्ति हो ।

प्रतिनिधि सभाको विघटन गराई नै सकिएको छ । साउन १ गते म्याद नथपेर स्थानीय निकायको पनि विघटन गराइएको छ । संसद र स्थानीय निकाय दुवै नभएपछि देशमा प्रजातान्त्रिक राजनीतिक शक्तिको रिक्तता सृजना हुन्छ । त्यसमाथि, संकटकाल थपेर जागरूक जनतालाई र प्रेसलाई आधारभूत नागरिक अधिकारहरू र प्रेस स्वतन्त्रताबाट समेत वंचित गराईदिएपछि विरोधमा बोल्ने कसले ? चलखेल गर्ने को ? जनमत सृजना गर्ने कसले ?

प्रतिगामी शक्तिको यतिखेरको सफलता के हो भने उसले प्रधानमन्त्रीको अन्ध सत्ता-स्वार्थलाई साधन बनाएर एकसाथ संकटकाल थप्ने कि नथप्ने भन्ने विवादको निहुँमा सर्वाधिक ठूलो र शक्तिशाली कांग्रेस पार्टीलाई पनि फुटाएर कमजोर बनाएको छ । यही क्रममा निर्वाचित संसद पनि विघटन गराएको छ र संकटकाल पनि थपेको छ । एउटै गोलीले तीनवटा चराको शिकार खेल्ने काम यसपल्ट भएको छ ।

यस हिसावले कांग्रेस पार्टी नै फुट्ने शर्तमा समेत संकटकाल थप्ने कि नथप्ने भन्ने सवालमा बाहिर सतहमा सिडौरी चाहिँ गिरिजा र देउवाले खेलिरहेको देखिन्छ । परन्तु, भित्र अन्तर्यमा मुख्य लडाइँ चाहिँ एकातिर फेरि शक्तिशाली बन्न प्रयत्नशील दरवार, अर्कोतिर बलवान संसद र प्रजातान्त्रिक संस्थाहरू – यी दुई थरिमध्ये अब को ज्यादा शक्तिशाली र प्रभावशाली बन्ने भन्ने सवालमा भइरहेछ ।

अहिलेको लडाइँमा कांग्रेस सभापति गिरिजाबाट प्रतिगमनको प्रयत्नविरूद्ध सराहनीय भूमिका निर्वाह भएको छ । दरवार र संसदमध्ये को ज्यादा शक्तिशाली हुने भन्ने लडाइँमा उहाँ स्पष्टतः संसदको पक्षमा खडा हुनुभएको छ । हिजो आफू सत्तारूढ छँदाका उहाँका काम र व्यवहारले सृजना गरेको बहुसंख्यक आम जनताले घृणा गर्ने हदको उहाँको फाशिष्ट छवि र निरंकुश प्रवृत्तिलाई आजका यी कामले केही मात्रामा संग्ल्याउने कार्य गरेका छन् । उहाँका अडान र संघर्षहरू यतिबेला निःसंदेह प्रशंसनीय ढंगले २०४६ सालको जन-आन्दोलनका उपलब्धिहरूको रक्षा गर्ने पक्षमा देखिन्छन् । परन्तु, कांग्रेस पार्टीमा फूट पार्न प्रतिगामी तत्व सफल हुनुमा उहाँका विगतका कतिपय महाभूलहरू पनि जिम्मेवार देखिन्छन् । ती महाभूलहरू हुन् –

**अहिलेको लडाइँमा कांग्रेस सभापति गिरिजाबाट प्रतिगमनको प्रयत्नविरूद्ध सराहनीय भूमिका निर्वाह भएको छ । दरवार र संसदमध्ये को ज्यादा शक्तिशाली हुने भन्ने लडाइँमा उहाँ स्पष्टतः संसदको पक्षमा खडा हुनुभएको छ ।**

- कांग्रेस पार्टीभित्रै आफ्नो पारिवारिक कोटरीभन्दा बाहिर बैकल्पिक युवा नेतृत्व विकास हुनै नदिने प्रवृत्ति ।
- कांग्रेस पार्टीभित्रै प्रजातान्त्रिक संस्कृति, पद्धति र वातावरणको अभाव ।
- सत्ताको लागि वामपन्थसित होइन, अति दक्षिणपन्थसित हमेशा घाँटी जोड्ने र जे पनि गर्न तैयार हुने प्रवृत्ति
- र, सामाजिक क्रान्ति, सुधार र परिवर्तनका मामिलामा हमेशा केन्द्रभन्दा दायाँतिर खडा हुने वैचारिक रूझान ।



देउवाको सीमा प्रदीप गिरी, खुमबहादुर र विमलेन्द्र निधिहरूलाई थाहा नभएको पक्कै होइन । परन्तु, उनीहरू किन फेरि पनि देउवासित छन् त ? किनकि, सभापति गिरिजाको अगुवाइमा उनीहरूको अस्तित्व र बैकल्पिक नेतृत्वको रूपमा विकासको लागि कुनै रिक्त स्थान हुने संभावना देखिएन । कोइराला परिवारको कोटरीभन्दा बाहिर कांग्रेसको नेतृत्व स्थानान्तरण हुने संभावना देखिएन । त्यसैले, देउवामा बुद्धिमत्ता, साहस र नैतिकता केही नदेखिए पनि आफ्नो अस्तित्व र विकासको संभावना फेरि पनि त्यहीं छ भनेर थुप्रै प्रदीप गिरीहरूले देउवाको पार्टी फूटमा आँखा चिम्लेर साथ दिइरहेका देखिन्छन् । गणेशमानको बाहुनवादविरोधी संघर्ष सारमा कोइराला परिवारको कोटरीवाद विरोधी संघर्ष थियो । त्यो सारमा वैकल्पिक नेतृत्वको लागि र अवसरको समानताका लागि भएको संघर्ष नै थियो । ठीक त्यस्तै, भट्टराईको युवा पुस्तामा नेतृत्व सुम्पनु पर्छ भन्ने आवाज पनि ।

सत्ताको लागि नैतिक-अनैतिक जे पनि गर्ने र अति दक्षिणपन्थसित समेत घाँटी जोड्ने जुन सत्तान्ध प्रवृत्ति देउवाले अहिले देखाएका छन्, त्यसको व्यवहारिक प्रशिक्षण विगतमा सभापति गिरिजाकै स्कूलमा भएको हो । खुमबहादुर र देउवा दुवै गिरिजाकै स्कूलका विशिष्ट उपज हुन् ।

कांग्रेस पार्टीभित्र अभिव्यक्ति स्वतन्त्रता र आन्तरिक प्रजातन्त्रको माग थुप्रै नरहरि आचार्यहरूले गर्दै आएका हुन् । तर पनि त्यसको सुनवाई नभएर पद र अभिव्यक्ति स्वतन्त्रतामध्येको रोजाइमा पद नै छाडेको घटना सभापति कोइरालाको मातहतमा कांग्रेसमा बारंबार घटेको हो । कांग्रेसको केन्द्रिय कार्यसमितिमा

५० प्रतिशत सदस्य निर्वाचित हुने अर्द्ध-प्रजातान्त्रिक प्रावधान समेत युवा पुस्ताका नेताहरूले लामो समय संघर्ष गरेर पाएका हुन् । अझै पनि कांग्रेसमा केन्द्रिय कार्य समितिका आधा सदस्यहरू सामन्ती ढाँचामा नै सभापतिबाट मनोनीत हुने प्रणाली ज्यूंकात्यूं छ । जबकि 'तानाशाही'को पक्षधर भनेर कांग्रेसबाट खिज्याइने कम्युनिष्ट पार्टीहरूमा शुरूदेखि नै शतप्रतिशत सदस्यहरू नै सम्मेलन र महाधिवेशनबाट प्रजातान्त्रिक ढंगले निर्वाचित हुन्छन् । आन्तरिक प्रजातन्त्रको अभावमा पिल्सिएर थुप्रै प्रतिभावान कांग्रेसीहरू व्यक्तिगत रूपमा समेत गिरिजाविरोधी भएको स्वार्थका निम्ति अति दक्षिणपन्थी र प्रतिगामी हुन समेत तम्तयार भए ।

यी सबै कोणबाट हेर्दा प्रतिगामी तत्वले कांग्रेस पार्टीभित्रका यी विगतका महाभूलहरूले पैदा गरेको कमजोरी, भवाङ-प्वालहरू, आन्तरविरोध र असंतोषहरूलाई सकेसम्म उपयोग गरेर कांग्रेस पार्टीमा फूट पार्न समर्थ भएको हो । देउवाको जसरी पनि प्र.मं. को कुर्सी जोगाउने स्वार्थ, प्रतिगामीहरूको प्रतिगमनको स्वार्थ, युवा नेता कार्यकर्ताहरूमा नेतृत्वले विगतमा गरेका महाभूलहरूले गर्दा ब्याप्त हुन गएको असतुष्टि र अस्तित्वको स्वार्थ एकै ठाउँमा मिसिंदा प्रतिक्रियास्वरूप पार्टीमा फूट पार्ने पक्षमा खडा भए । परन्तु पार्टी फुटे पनि संगठन मूलतः गिरिजाको पक्षमै रहेको देखिएपछि उनीहरू भस्किएका छन् र यसकारण आफ्नो निर्णयमा पुनर्विचार गर्दैछन् कि कतै यसबाट देशमा एमालेको शासन त आउने होइन ?

## *संभावना र असर*

कांग्रेसको फूट कुनै सैद्धान्तिक विवादमा आधारित वैचारिक फूट होइन, यो सारमा कुर्सीस्वार्थ केन्द्रित र प्रतिगामी प्रेरित फूट हो । त्यसैले, यो आवश्यक र जायज फूट होइन । जुन कुर्सी स्वार्थले उनीहरूबीच यतिबेला फूट ल्याएको छ, त्यो कुर्सी नै फूटले गर्दा अन्यत्र जाने संभावना

**'म बाँचुञ्जेल कांग्रेसलाई कुनै हातलमा पनि फुट्न दिन्न' भन्ने कृष्णप्रसाद भट्टराई अहिले केही पनि नबोली चूपचाप बसिरहेको जगजाहेर छ ।**



अत्यन्त प्रबल भयो भने फूट ज्यादै छिटो जूटमा बदलिने संभावना टड्कारो छ । वैचारिक फूट नहुनाकै कारण यो फूट चीरस्थायी हुने संभावना कम छ ।

सबैको आँखा यतिबेला निर्वाचन आयोग र अदालतको फैसलामाथि केन्द्रित छ । चुनाव चिन्ह रूख र चारतारे झण्डा कांग्रेसको संस्थापन पक्षले पायो भने देउवा पक्षलाई फूटलाई धेरै समय थेगिरहन धेरै गाह्रो हुनेछ । त्यस्तै, अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने फैसला गऱ्यो भने कांग्रेस पार्टीको मिल्ली कुर्सी स्वार्थले गर्दा नै छिटै हुनु संभव छ, किनभने त्यो स्थितिमा नमिल्नुको मतलब हुनेछ- कांग्रेसको बहुमत हुंदाहुंदै एमालेले सरकार बनाउनु ।

जताततै प्रतिगामी शक्तिको प्रभाव हावी भइरहेको बेलामा प्रचलित कानून र संविधान बमोजिम मात्र फैसला हुनसक्छ भनेर धारणा बनाउनु मूर्खता हुनेछ । निर्णय अन्यथा पनि हुनसक्छ । त्यो स्थितिमा फूट दीगो वा दीर्घकालीन पनि हुनसक्ने संभावना छ ।

चारतारे झण्डा र रूख कथंकदाचित संस्थापन पक्षले पाएन भने ऊ तुरून्तै सडक संघर्षमा जाने र चुनाव बहिष्कार गर्ने संभावना छ भनेर यसका प्रवक्ताहरूले अहिले नै भन्न थालिसकेको स्थिति छ । अस्तित्वको लागि ऊसित अर्को विकल्प पनि देखिँदैन । कांग्रेस सडक संघर्षमा गयो भने- प्रतिगमनकै विरूद्धमा प्रजातन्त्र खतरामा परेकै ब्यानर बोकेर जाने लगभग निश्चित छ । त्यो स्थितिमा जुझारू वाम शक्तिहरू सबैले गिरिजा कांग्रेसलाई नै साथ दिने संभावना ज्यादा छ । सबै सडकमा उत्रँदा एमाले एक्लै चुनावमा टिकिरहनु धेरै लाजमर्दो र गाह्रो कुरा हुनेछ । उसको लागि मुख्य कुरा हुनेछ- माओवादी कुन पक्षमा उभिन्छ भन्ने कुरा । माओवादीले त्यो स्थितिमा एमालेलाई साथ दिनु लगभग असंभव छ ।

अहिलेको फूटमा केन्द्रीय कार्यसमितिको अत्यधिक बहुमत कांग्रेस संस्थापन पक्षसितै देखिन्छ । ३६ जनाको केन्द्रीय कार्यसमितिमा देउवा पक्षमा केवल ६ जना मात्रै छन् । भूइँ तहको संगठनमा देउवाको पकड ज्यादै कमजोर देखिन्छ । त्यसैले सांगठनिक हिसाबले देउवा कांग्रेसको फूटले मूल कांग्रेसलाई त्यति धेरै प्रभाव पार्ने देखिंदैन ।

त्यसमाथि थप, 'म बाँचुञ्जेल कांग्रेसलाई कुनै हातलमा पनि फुट्न दिन्न' भन्ने कृष्णप्रसाद भट्टराई अहिले केही पनि नबोली चूपचाप बसिरहेको जगजाहेर छ । लाखौं अपमान आफूले सहेर पनि कांग्रेसलाई जोडिराख्ने क्षमता र विगत इतिहास भट्टराईसित विद्यमान छ ।

त्यसैले, 'कांग्रेस फुटिसक्यो, अब मेरो चुनाव जित्ने र शासन गर्ने पालो' भनेर एमाले ढुक्क भएर जुँगा नमुसारे हुन्छ । कांग्रेस औपचारिक रूपमा फुटिसकेको त हो, तर तत्काल नजोडिने गरी टुक्रिसकेको अझै छैन । ☐

र स्वतन्त्रताको निम्ति पार्टी फूटको चाहना राख्ने भएको हुनुपर्छ ।

अर्को, गिरिजाले आफूले हुर्काएका तमाम कार्यकर्ताहरूलाई प्रजातान्त्रिक क्रान्ति र आमूल परिवर्तनको पक्षमा केन्द्रभन्दा बायाँतिर होइन, प्रतिक्रिया र यथास्थितिको पक्षमा केन्द्रभन्दा दायाँतिर उभिन हमेशा प्रशिक्षित गर्नुभयो । पोहोर साउनमै मात्र पनि देउवाको कथित 'क्रान्तिकारी भूमिसुधार'लाई गर्भमै तुहाएर फेल खाउने काम उहाँबाटै भएको जगजाहेर छ । भइदियो के भने, उहाँले नै प्रतिक्रियावादी दक्षिणपन्थी र यथास्थितिवादी बन्न प्रशिक्षित गरेका देउवा, खुमबहादुर जस्ता कार्यकर्ताहरू अहिले आएर सत्ता संभव भएको हो ।

यसअघि कांग्रेसको पार्टी फूट विदेशीहरूले पनि टालीदिने गर्थे, परन्तु यसपटक त्यस्तो देखिएन । अमेरिकी, युरोपेली र जापानीहरू सबै सभापति गिरिजाको विरूद्ध देउवाको पक्षमा खुलेआम खडा भएको देखिए । सिर्फ भारतीहरूको मात्र द्वैत-व्यवहार देखियो । भारतपरस्त भएको आधारमा र विगत १२ वर्षमा भ्रष्टाचार र कुशासन चरमचुलीमा पुऱ्याएर संसदीय व्यवस्था नै फेल खाउने र माओवादी बढाउने गिरिजा नै हो भन्ने आधारमा पश्चिमेलीहरू गिरिजालाई अब कुनै पनि हालतमा सत्तामा नल्याउने पक्षमा देखिए । उनीहरू सत्तामा देउवाको हात मजबूत



# पोष्टमार्टम : काङ्ग्रेसको फूटको

■ राजेन्द्र दाहाल









शैलजा आचार्य   रामचन्द्र पौडेल   रामशरण महत

*- आफू "विधिवत्" पार्टी सभापति भएको दुई सातापछि प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली काङ्ग्रेसमा उत्पन्न पछिल्लो कलहको स्थितिलाई "चेञ्ज अफ गार्ड" को संज्ञा दिनुभयो ।*

*- विद्रोही समूहका प्रमुख हस्ती खुमबहादुर खड्काले विराटनगरमा कोइराला निवास नजिकै उभिएर भन्नुभयो, "शैलजा या रामचन्द्रमध्ये कसैलाई पार्टीको नेतृत्व सुम्पिन गिरिजाबाबु तयार भए, काङ्ग्रेस फेरि एकजुट हुनसक्छ ।"*

- विद्रोहका निम्ति प्रम देउवाको आँट र शक्तिको स्रोत ठानिनुहुने विजय गच्छदारले पार्टी विभाजन भएको तीन सातापछि, गिरिजाप्रसाद कोइरालाले प्रम देउवामाथिको कार्वाही फिर्ता लिए पार्टी फेरि पनि एकजुट हुनसक्ने सम्भावना देखाउनुभयो ।"

यी भनाइहरूले काङ्ग्रेसको अहिलेको खिचलो, वर्षौंदेखि चल्दै आएको नेतृत्व हस्तान्तरण या पुस्तान्तरण सम्बन्धी द्वन्द्वकै निरन्तरता हो, नयाँ वा भिन्न होइन भन्ने देखाइरहेका छन् । तत्काल 'महाधिवेशन' गरी नयाँ पार्टी सभापति घोषणा गर्नेसम्मका अल्पमत पक्षका काम-कार्वाहीहरू, मूलतः साधारण सदस्यबाट प्रम देउवाको निष्काशन फिर्ता लिन पार्टीको बहुमत या संस्थापन पक्षलाई दबाब दिनका लागि मञ्चन भइरहेका हुन् भन्ने सङ्केत नै बढी आइरहेका छन् । यसर्थ, विभाजनकै स्थितिमा पुगेको देखिए तापनि, काङ्ग्रेसको अहिलेको फूट र कलहलाई अन्तिम र निर्णायक मानिहाल्न मिल्दैन, हालका विभाजन-प्रक्रियाहरू दिगो हुनसक्ने सम्भावनाहरू धेरै देखिइरहेका छैनन् । काङ्ग्रेस र कलह आफैंमा अन्योन्याश्रित स्वभाव हुन् भन्ने तथ्यलाई यसको विगतले धेरैपटक पुष्टि पनि गरेको छ । विगतमा जस्तै, यसपटक पनि फूट र झगडाको निहुँ र बीउ नेतृत्व कसले हत्याउने भन्ने नै हो । संस्थापन र विद्रोही काङ्ग्रेसीहरूमा सिद्धान्त, नीति र कार्यक्रमबारे शतप्रतिशत मतैक्यता नहुनसक्छ, तर उनीहरू त्यस्ता विषयलाई निहुँ बनाएर झगडा गर्न सक्दैनन्, आजसम्म गरेका छैनन् ।

## इतिहास, पुस्ता र धार

केही टाढाबाट हेर्दा, काङ्ग्रेस एउटा रूख जस्तो देखिन्छ । मतदाता सामु त काङ्ग्रेसलाई सधैं एउटा रूखले नै प्रतिनिधित्व पनि गरेको छ । तर, काङ्ग्रेसलाई नजिकबाट नियाल्दा सिङ्गो रूख हैन, बाँसको झाँग झैं देखिन्छ । बाँच्न, हुर्किन आवश्यक पर्ने घाम, पानी, मल, माटो आदि सबै साझा, परिचय सामूहिक, तर हरेकको अलग अस्तित्व !

काङ्ग्रेसमा, कम्तीमा दुईवटा 'धार' काङ्ग्रेस जत्तिकै पुराना हुन् । २००७ सालमा पहिलो पटक सत्तामा पुग्ने बित्तिकै दुई धारबीचको द्वन्द्व सतहमा आयो । मातृकाप्रसाद कोइराला काङ्ग्रेसबाट अलग भए, तर 'सन्तुष्ट र असन्तुष्ट', 'बहुमत र अल्पमत', 'संस्थापन र बाहिरिया' या 'सङ्घर्षवादी र समर्पणवादी' आदि नाउँमा







चिरञ्जीवी वाग्ले   खुमबहादुर खड्का   प्रदीप गिरी

दुई वटा धार समानान्तर रूपमा आजपर्यन्त जीवित छन् । संस्थापन या बलियो पक्षमाथि प्रायः कोइरालाहरूको पकड रहँदै आएको छ भने वैकल्पिक धारलाई संरक्षण दिने काम सुवर्ण शमशेर, सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईहरूबाट भएको छ ।

२०५१ को मध्यावधि निर्वाचनमा काङ्ग्रेसले पराजयको नयाँ अनुभव गर्‍यो । त्यही चुनाव परिणामले, काङ्ग्रेस संसदीय दलको नेतृत्व पहिलो पटक, २००७ सालपछिको पुस्तामा सारिदियो, त्यो पनि 'कोइराला' भन्दा भिन्न धारमा हुर्किएका शेरबहादुर देउवामा । कोइरालालाई पुस्तान्तरणका लागि दबाब दिनुको एउटा प्रमुख कारण नेतृत्व पुनः आफूमा फर्कने सम्भावना नदेख्नु पनि थियो । भट्टराईको माग 'युवा' हरूले नै उठाउन थालेपछि, कोइरालालाई आफूमाथि साँच्चै सङ्कट आउन लागेको महसूस भएको हुनसक्छ । परिणामतः करीब चार वर्षअघि कोइराला र भट्टराईबीच गोदावरी सम्झौता भयो, जसले भट्टराईलाई वीरगञ्जबाट जीवनमा पहिलो पटक चुनावी विजय दिलायो, साथै प्रधानमन्त्रीको कुर्सी पनि हात लाग्यो ।

तर कोइरालाको दबाबले भट्टराईलाई ९ महिनामै सत्ताबाट अपमानजनक शैलीमा बाहिर्‍यायो ।

वास्तवमा,- देउवा, चीरञ्जीवी आदिमा कोइरालाप्रति आजको अपमानजनक व्यवहार गर्ने आँट भट्टराई-निष्कासनको डेढ वर्षअघिको त्यही घटनाले दिएको हो । आफ्ना ६० वर्षदेखिका सहयात्री कोइरालाले आज भोगिरहेको सङ्कटप्रति भट्टराईको मुखबाट सहानुभूतिका एक शब्द पनि नचुहिनुमा त्यही अपमानको पीडाले काम गरेको हुनसक्छ । वृद्ध नेता भट्टराईको खुला समर्थन देउवाहरूलाई अहिले पनि प्राप्त छैन । तर भट्टराईको मौन तटस्थता निरर्थक हुनसक्दैन । दुवै पक्ष अन्ततः 'कुरो मिलाइदिन' आफूकहाँ आइपुग्ने विश्वास भट्टराईलाई छ । त्यस्तो स्थिति स्वतः पैदा भएन भने, आफैं पहल गरेर भए पनि कोइराला र देउवाहरूबीच मध्यस्थ बन्ने अवसर भट्टराईद्वारा नै सिर्जना हुन सक्छ । रोगका कारण समेत जीवनको असक्त अवस्थामा प्रवेश गरिसकेका भट्टराईमा, फुटिसकेको पार्टी फेरि जुटाई दिँदाको आनन्द लिने चाहना अहिले अरू बढेको हुनुपर्छ ।

## कोइरालाको कठिनाई

हुन त, सत्ताको भोक आफैं कसैमा पनि मेटिँदैन । बाध्यता र परिस्थितिले नै कुनै व्यक्तिको सत्तामोह घटाइदिने हो । पार्टीभित्रबाट निरन्तर बढ्दै गएको दबाब, असहयोग र असफलताहरूले गिरिजाप्रसाद कोइरालामा पनि नेतृत्व त्याग्ने वा युवा पुस्तालाई सुम्पने सोचाइ पलाउन थालेको हुनसक्छ । उहाँका निकटवर्तीहरूले केयौंपटक त्यस्तो सङ्केत पाएको दाबी पनि गर्ने गरेका छन् । तर भट्टराईभन्दा वयोवृद्ध कोइराला सबै खालका अपमान, चुनौती र दिक्दारी पिउँदै मात्र आइरहनुभएको छ, नेतृत्व हस्तान्तरण गर्ने आश्वासनसम्म पनि खुला रूपमा दिइरहनुभएको छैन । किन ? किनभने, उहाँले आफ्नो रोजाइको उत्तराधिकारी तयार पार्नसक्नुभएन । दबाब तीव्र नहुँदासम्म कोइरालाले उत्तराधिकारीकाबारे सोच्दै नसोचेको देखिन्छ । अथवा उहाँले हिजो उत्तराधिकारीका रूपमा रोजेर 'ग्रुम' गरेका व्यक्तिहरू आज उहाँकै मापदण्डमा नालायक साबित भएका छन्, या उहाँको साथ छोडेर अर्को धारतर्फ लागेका हुनसक्छन् ।

फोटोहरू सौजन्य : हिमाल पाक्षिक







*शेरबहादुर देउवाले बोलाएको नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधिहरूको भेलालाई नै महाधिवेशनमा परिणत गरिएको थियो*

चुनाव हारेको नौ महिनापछि नै काङ्ग्रेस फेरि सत्तामा पुग्छ भन्ने लागेको भए पहिलो धारले त्यतिबेला संसदीय दलको नेतामा गिरिजाप्रसाद कोइरालालाई नै, नभए शैलजा, खुमबहादुर आदिलाई अघि सार्न खोज्ने थियो होला । पार्टी अल्पमतमा हुँदाहुँदै पनि कोइराला र भट्टराईजस्ता दुई शीर्ष नेताहरूलाई बाहिर राखेर देउवा डेढ वर्ष प्रधानमन्त्री पदमा रहिदिएका कारण, पार्टी र सरकारको नेतृत्व दाबी गर्न काङ्ग्रेसको दोस्रो, तेस्रो पुस्ताको धक फुक्यो, आत्मबल बढ्यो । त्यसअघिसम्म कृष्णप्रसाद भट्टराईले मात्र उठाउने गरेको पुस्तान्तरणको माग अब देउवा लगायतका कथित 'युवा' हरूले आफैं गर्न थाले ।

यथार्थमा, दुई दशक पार्टी सभापति चलाएर पनि, जीवनमा एउटै चुनाव जित्न नसकेका भट्टराईले



**वृद्ध नेता भट्टराईको खुला समर्थन देउवाहरुलाई अहिले पनि प्राप्त छैन । तर भट्टराईको मौन तटस्थता निरर्थक हुनसक्दैन ।**

सकेसम्म आफ्नो परिवारभित्रैबाट उत्तराधिकारी खोज्नुपर्ने कोइरालाको थप बाध्यता हो । तर त्यस्ता भरपर्दा र सक्षम उत्तराधिकारी परिवारभित्र देखा नपर्नु वा आफूले 'ग्रुम' गर्न नसक्नु कोइरालाका निम्ति अहिलेको घडीमा 'एउटा ठूलो पीडाको विषय बनेको हुनसक्छ । उहाँको पछिल्लो आकांक्षा छोरी सुजातालाई नेतृत्वमै पुऱ्याउन नसके पनि नेतृत्वको पङ्क्तिमा स्थापित गर्ने रहेको बुझिन्छ । तर त्यसनिम्ति धेरै ढिलाइ भएको छ । २०४८ तिर जतिबेला सुजाताले राजनीतिमा प्रवेश गर्ने पहल गरेकी थिइन्, त्यतिबेलादेखि नै उनलाई 'ग्रुम' हुन दिएको भए, कोइराला र उहाँको परिवारका निम्ति आजको सङ्कट शायद यति दुरूह हुनेथिएन ।

काङ्ग्रेसमा अप्रकट रूपमा रहेको अर्को किसिमको धार पनि छ, प्रवासमा बसेर पञ्चायतकालमा सशस्त्र आदि सङ्घर्ष गरेकाहरू आफूलाई पार्टी जीवन्त राख्ने मूल धार ठान्छन् भने स्वदेशमै जेल बसेर वा अन्य शान्तिपूर्ण माध्यमबाट प्रजातन्त्रको निम्ति लडेकाहरू आफूलाई बढी योग्य, राष्ट्रवादी र उदार एवं व्यवहारिक ठान्छन् । पहिलो धारका दोस्रो पुस्ताका नेताहरू स्वाभाविक रूपमा कोइरालासँग नजिक थिए भने 'स्वदेशी उत्पादन' हरू भट्टराईसँग । अपवाद दुवैतर्फ थिए । शैलजा आचार्य, सुशील कोइराला, भीमबहादुर तामाङजस्ता प्रवासमा बसेकाहरू काङ्ग्रेसको आधिकारिकता आफूमा बढी भएको ठान्छन् र पार्टीको परम्परागत मान्यताप्रति आफूलाई बढी प्रतिबद्ध मान्छन् । उनीहरूलाई आफ्नो रगतमा काङ्ग्रेस बढी बाक्लोसँग घोलिएको लाग्छ । शैलजा आचार्यको 'व्यावहारिक क्षमता' र देउवाको 'सैद्धान्तिक प्रतिबद्धता'मा काङ्ग्रेसहरूले नै प्रश्नचिह्न लगाउने एउटा आधार यही हो । 'प्रवासकी उत्पादन' शैलजा सिद्धान्तनिष्ठ त मानिन्छिन्, तर देउवाको 'व्यवहार कुशलता'ले उनलाई असान्दर्भिक तुल्याउँदै लगेको छ । तथापि, विगत १२ वर्षको सत्ताभोगबाट शैलजा जस्ता केही अपवादलाई छोडेर, 'सिद्धान्तनिष्ठ प्रवासी' र 'व्यावहारिक स्वदेशी' दुवै धारका 'युवा नेता'हरू बदनाम चाहिँ उत्तिकै भएका छन् । कोइरालाले 'नेता' बनाएका खुमबहादुर, विजय गच्छदारहरू अर्को धारतर्फ सर्नुको र अहिले अर्को पार्टी समेत गठन गरेर कोइरालालाई सिधा सिधा चुनौती दिनुको एउटा कारण, भविष्यमा पनि काङ्ग्रेसको नेतृत्व 'कोइराला परिवार'बाट बाहिर आउन सक्ने सम्भावना नदेख्नु हो भने, अर्को कारण, कोइरालाको छत्रछायाँमा रहेर आर्जन गर्न सकेको सम्पत्ति र साङ्गठनिक आधारले प्रदान गरेको आत्मबल हो ।

### भोलिका सम्भावना

गत जेठमा प्रधानमन्त्री देउवा काङ्ग्रेसको साधारण सदस्यताबाट निलम्बित हुनु (जेठ) भन्दा अगाडिको स्थिति सम्झने हो भने त्यो पार्टीमा उब्जिएको विभाजन र विग्रह अलिकति पनि अनौठो या अप्रत्याशित लाग्दैन । बरू छुट्टै महाधिवेशन समेत गरेर आफ्नो बाटो तय गरेको विद्रोही काङ्ग्रेसमा त्यसपछि देखिएको शिथिलता र कार्यकर्ताको उदासीनता धेरैका लागि आश्चर्यको विषय भएको छ । एकै ठाउँमा मिलेर बस्न र काम गर्न नसक्ने साबित भइसकेको काङ्ग्रेस बरू विधिवत् फुट्दा, १२ वर्षदेखि एकै ठाउँमा रूमल्लिएको देशको राजनीतिले निकास फेला पार्ला भन्ने सोचन थालिएको थियो । देशमा नयाँ खालको राजनीतिक संस्कृति निर्माण र ध्रुवीकरणको निम्ति काङ्ग्रेसको विभाजन एउटा अवसर बन्न सक्ने अपेक्षा पनि पैदा हुँदैथियो । तर, नितान्त व्यक्तिगत र अराजनीतिक ढङ्गबाट फुट्न खोजेका कारण त्यस्तो सदाकांक्षा पूरा हुने सम्भावना देखिन छोडेको छ । काङ्ग्रेसको सिद्धान्तहीन विभाजन देशका निम्ति औचित्यहीन भएजस्तै सिद्धान्तहीन गठजोड वा मेलबाट पनि मुलुक र समाजलाई कुनै लाभ पुग्दैन ।

प्रधानमन्त्री देउवाको भनाइमा उहाँहरूको विद्रोहको मूल उद्देश्य 'चेन्ज अफ गार्ड' या नेतृत्वको पुस्तान्तरणका लागि हो । विद्रोहको औचित्य पुष्टि गर्ने योभन्दा पत्यारिलो र बलियो तर्क त्यो समूहबाट आएको पनि छैन । त्यसैले, धेरैका मनमा प्रश्न उठिरहेका छन्, के त्यतिकै निम्ति यति कठोर र आत्मविनाशकारी कदम चाल्नु जरूरी थियो त ? किनभने पार्टीको विधानले नै ८१ वर्ष टेकेका गिरिजाप्रसादलाई अरू दुई वर्षन्दा बढी समय सभापति पदमा रहन दिने थिएन । तर, यस्ता प्रश्नहरूको तर्कसङ्गत जवाफ प्रधानमन्त्री देउवा र उहाँको टीमले दिन सकिरहेको छैन । 'विधिवत्' पार्टी कब्जा गरेको हप्ता दिन नबित्दै देउवापछिका वरिष्ठ नेताको हैसियतमा रहनुभएका चिरञ्जीवी वाग्लेले 'काङ्ग्रेस विभाजनमा एमालेको हात रहेको दाबी गर्नुभयो । यसो भन्दा उहाँले 'पार्टी फुटेको छैन, त्यसको नेतृत्व मात्र बदलिएको हो' भन्ने आफ्नो आधिकारिक कथन मात्र बिर्सनु भएन, आफूहरू बाह्य शक्तिबाट प्रभावित भएको वा हुने गरेको सङ्केत दिनुभयो ।

सङ्कटकाल लम्ब्याउने सवालमा प्रधानमन्त्री देउवाले जेठको पहिलो साता सार्वजनिक रूपमा प्रकट गर्नुभएका परस्पर विरोधी विचार र हठात संसद भङ्ग गर्ने उहाँको कदमलाई कसैले पनि स्वाभाविक रूपमा लिनसक्ने ठाउँ थिएन । 'संसद विघटन किन' ? भन्ने आम जिज्ञासाको चित्तबुझ्दो जवाफ प्रधानमन्त्रीका तर्फबाट आजसम्म पनि बाहिर आएका छैनन् । यसले गर्दा काङ्ग्रेस विभाजन गर्नेसम्मका प्रधानमन्त्रीका कदम कसैलाई अप्राकृतिक र बाह्यशक्तिबाट अभिप्रेरित लाग्नु अनौठो हुँदैन । कथित बानेश्वर महाधिवेशनको लगत्तै विद्रोही समूहमा देखापरेको अन्यौल (यो वा त्यो गरे पार्टी एकता हुन्छ भन्ने जस्ता कुरा)ले पनि तिनका दुई साता अघिका कदमहरू आवेश, उत्तेजना र कसैको उक्साहटमा भएको अनुमान गर्न मद्दत पुऱ्याउँछन् ।

काङ्ग्रेसको आन्तरिक शक्ति सन्तुलनमा विशेषगरी अमेरिका, बेलायत र भारतका कूटनीतिक वृत्तले दर्शाएको अस्वाभाविक चासो तथा 'हामीलाई विदेशीहरूको पूर्ण समर्थन प्राप्त छ' भन्ने प्रधानमन्त्री देउवा र उहाँका सहयोगीहरूका कथनले, काङ्ग्रेसको यस पटकको कलहमा बाह्यशक्तिको भूमिका निकै हदसम्म निर्णायक भएको अनुमान गर्न कठिन छैन । अमेरिकीहरूले गिरिजाप्रसाद कोइरालाप्रतिको आफ्नो वितृष्णा खुला रूपमै प्रकट गर्ने गरेका छन् । भारतीय अधिकारीहरूले कोइरालाभन्दा देउवालाई 'उपयुक्त' ठानेको सन्देश बारम्बार दिँदै आएका छन् । कोइरालाको भ्रमणको व्यवस्था गर्न केही महिनाअघि दिल्ली पुगेका कोइरालाका एक सहयोगीलाई प्रधानमन्त्री बाजपेयीका सल्लाहकार ब्रजेश मिश्रले 'देउवाको ज्यादा तंग मत किजिए' भन्ने सन्देश दिएर फर्काएका थिए । त्यसपछि, राजनीतिक च्यानलमार्फत् कोइरालाको दिल्ली भ्रमण संभव भएको, उहाँका निकटवर्तीहरू बताउँछन् । दरबार र कोइरालाबीचको सम्बन्ध तीतो भएको प्रमाण त गत वर्ष होलेरीको घटना र त्यसपछि कोइरालाको बाध्यात्मक राजिनामाले दर्शाइसकेको थियो ।

कोइराला फेरि सत्तामा नफर्कून् भन्ने पक्षमा शक्ति राष्ट्रहरूका



भरपर्दा र सक्षम उत्तराधिकारी परिवारभित्र देखा नपर्नु वा आफूले 'ग्रुम' गर्न नसक्नु कोइरालाका निम्ति अहिलेको घडीमा एउटा ठूलो पीडाको विषय बनेको हुनसक्छ ।

अतिरिक्त विश्व ब्याङ्क जस्ता दातृ संस्थाहरू समेत उभिएका थिए । र, कोइरालाप्रतिको यो चौतर्फी वितृष्णा र उनको नकारात्मक छवि, प्रधानमन्त्री देउवाका लागि 'शक्ति र आँटको स्रोत' बनिरहेको थियो । तर, संसद विघटनपछि भस्किएका विदेशी दाताहरू, 'बानेश्वर महाधिवेशन' गरेर पनि पार्टी कब्जा गर्न देउवा असफल भएपछि विस्तारै तर्सिन थालेका छन् । लण्डन बैठकपछि, दाताहरूबाट प्रधानमन्त्री देउवाले एकपछि अर्को गर्दै निराशाजनक सन्देश मात्रै पाइरहनुभएको छ ।

यी प्रसङ्ग र घटनाक्रमले पनि काङ्ग्रेसको विभाजन प्रक्रिया स्वाभाविक ढङ्गबाट धेरै अगाडि बढ्न नसक्ने कुरालाई नै सङ्केत गर्छन् । विद्रोही काङ्ग्रेसका नेताहरूको जिल्ला भ्रमण धेरै फलदायी र उत्साहजनक भइरहेको छैन, किनभने स्थानीय नेता र कार्यकर्ता पार्टी विभाजनका कुरा सुन्न नै चाहिरहेका छैनन् । त्यसैले सर्वोच्च अदालतबाट २०५२ मा झैं कथं यस पटक पनि संसद पुनर्स्थापित भयो भने काङ्ग्रेसले 'के के-के के गरेर' आफ्नो सत्ता जोगाइ राख्नसक्ने सम्भावना बलियो छ । त्यस्तो सम्भावनालाई किन पनि नकार्न मिल्दैन भने पानी बाराबारसम्मको शत्रुता पालेका काङ्ग्रेसका गुट-उपगुटलाई एकै ठाउँमा बाँधेर राख्ने बलियो डोरी अन्ततः कार्यकर्ताको जमात र सत्ता नै हो । त्यस्तै चुनाव हुने स्थितिमा दुवै काङ्ग्रेस एउटै चिन्ह लिएर मतदाता सामु जाने सम्भावना पनि सकिएको छैन । कथंकदाचित अलग झण्डा र चुनाव चिन्हसहित काङ्ग्रेस फुट्यो नै भने पनि त्यो फुट दिगो नहुने निश्चित छ । किनभने अहिलेको विभाजन सिद्धान्त र मान्यताका दृष्टिले मात्र अमिल्दो छैन, प्रवृत्तिगत हिसाबले पनि अस्वाभाविक छ । समाजवादका कुरा गर्ने रामचन्द्र पौडेल र उदारवादका नेपाली प्रवर्द्धकहरू डा. रामशरण महत एवं महेश आचार्य एउटा डुङ्गामा छन् भने कहिल्यै सत्तामा नपुगेका प्रदीप गिरीदेखि विमलेन्द्र निधिसम्मका व्यक्तित्वहरू १२ वर्षदेखि निरन्तरजसो सत्तामा रहेका खुमबहादुर र विजय गच्छदारहरूको मातहतमा परेका छन् । व्यक्तित्व र क्षेत्रीय सन्तुलनका हिसाबले त अहिलेको विभाजन झनै असङ्गत छ । तनहुँका रामचन्द्र पौडेल र गोविन्दराज जोशी, नुवाकोटका डा. रामशरण महत र अर्जुननरसिंह केसीहरू धेरै दिन सँगसँगै बस्दा अवश्य निस्सासिने छन् ।

काङ्ग्रेस साँच्चिकै विभाजित हुन गाह्रो पार्ने थप आधार, एकतावादीहरू दुवैतर्फ पर्नु र आ-आफ्नो नेतृत्वप्रति पूर्ण विश्वास नहुनु पनि हो । एकताका कुरा गर्दागर्दै पौडेल, भाट र महत कोइराला क्याम्पमा परेका छन् भने देउवाको कार्यशैली र नेतृत्व क्षमताले प्रजातन्त्रको संरक्षण गर्दै पार्टीको बेडा पार लगाउन सक्ला भन्ने पूर्ण विश्वास चिरञ्जीवीदेखि बलबहादुर केसी र पूर्ण खड्काहरूलाई छैन । त्यसैले उनीहरू हरदम वृद्ध नेता भट्टराईलाई अन्तिम आश्रयका रूपमा हेर्छन् । एकतावादीहरू अहिले पनि एकता पुनर्स्थापित गर्ने फर्मुलाहरूको प्रयोग गरी नै रहेका छन् जबकि, फुटाउनमै बल लगाउनेहरू गलिसकेका देखिन्छन् ।

## अर्को पाटो

माथिका सम्पूर्ण विवरण र संभावनाहरू अगाडिबाट हेर्दा देखिने तस्बिरको एउटा पाटोको स्वाभाविक दृश्य मात्र हुन् । संकटकाल, संसद विघटन, पार्टी महाधिवेशन आदि घटनाक्रमहरू कुनै अस्वाभाविक लक्ष्यका निम्ति नियोजित ढंगबाट मञ्चन भएका हुन् भने (जसको आशंका अहिले धेरैलाई भइरहेको छ) कांग्रेस, संसद र समग्र राजनीतिको भावी स्वरूप यहाँ अनुमान गरिएभन्दा लगभग उल्टो हुनेछ । काङग्रेसको नेतृत्व विवादमा फैसला दिन निर्वाचन आयोगले गरेको अस्वाभाविक ढिलाईदेखि हत्या र आतंकको सिलसिला रोकिने झिनो संकेत पनि नदेखिरहेको बेलामा मध्यावधि चुनाव निष्पक्ष र स्वतन्त्र ढंगबाट गर्ने प्रधानमन्त्रीको सुगा रटाई प्रजातन्त्रको नियतिमाथि शंका नै पैदा गर्ने खालका छन् । वस्तुगत आधारसहित सुरक्षाको प्रत्याभूति गर्न नसक्ने तर चुनाव चाहिँ 'जसरी पनि हुन्छ' भन्ने दावीलाई कसरी पत्याउने ? प्रम देउवामार्फत् घटित राजनीतिक घटनाक्रमहरू अस्वाभाविक हुनसक्ने अर्को संकेत उहाँद्वारा प्रस्तुत आव २०५९/६० को बजेटले दिएको छ । मातृकाप्रसाद कोइरालापछि बजेट पेश गर्ने दोस्रो कांग्रेस प्रधानमन्त्री हुनु भएका देउवाले नागरिक समाज, कतिपय दाता र राजनतिक दलहरूको मान्यता विपरीत सिंगो बजेटलाई सैन्यकरण गर्नुभएको छ । 'सुरक्षाका लागि लगानी' त बजेटको मूलमन्त्र नै बनाइएको छ । माओवादी आतंकको प्रभाव मत्थर पार्न राजनीतिक, सामाजिक र आर्थिक सुधारका उपायहरूलाई लगभग पूरै अस्वीकार गरिएको छ । हिंसा र आतंक नियन्त्रण गर्ने सम्पूर्ण जिम्मेवारी सुरक्षा फौजको काँधमा हालिएको छ । तर किन ? अन्य उपाय र कार्यक्रमहरूविना दमनद्वारा मात्र समाज पूर्वावस्थामा फर्कन असम्भव हुन्छ भन्ने बुझ्दाबुझ्दै यस्तो बजेट किन ? एक वर्षपछि परिस्थिति अरू जटिल तुल्याई ०४६ का उपलब्धीहरूको गोडमेल गर्न त हैन ? यो प्रश्नको जवाफ अब प्रधानमन्त्री वा सरकारले दिएर पुग्दैन, घटना र व्यवहारले नै दिनुपर्छ । त्यसैले अझै केही प्रतीक्षा गरौं । ❑

*लेखक 'हिमाल' पाक्षिकका संपादक हुनुहुन्छ*

**वस्तुगत आधारसहित सुरक्षाको प्रत्याभूति गर्न नसक्ने, तर चुनाव चाहिँ 'जसरी पनि हुन्छ' भन्ने दावीलाई कसरी पत्याउने ? प्रम देउवामार्फत् घटित राजनीतिक घटनाक्रमहरू अस्वाभाविक हुनसक्ने अर्को संकेत उहाँद्वारा प्रस्तुत आव २०५९/६० को बजेटले दिएको छ ।**




## हार्दिक समवेदना



*मूल्यांकन* मासिक तथा *नवयुवा* मासिकमा लामो समयसम्म कम्प्युटर विभागका संयोजक रहनुभएका र हाल लेखन-सम्पादनमा सहयोग पुऱ्याइरहनुभएका युवा पत्रकार **चन्द्र खाकी** तथा कम्प्युटर संचालनमा योगदान गर्नुभएका **सहदेव खाकी**का पिता **श्री नरेन्द्रबहादुर खाकी**को यही असार १ गते ७५ वर्षको उमेरमा निधन भएको छ । इलाम नगरपालिका वडा नं.- ६, तिल्केनी निवासी श्री खाकी मुटु तथा फोक्सोसम्बन्धी रोगले पीडित हुनुहुन्थ्यो । उहाँका पत्नी, ५ छोरा तथा २ छोरी हुनुहुन्छ । हामी **स्व. नरेन्द्रबहादुर खाकी**प्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँका परिवारजनहरूप्रति हार्दिक सववेदना प्रकट गर्दछौं ।

***- अन्तर्क्रिया प्रकाशन परिवार***

# कांग्रेसको झगडा खाओवादीहरूको झगडा हो



- दमननाथ ढुङ्गाना

**+ राज्यद्वारा प्रहरी हिरासतमै भएका जघन्य हत्याहरूबारे तपाईंको प्रतिक्रिया के छ ?**

- जेनेभा प्रोटोकलअनुरूप हतियार लिएर लड्न आएका र मुठभेडको स्थितिमा बाहेक कसैलाई मार्न पाईंदैन । हाम्रो संविधानले पनि मृत्युदण्ड निषेध गरेको छ । अर्को कुरा जसले हतियार छोडिसकेको छ र म लड्दिन भन्छ त्यसलाई पनि मार्नु हुँदैन । आफ्नो हिरासतमा लिइसकेकोलाई त हाम्रो संवैधानिक प्रतिवद्धताको कारणले पनि बन्दीको रूपमा सम्पूर्ण मानवीय व्यवहार गर्नुपर्दछ र कानूनबमोजिम उसमाथि जे आरोप हो, त्यससम्बन्धी कामलाई अघि बढाउन उचित विधि प्रक्रियाको सम्पूर्ण हक उसलाई प्रदान गर्नुपर्दछ । उसले कानूनविपरीत काम गऱ्यो कि गरेन भनेर निर्धारण गर्ने सुरक्षाकर्मीले होइन, त्यो अदालतले हो' । अहिले जे जति भइरहेको छ, गलत भइरहेको छ ।

**+ सरकारी ज्यादतीविरूद्ध के गर्न सकिन्छ त ?**

- जबसम्म हामी आफ्नो बौद्धिक समुदाय वा व्यावसायिक समुदायको व्यक्ति मारिएको वा उसमाथि दुर्व्यवहार भएको देख्दैनौं, तबसम्म अरू आम मानिसमाथि भएको त्यस्तै दुर्घटनाबारे मतलब नै राख्दैनौं । सरकारी ज्यादतीविरूद्ध अहिले जुन आवाज आइरहेको छ, त्यस्तो आवाज धेरै अगाडिदेखि नै आउनुपर्ने थियो । अब सबैको आँखा खुल्नुपर्छ र अहिले जे भइरहेको छ त्यो तुरून्त बन्द हुनुपर्छ ।

**+ बन्द हुने उपाय के हो त ?**

- सरकार जनताको आवाज सुन्दैन भने विद्रोहको बीउ रोपिन्छ । अब त्रसित हुने काम छैन । त्यसकारण अब हामीले संगठित हुनुपऱ्यो, अब ऐक्यवद्धताको जरूरी छ । आस्थाको निम्ति बन्दूक नसमातेकालाई सरकारले मार्न पाउँदैन ।

**+ प्रजातान्त्रिक सरकारले पाउँदैन, तर यस्तो सरकारले नि ?**

- त्यस्तो भएपछि यो सरकारसँग जनताको भीडन्त शुरू हुन्छ । मानव अधिकारको नग्न उल्लंघनको यत्रो माहांकाल स्वरूप लिएर आउने सरकार जनताको सरकार हुन सक्दैन ।

**+ स्पष्ट भन्नुस् त, अहिले संकटकालको औचित्य के हो ?**

- संकटकालको औचित्य न अघि थियो, न अहिले छ र न पछि हुनेछ । राज्यले हरेक नागरिकको हकलाई अस्तव्यस्त पार्ने, निलम्बित गर्ने र सबैलाई त्रसित पार्ने काम गर्नु हुँदैन । जसले सरकारसँग हतियार लिएर लड्न आएको छ, तिनीहरूको मात्रै मौलिक हकलाई असर पार्ने र तिनीहरूलाई मात्रै नियन्त्रणमा लिने काम सरकारको हो ।

**+ तर निहत्था नागरिकहरूलाई पनि सरकारले मार्न थालेको छैन र ?**

- त्यो राज्यको ज्यादती हो । जबसम्म हामी राज्यलाई जनताप्रति जवाफदेही बनाउने विन्दुमा पुऱ्याउँदैनौं, तबसम्म यस्तो भइरहन्छ ।

**+ यो सरकार जनताप्रति जवाफदेही नभएकै सरकार हो ?**

- अहिलेका राज्यका प्रतिनिधिहरूले कहिल्यै आफूलाई सार्वभौम जनताका प्रतिनिधि हौं भन्ने सोच्दै सोचेनन् । उनीहरूले आफूलाई जनताका मालिकसरह सोचिरहेका छन् । ०४६ सालसम्म एकथरि मालिकहरूले राज्य गर्थे भने अहिले अर्काथरि मालिकको वर्ग र समूहले राज्य गरिरहेको छ ।

**+ स्वेच्छाचारी गतिविधिलाई अघि बढाउन नै संसद विघटन गरिएको हो भन्ने टिप्पणीहरू अखवारमा आइरहेका छन्, तपाईंलाई त्यस्तो लाग्दैन ?**

- अहिले भएको संसदको विघटन विचाराधीन भएकोले यसमा म बोल्दिन । म यतिमात्रै भन्छु- जसको विचारले राष्ट्र डोऱ्याइन्छ, राष्ट्रका त्यस्ता भविष्य निर्माता अगुवाहरूसमेत मरेको समाचार आइरहेको वेलामा सरकारले स्वेच्छाचारी होइन, जनउत्तरदायी हुनुपर्छ ।

**+ बुद्धिजीवीहरू समेतको हत्याले मुलुकको कुन स्थिति देखाउँछ ?**

- कुनै बेला देगालजस्ता राष्ट्रपतिले पनि भन्थे- 'म जे सोच्छु त्यो फ्रान्स होइन, सार्त्र जे भन्छ फ्रान्स त्यही हो ।' विचारसहितको व्यक्ति भनेको राष्ट्र नै हुन्छ । राष्ट्रलाई नै नव निर्माणको नयाँ लहरमा लगेर राख्न सक्ने, राष्ट्रलाई नयाँ शक्ति प्रदान गर्न सक्ने क्षमता भएका प्रतिभाशाली युवकहरूलाई मार्छौं भने हामी राष्ट्रको भविष्य मारिरहेका हुन्छौं । बीउलाई भुटिदिएपछि त्यसबाट बोट उम्रिदैन । हामी बीउ भुट्ने प्रक्रिया चलाइरहेका छौं । यो अधिनायकवादी प्रवृत्ति हो ।

**+ यो प्रवृत्तिको दूरगामी परिणाम के होला त ?**

- खिमलाल देवकोटालाई हालैमात्र एउटा मानव अधिकारवादीले 'हिरासतमा भेटेर आएँ' भनेर एउटा कार्यक्रममा भन्नुभयो । तर सरकार भने उहाँलाई पक्राउ गरेकै छैन भनेर अदालतलाई जवाफ पठाउँछ । अदालतलाई समेत यसरी ढाँट्छ भने कहाँसम्म पुगिसक्यो यो सरकार ? यसको अर्थ के पनि हो भने सरकार हिरासतमा भएका व्यक्तिहरूलाई यातना दिन चाहन्छ अथवा जीवित छ कि छैन भन्ने आफन्तहरूमा आशंका पैदा गराउन चाहन्छ । यो सम्पूर्ण स्थितिको अन्त्य हुनुपर्छ । सरकारले यतिञ्जेल गरेको नोक्सानीको क्षतिपूर्ति दिनुपर्छ । अनि आइन्दा यस्तो गर्दिन भनेर सार्वजनिक रूपमा माफी माग्नुपर्दछ । होइन भने कलमजीवीहरू विद्रोह गर्नेछन् । कलमजीवीहरूको विद्रोह सरकारले एक दिन पनि धान्न सक्दैन ।

> **आस्थाको निम्ति बन्दूक नसमातेकालाई सरकारले मार्न पाउँदैन**

**+ सरकारले आफूखुसी राज्य चलाउने मनशायले नै संकटकाल लगाएको जस्तो देखिएन र ?**

- संकटकाल भनेको मनपरी गर्ने लाइसेन्स होइन । जो युद्ध गर्न आएको छ, त्यससँग युद्ध गर्नलाई सहज होस् भनेर मात्रै संकटकाल लगाइन्छ । तर अहिले त युद्धमा नआउनेहरूसँग समेत सरकारले युद्ध शुरू गरेको छ । पत्रकार, वकील, शिक्षकहरू- विरूद्ध पनि अहिले सरकार युद्ध शुरू गर्दैछ ।

**+ यस अवस्थामा नागरिक समाजको दायित्व के हो त ?**

- हामीकहाँ नागरिक समाजको संस्कृतिकै न्यूनता छ । नागरिक समाज भनेको कुनै पार्टीको झण्डा लिएर हिंड्ने समाज नभएर एउटा पद्धति र संस्कृतिको उपासक र वाहक हो । त्यस समाजले के भन्न सक्नुपर्छ भने आधुनिक राज्यका सामान्य नियमहरू विपरीत सरकार, प्रहरी र सेना जान सक्दैन । संविधान बमोजिमको विचार र व्यवहारका लागि त्यस समाजले सँधै औंलो ठड्याइरहनुपर्छ । यस्तो क्षमता भएको समाजको स्वतन्त्र व्यक्तिले मात्रै स्वतन्त्रताको रक्षा गर्नसक्छ । तर हामीकहाँ स्वतन्त्र व्यक्तिको संस्कार नै छैन ।

**+ नागरिक समाजलाई कसरी संस्कृतियुक्त बनाउने त ?**

- जनअधिकारको निम्ति निरन्तर संघर्ष गरिरहेका व्यक्तिहरूले नै पहल नगरिकन नागरिक समाज अगाडि बढ्न सक्दैन । हामीकहाँ यस्ता व्यक्तिहरूको सख्त अभाव छ ।

**+ अहिले दुई वटा नेपाली कांग्रेस देखिएका छन् । तपाईं तिनीहरूलाई के भन्नुहुन्छ ?**

- यी दुईटै प्रजातान्त्रिक पार्टी होइनन् । यी दुईटैले जनताको प्रजातान्त्रिक भावनाको प्रतिनिधित्व गर्दैनन् ।

**+ किन गर्दैनन् ?**

- यिनीहरूको मतभेदको सैद्धान्तिक आधार नै छैन । नेपाली कांग्रेसको अहिलेको विभाजनले त जनतालाई झन् धोका दिन्छ । किनभने यो खाओवादीहरूको आन्तरिक झगडा हो ।

**+ यिनीहरू खानकै निम्ति फुटेका हुन् त ?**

- हो । यिनीहरू खानकै निम्ति फुटेका हुन् ।

*☐ प्रस्तुति : गोविन्द वर्तमान*

# राजाको भारत भ्रमणले देखाएका संकेतहरू

■ विनोद ढुंगेल

श्री ५ महाराजाधिराज ज्ञानेन्द्रको राज्यारोहणपछिको पहिलो विदेश भ्रमण पनि श्री ५ त्रिभुवनबाट शुरू गरिएको परम्पराअनुरूप भारतबाटै शुरू भयो । स्वर्गीय श्री ५ वीरेन्द्रबाट सन् १९९३ को जनवरीमा भारतको स्वतन्त्रता दिवसको प्रमुख अतिथिको रूपमा गरिएको भारत भ्रमण र त्यसअघि सन् १९९८ को मे महिनामा भारतीय राष्ट्रपतिले गरेको पछिल्लो नेपाल भ्रमणपछि यस पटक नै नेपालका राष्ट्राध्यक्षबाट भारत भ्रमण भएको हो । गत असार ९ देखि १४ गतेसम्मको सो राजकीय भ्रमण औपचारिक रूपमा राष्ट्राध्यक्षको भ्रमणको रूपमा भव्यताका साथ भएको छ भने कार्यकारिणी प्रमुखको शैलीको सक्रियता र प्रवृत्तिका साथ सम्पन्न भएको पनि देखिएको छ ।

गद्दीनसीन हिन्दू राजाले स्वदेशबाहिर पाइला राख्नु नहुने पुरानो मान्यता त्यागेर श्री ५ त्रिभुवन वि.सं. २००७ सालमा भारत भ्रमणमा गएपछि शुरू भएको नेपाली राजाहरूको विदेश भ्रमणको क्रम श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रबाट पनि भारतबाटै आरम्भ गरिएको परम्पराले निरन्तरता पाउनुमा मात्रै यो भ्रमणको ऐतिहासिकता सीमित छैन । भारतको अन्तिम भ्रमणका क्रममा श्री ५ वीरेन्द्रबाट अभिव्यक्त भएको 'अत्यन्त निकटताका कारण समय-समयमा केही अप्ठ्याराहरू पनि देखिन्छन्, तर त्यसलाई द्विपक्षीय हितका दृष्टिले आपसी अहित नहुने गरी व्यवहार गरिनुपर्छ' भन्ने विचार आज पनि त्यत्तिकै सामयिक छ । कारण-ती 'अप्ठ्याराहरू' हटाउनेतर्फ दुवैतर्फका सरकारहरूबाट इमान्दार प्रयासहरू गरिएकै छैनन् ।

राष्ट्राध्यक्षको तहमा भ्रमण भएको कारणले द्विपक्षीय मामलाका विषयहरूमा बुँदागत छलफल गर्ने र निष्कर्ष निकाल्ने कार्य त यो भ्रमणमा हुने कुरै भएन । भारत भ्रमण पूरा गरेर स्वदेश फिर्ती सवारी भएपछि 'समानता, मैत्री र सद्भावनाका आधारमा एक-अर्काको आकांक्षा र राष्ट्रिय हितको आदर गर्दै आगामी दिनमा नेपाल र भारत दुवै देशबीच निरन्तर सहयोग अभिवृद्धि गर्नमा' भ्रमण सफल भएको विश्वास श्री ५ ज्ञानेन्द्रबाट व्यक्त भएको छ । वास्तवमा हुनुपर्ने पनि 'आपसी आकांक्षा र राष्ट्रिय हितको आदर' नै हो । तसर्थ पनि बदलिएको परिवेशमा नयाँ राजाले गरेको भारत भ्रमण 'नेपाली राजाको पहिलो भारत भ्रमण र भारतीय वर्तमान राष्ट्रपतिको अन्तिम स्वागत'को अभिलेखको रूपमा मात्र इतिहासमा कोरिने विषय बन्दैन ।

नयाँ दिल्लीमा श्री ५ ज्ञानेन्द्र तथा श्री ५ कोमललाई भारतीय रेल राज्यमन्त्री दिग्विजय सिंहको दम्पतीले स्वागत गर्नुलाई कतिपयले नेपाली राष्ट्रनायकको भ्रमणलाई भारतले कम महत्व दिएको रूपमा टिप्पणी गरे पनि भारतीय कूटनीतिका जानकारहरू त्यस्तो ठान्दैनन्, बरू त्यसपछि भारतीय राजनेताहरूले दर्शाएको हार्दिकता र महत्वले श्री ५ ज्ञानेन्द्रलाई नेपाल नरेशको रूपमा अन्तर्राष्ट्रिय जगतमा स्थापित हुनुमा सहयोग पुऱ्याएको ठान्छन् । परन्तु, टाइम्स अफ इण्डियाले भने "निरंकुश राजाका रूपमा भारतको मान्यता हासिल गर्नु श्री ५ को भ्रमणको 'पर्दापछाडि'को उद्देश्य थियो" भनेर आलोचनात्मक टिप्पणी गरेको छ । उता भारतीय राष्ट्रपतिले भने औपचारिक स्वागत सम्बोधनमा 'राजपरिवारले गतिशील बहुदलीय प्रजातन्त्रलाई स्थायित्व प्रदान गर्न सम्वैधानिक मान्यता दिएकाले विश्वबाटै सम्मान आर्जन गरेको छ' भन्ने टिप्पणी जनाएर टाइम्स अफ इण्डियाको त्यो आलोचनाको घुमाउरो जवाफ दिने प्रयत्न गर्नुभएको देखिन्छ । नेपालमा बहुदलीय प्रजातन्त्र आवश्यक छ भन्ने धारणा साउथ ब्लकबाट व्यक्त हुनु, बहुदलीय प्रजातन्त्रलाई संवैधानिक मान्यता प्रदान गरेकोमा भारतले श्री ५ को सहाहना गर्नु र बहुदल तथा राजतन्त्र दुवै आवश्यक देख्नुको अर्थ बहुदलीय प्रजातन्त्र खोसिएमा भारतले सहाहना गर्ने अवस्था रहँदैन भन्ने निस्कन्छ ।

हिन्दुस्तान टाइम्सले 'राजा चलाख व्यापारी रहेको र भारत तथा चीनलाई जुधाएर व्यापार बढाउन चाहेको'मात्र उल्लेख गरेन, शान्ति क्षेत्र प्रस्ताव, गोर्खाल्याण्ड आन्दोलन, २०४५ सालको नेपाल-भारत तनावलाई समेत खोतल्ने काम भ्रमणकै समयमा गऱ्यो र 'गिरिजाप्रसाद कोइरालालाई किनारा लगाई प्रजातन्त्रलाई कमजोर पारेको' पनि उल्लेख गऱ्यो । तर, विदेश मन्त्रालयका प्रवक्ता निरूपमा रावमार्फत् भारत सरकारले त्यो प्रवृत्तिलाई 'प्रत्युत्पादक' भनेर खण्डन गऱ्यो । परन्तु, देशका कार्यकारी प्रमुखको भ्रमणमा गरिने जस्तो राजाबाट भारतका सबैजसो मंत्री र नेताहरूसित भेटवार्ता, भारतीय सरकारी टेलिभिजन च्यानल दूरदर्शनमा श्री ५ को अन्तर्वार्ता प्रसारण, पत्रकारहरूसँग खुला भेटघाट र प्रतिक्रियाजस्ता कारणले राजाको यो भ्रमणले भारतमा वर्तमान राजाको छवि विगतको भन्दा नितान्त भिन्नै पार्न खोजिएको प्रतीत हुन्छ ।

स्मरणीय छ, राष्ट्रपति के.आर.नारायणन, उपराष्ट्रपति कृष्णकान्त, प्रधानमन्त्री अटलविहारी बाजपेयीसँगको भेटघाटका अलावा विपक्षी नेतृ सोनिया गान्धी, गृहमन्त्री लालकृष्ण आडवाणी, रक्षामन्त्री जर्ज फर्नान्डिज, तत्कालीन विदेशमन्त्री (हाल वित्त) जसवन्त सिंह, भारतीय योजना आयोगका उपाध्यक्ष कृष्णचन्द्र पन्त, मानव संशाधन मन्त्री डा. मुरली मनोहर जोशी, पूर्व प्रधानमन्त्रीहरू चन्द्रशेखर, पीभी नरसिंह राव, इन्दरकुमार गुजराल आदिले पनि श्री ५ को दर्शन भेट गरे । यस अलावा उद्यमी, व्यापारी, बुद्धिजीवी, पत्रकार आदिले पनि दर्शन भेट गरे । श्री ५ को समुपस्थितिमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठ र भारतीय उद्योग वाणिज्य महासंघका अध्यक्ष आर एस लोधाले जलविद्युत र पर्यटनको आपसी सहयोगसम्बन्धी दुईवटा बेग्लाबेग्लै कार्यदल गठन गर्नेसम्बन्धी एक सहमति-पत्रमा हस्ताक्षर गर्नुभयो । त्यसअनुसार, तीन महिनाभित्र कार्यदल गठन हुनेछन् र नयाँ व्यापार साझेदारीलाई ठोस रूप दिने कार्ययोजनाको प्रकृया तुरून्त शुरू गरिनेछ । कूटनीतिक दृष्टिले महत्वपूर्ण र व्यापार तथा वाणिज्यको दृष्टिले उपलब्धिपूर्ण भनिएको श्री ५ को पहिलो भारत भ्रमण राजनीतिक र मूलतः 'आतंकवाद नियन्त्रण'को दृष्टिले थप उल्लेखयोग्य हुन पुगेको छ । यस हिसाबले भारत सरकारले पनि संवैधानिक राजाको यो भ्रमणलाई भण्डै भण्डै कार्यकारी प्रमुखको भ्रमणकै दर्जा दिन खोजेको देखिन्छ ।

दक्षिण भारतबाट नयाँ दिल्ली आइपुगेका काञ्ची कामाकोटीका जगत गुरु शंकराचार्य जयन्द्र सरस्वतीका साथ नेपाली राजदूतावासमा राजाको भेट हुनु, शंकराचार्यसँग श्री देवी कामाक्षी मन्दिरमा पूजाअर्चना गर्नु, आसामको गुहाटीस्थित कामाक्षा मन्दिरमा भगवती कामाक्षा देवीको पूजाआर्चना गर्नुजस्ता धार्मिक कार्यहरूलाई हेरेर राजा ज्ञानेन्द्रले विश्वको एक मात्र हिन्दू राजाको रूपमा आफ्नो छवि दिएको र सत्तारूढ हिन्दू कट्टरतावादी भा.ज.पा.सित निकटस्थ हुन खोजेको विश्लेषण गर्न सकिन्छ ।



राजाको यस पटकको भ्रमण मूलतः माओवादी गतिविधिविरूद्ध भारतीय नेताहरूमा केन्द्रित रहेको देखियो ।

'हामी माओवादीजस्ता

क्रान्तिकारीको विश्वास गर्दैनौं र कुनै पनि देशमा आतङ्क फैलन दिँदैनौं' श्री ५ ज्ञानेन्द्रको ६ दिने भारत भ्रमण पूरा भएको दिन भारतीय प्रधानमन्त्री बाजपेयी उत्तर प्रदेशमा एक पत्रकार सम्मेलनमा आतङ्कवादविरूद्ध जिम्मा नै लिएर बोल्दै हुनुहुन्थ्यो । उहाँले त्यस अवसरमा नेपाललाई माओवादी आतंकका विरूद्ध केही प्रहरीसम्बन्धी सहयोग उपलब्ध गराइसकिएको जानकारी दिँदै आवश्यक परे अझै सहयोग गर्न तयार गरेको घोषणा गर्नुभयो ।

त्यसो त श्री ५ महाराजाधिराजको स्वागतमा आयोजित रात्रिभोजमा राष्ट्रपति के. आर. नारायणन्ले पनि माओवादीद्वारा शुरू गरिएको हिंसात्मक गतिविधिलाई 'गैरजिम्मेवारीपूर्ण' भन्ने संज्ञा दिइसक्नुभएको थियो । उपराष्ट्रपति कृष्णकान्तले पनि श्री ५ सँगको दर्शनभेटमा आतंकवादका विरूद्ध नेपालले चालेको कदमको भारतले पूर्ण समर्थन गर्ने बताउँदै यसनिम्ति जतिसक्दो सहयोग पुऱ्याउन तत्पर रहेको बताउनुभएको थियो ।

भारतीय तत्कालीन विदेशमन्त्री जसवन्त सिंहले पनि आधा घण्टाभन्दा लामो वार्तालाप श्री ५ सँग गर्नुभयो । सो वार्तामा 'श्री ५ बाट आतङ्कवादका विरूद्ध नैतिक र भौतिक सहयोग उपलब्ध गराएकोमा भारतप्रति धन्यवाद ज्ञापन गरिबक्सेको' जानकारी विदेश प्रवक्ता निरूपमा रावले सार्वजनिक गर्नुभयो । उहाँका अनुसार, सो अवसरमा मन्त्री सिंहले आतंकवादविरूद्धको नेपालको लडाइँमा नैतिक समर्थनबाहेक उपकरण र गुप्तचर सूचनासम्बन्धी सहयोगको समेत प्रस्ताव गर्नुभएको थियो । त्यसम्बन्धी दुई देशबीच वार्ता भने विभिन्न चरणमा जारी रहने बताइएको छ ।

अझ उल्लेखनीय कुरा के देखिन्छ भने, माओवादी निकट मानिने भारतमा बस्ने प्रवासी नेपालीहरूको मूलतः सांस्कृतिक तथा सामाजिक सगठन मानिने 'अखिल भारतीय नेपाली एकता समाज'लाई भ्रमणकै दौरानमा प्रतिबन्धित गरियो । सो निर्णय त्यहाँका गृहमन्त्री लालकृष्ण आडवाणीले श्री ५ महाराजाधिराज ज्ञानेन्द्रसँगको दर्शन भेटको समयमा बताउनुभएको थियो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री पूर्णबहादुर खड्का, दुवै देशका परराष्ट्र सचिवहरू र राजदूतहरू रहेको अवसरमा आडवाणीले सो जानकारी श्री ५ ज्ञानेन्द्रलाई दिनुभएको थियो ।

श्री ५ को भारत भ्रमणकै समयदेखि भारतले नेपाल भारत सीमा क्षेत्रमा सशक्त सुरक्षा व्यवस्थालाई थप गऱ्यो । बोर्डर सेक्यूरिटी फोर्स (बीएसएफ)को सट्टा सीमावर्ती क्षेत्रमा जम्मु कास्मिरको पाकिस्तानी सीमावर्ती क्षेत्रमा जस्तै सेक्रेट सर्भिस ब्यूरो (एसएसबी)का सुरक्षाकर्मीहरू थप तैनाथ गर्ने क्रम पश्चिम नेपालको सीमावर्ती क्षेत्रबाट शुरू भयो । संकटकालपछि माओवादीहरूले खुल्ला सिमानाबाट फाइदा उठाएको ठानी त्यसो गरिएको बताइएको छ । भारतले आन्तरिक सुरक्षा स्थिति सुदृढ गर्दै जाने क्रममा श्री ५ को भारत भ्रमण परेको भनेर यसलाई सयोगको रूपमा मात्रै व्याख्या गरे पनि परिणाममा भिन्नता आउने भने होइन । पछिल्लो पटक एसएसबीको उपस्थिति सुदूर पश्चिमी नेपालका सीमावर्ती क्षेत्र झुलाघाट, धार्चुला, जौलजीवी र सीनापुलमा बढाइएको छ ।

यसैबीचमा नेपाली अधिकारीहरूले भारतीय अधिकारीहरूलाई बुझाएका माओवादी नेताहरूको सूची र तस्वीर नेपालका सीमावर्ती भारतीय सिनेमा



**श्री ५ महाराजाधिराजको स्वागतमा आयोजित रात्रिभोजमा राष्ट्रपति के. आर. नारायणन्ले पनि माओवादीद्वारा शुरू गरिएको हिंसात्मक गतिविधिलाई 'गैरजिम्मेवारीपूर्ण' भन्ने संज्ञा दिइसक्नुभएको थियो ।**

हलहरू तथा सार्वजनिक स्थानहरूमा टाँस्न शुरू गरिएको छ । चरणवद्ध रूपमा यो काम गरिने र भारतीय पत्रपत्रिकामा छाप्ने बताइएको छ । उनीहरूको नाममा पुरस्कार राखिएको र देखेमा खबर गर्न आग्रहसहित सो अभियानलाई विस्तार गर्दै लगिने भारतीय अधिकारीहरूले पुष्टि गरिसकेका छन् । ७८ जना माओवादीको तस्वीर भारतीय समकक्षीलाई हस्तान्तरण गरिसकेको पुष्टि रूपन्देहीका प्रमुख जिल्ला अधिकारी स्थानेश्वर देवकोटाले नै गरिसक्नुभएको छ ।

श्री ५ को भ्रमणकै क्रममा भारत सरकारले नेपालको माओवादी आतंकलाई परास्त गर्न हेलिकोप्टर लगायत सैनिकसम्बन्धी सहयोगका लागि आश्वस्त पारेको छ । श्री ५ सँगको दर्शन भेटका क्रममा भारतीय रक्षामन्त्री जर्ज फर्नाण्डेजले नेपालको आग्रहअनुसार हेलिकोप्टर लगायत 'माइन प्रूफ कम्ब्याट भेइकल्स्' उपलब्ध गराउने सहमति जनाउनुभएको पनि त्यहाँका रक्षा प्रवक्ताले जनाएका थिए । सो अवसरमा आतंकवादविरोधी तालिमका लागि भारतको उत्तरपूर्वी राज्य मिजोरमस्थित भारतीय सैनिक विद्यालयमा शाही नेपाली सेनालाई पठाउने बारेमा समेत छलफल भएको ती प्रवक्ताले जनाइसकेका छन् भने भारतीय समाचार संस्था प्रेस ट्रष्ट अफ इण्डियाले नै भारतीय सुरक्षाविज्ञहरू नेपालमा सेनालाई तालीम दिन आउनसक्ने समेत जनाएको छ ।

माओवादीविरूद्ध सैनिक उपकरण सहयोग र सेनालाई तालिम दिने तथा आईएसआई वा अन्य कुनै पक्षबाट नेपाल भारतविरोधी गतिविधि नियन्त्रणमा नेपाल सजग रहनेजस्ता विषयमा कुरा उठेको कुरा भारतका लागि नेपाली राजदूत डा. भेषबहादुर थापाले नै स्वीकार्नुभएको छ । त्यसो त भारतीय नेताहरूसमक्ष श्री ५ बाट नेपालविरूद्ध गतिविधिहरू भारतमा भइरहेको, माओवादी नेताहरू भारतमै रहने गरेको, भारतबाटै भित्रिएका हतियार प्रयोग गरी माओवादीले नेपालको अर्थतन्त्र ध्वस्त पारेको जस्ता उठाइएको विषयहरू पनि सार्वजनिक भएका छन् । यस्ता प्रसङ्गहरूले दुई देशको सम्बन्धमा व्यापक राजनीतिक महत्वहरू राख्ने निश्चित छ ।

श्री ५ को भारत भ्रमणको आरम्भ भएकै दिन श्री ५ हरू रहेका राष्ट्रपति भवनस्थित द्वारमा भारतीय प्रधानमन्त्री बाजपेयीले अनपेक्षित भेटघाट गरेको अनौपचारिक स्रोतहरूबाट सार्वजनिक हुनु, अन्य दुई पटक गरी करीब दुई घण्टा श्री ५ ज्ञानेन्द्र र प्रधानमन्त्री बाजपेयीबीच गोप्य वार्ता हुनुलाई मूलतः आपसी सम्बन्ध अभिवृद्धिको दृष्टिले हेरे पनि पर्यवेक्षकहरूले निकै महत्वपूर्ण घटनाका रूपमा हेरेका छन् । ती वार्तामा के के कुरा भए- मुख्य कुरा त्यो होइन, मुख्य कुरा भारत सरकारले राजा ज्ञानेन्द्रसितको संबन्धलाई दिन खोजेको नयाँ आयाम हो । केही महिनाअघि भएको प्र.म. देउवाको भारत भ्रमण र अहिले भएको राजाको भ्रमणलाई तुलनात्मक रूपले दाँजेर हेरिरहेका पर्यवेक्ष्यकहरू प्रश्न गर्छन्- आखिर किन संवैधानिक राजाको यो भ्रमणलाई भारत सरकारले ज्यादा सकारात्मक र कार्यकारी महत्व दिएको होला हँ ? ❑




श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफको सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।

KMM
काठमाण्डौ मैदा मिल्स

# एशियाको उदय र ब्राजिलको जीतको रहस्य

■ सीताराम अग्रहरि



नयाँ शताब्दीको प्रारम्भसँगै १७ औं विश्वकप फुटबल प्रतियोगिताले कुनै नयाँ विश्वच्याम्पियन त दिएन । फाइनलमा जर्मनीलाई २-० ले पराजित गरी ब्राजिल पाँचौ पटक विश्वच्याम्पियन भयो । तर यो विश्वकपले जुन चमत्कारिक, अप्रत्याशित र सुखद् मोड दियो, त्यसले नयाँ शताब्दीको फुटबल अब पारम्परिक महारथीहरूको बन्दी भएर बस्न नसक्ने स्पष्ट सन्देश दिएको छ ।

यो विश्वकप शुरू हुनुअघि अर्जेन्टिना, इङ्ग्ल्याण्ड, इटाली, फ्रान्स उपाधिका प्रबल दावेदार थिए । त्यसपछि राउल गोन्जालेज र लुइस फिगोको पराक्रमी टिम स्पेन र पोर्चुगाल नयाँ दावेदार बनेर आएका थिए । ब्राजिल जसरी विश्वकप छनौट प्रतियोगितामा उरूग्वे, इक्वेडर, बोलिभिया, चिली, पराग्वे, अर्जेन्टिनासँग ६ हारका साथ छनौट चरणमै बाहिरिने स्थितिमा पुगिसकेको थियो र, बल्लतल्ल छनौट भएर विश्वकपमा पुगेको थियो, त्यसलाई दृष्टिगत गर्दा उसलाई उपाधिको प्रथम पंक्तिको दावेदार नमानिनु स्वाभाविक नै थियो । अझ छनौट चरणमा तीनवटा प्रशिक्षक फेर्नु ब्राजिलको अन्तरद्वन्द, बेचैनी, चिन्ता र दुर्बलताको प्रतिक नै थियो । तैपनि ब्राजिल विश्वच्याम्पियन बन्न पुग्यो । यसको मुख्य कारण संयोग, शीप, प्रतिभा, एकजुटता, 'ड्र' तथा प्रतियोगिताका अप्रत्याशित परिणामहरू हुन् ।

तर विश्वकपमा सबभन्दा आश्चर्यजनक र सुखद् नतिजा रह्यो- एशियाको । यो विश्वकपमा एशियाबाट चारवटा टिम आयोजक कोरिया र जापानले तथा साउदी अरब र चीनले भाग लिएका थिए । साउदी अरब र चीनको प्रदर्शनलाई दृष्टिगत गर्ने हो भने एशियाको प्रदर्शन निराशाजनक लाग्दछ । खासगरी अनुभवी साउदी अरबले जर्मनीसँग ८-०, क्यामरूनसँग १-० र आयरल्याण्डसँग ३-० गरी कूल १२ गोल खायो । उता पहिलोपटक सहभागी चीनले कोष्टारिकासँग २-०, ब्राजिलसँग ४-० र टर्कीसँग ३-० गरी कुल ९ गोल खायो । यसरी एशियाका यी दुई टिमले जम्मा २१ गोल खाए, जुन निक्कै निराशाजनक छ । चीन हुन त पहिलो पटक विश्वकपमा सहभागी भएको र उसको अन्तर्राष्ट्रिय अनुभव पनि कम भएको हुनाले पनि बढी गोल खान पुगेको हो ।

जेहोस्, एशियाका यी दुई राष्ट्रले राम्रो प्रदर्शन गर्न सकेनन् भने एशियाकै अन्य दुई राष्ट्र दक्षिण कोरिया र जापानले भने सम्पूर्ण फुटबल जगतमै खैलाबैला मच्चाइदिए । जापानले शक्तिशाली बेल्जियमलाई २-२ ले बराबरीमा रोकेपछि रूस र ट्युनिसियालाई क्रमशः १-० र २-० ले पराजित गरी तहल्का मच्चायो । अर्कोतिर, दक्षिण कोरियाको प्रदर्शन पनि निक्कै तेजस्वी रह्यो । उसले पोल्याण्डलाई २-० ले माथ दिएपछि तथा अमेरिकासंग १-१ को बराबरी गरेपछि कपको दावेदार पोर्चुगाललाई १-० ले पराजित गरी सनसनी मच्चायो । जहाँ जापान दोस्रो चरणमा टर्कीसँग १-० ले पराजित भयो, त्यहीं दक्षिण कोरियाले दोस्रो चरणमा विश्वकपको प्रबल दावेदार इटालीलाई २-१ ले, क्वाटरफाइनलमा अर्को महाशक्ति स्पेनलाई टाइब्रेकमा पराजित गरी सनसनी मच्चायो भने उसले ब्राजिल र जर्मनीको बाटोबाट ठूला अवरोधहरू पनि हटाइदियो ।

दुर्भाग्यवश कोरियाको पराक्रमी विजयमा रेफ्री विवाद ठूलो बाधा बनेर आएको छ । निःसन्देह यस प्रतियोगितामा रेफ्री विवाद अलि बढी नै देखिएको छ । उदाहरणका लागि इटाली र स्पेन रेफ्रीको ठूलो मारमा परेका छन् । इटालीले दुर्भाग्यवश पहिलो चरणदेखि दोस्रो चरणसम्म पाँचवटा विवादास्पद निर्णयको मार खप्नुपर्‍यो । उदाहरणको लागि क्रोशिया र इटालीको खेलमा भिएरीको पहिलो गोल अफसाइड थिएन । त्यस्तै, अन्तिम गोलमा पनि रेफ्रीले कसरी 'फल' दिए बुझ्न सकिएन । यदि समूह 'जी'को अन्तिम म्याचमा इक्वेडरले क्रोसियालाई पराजित नगरेको भए इटाली पनि पहिलो चरणमै विदा हुन्थ्यो । त्यत्रो दुःखले मेक्सिकोपछि दोस्रो नम्बरमा रही दोस्रो चरणमा पुगेको इटालीले दक्षिण कोरियासँग विवादास्पद निर्णयको शिकार बन्नुपर्‍यो । इटालीको गोललाई मान्यता नदिने क्रम त्यहाँ पनि जारी रह्यो भने टोटीलाई अनाहक 'रेडकार्ड' दिइनु पनि रेफ्रीको ठूलो भूल थियो र, त्यो म्याचको 'टर्निङ प्वाइन्ट' पनि । फलस्वरूप त्यही बहानामा दक्षिण कोरियालीहरूको जुझारू खेललाई बिर्सिइयो । कसरी एक गोलले पछाडि रहेको कोरियाले अन्तिम क्षणमा बराबरी गर्‍यो र गोल्डेन गोलमा आङ जुङ ह्वानको गोलले तीन पटकको विश्वच्याम्पियन इटालीलाई स्तब्ध पार्‍यो, त्यसको पर्याप्त श्रेय



कोरियाले पाएन । अझ इटालीको कमजोरी भिएरीले गोलको मुखमा सहज अवसर गुमाएको, तिनका अन्य खेलाडीले पनि सही तालमेल देखाउन नसकेका कैयौं कमजोरीहरू पनि रेफ्री विवादले गर्दा ढाकियो ।

कोरियाको अर्को महान उपलब्धि क्वाटरफाइनलमा स्पेनमाथिको जीत थियो । तर त्यहाँ पनि विवादले पिछा छोडेन । इजिप्टेली रेफ्री घान्दाउर र त्रिनिडाडियन लाइन्सम्यान माइकल रघुनाथले आउट नै नभएको बललाई आउट मान्दा स्पेनले गरेको गोल पनि अमान्य भयो । स्पेन अन्ततः पेनाल्टीमा पराजित भयो । तर यसमा कोरियाको के दोष थियो ? इटालीयाली र स्पेनी संचार माध्यमले ठूलो रिस पोखे । रेफ्रीको मिलोमतो भएको आरोप पनि लगाए । तर के कोरिया महाशक्ति राष्ट्र हो ? हो, सारा दुनियाँले भनेका र मानेका छन्, यस पटकको रेफ्रीका निर्णयहरूमा केही बढी नै र ठूला गल्तीहरू देखिए । तर गल्ती त सधैं हुँदै आएका छन् । म्याराडोनाले सन् १९८६ को विश्वकप सेमिफाइनलमा इंगल्याण्डविरूद्ध हाते गोलले गर्दा नै विजय पाएका हुन् । के त्यो ठूलो गल्ती थिएन ? फाइनलका इटालियन रेफ्री गोल मानियो, न पेनाल्टी दिइयो, न त कुनै कार्ड नै । यस्तै, बेल्जियमले ब्राजिलविरूद्ध शुरूमै विलमोट्सको गोलद्वारा अग्रता पाएको भए, खेलको नतिजा नै अर्को हुनसक्थ्यो । तर यसो भनेर कोरिया, ब्राजिल र जर्मनीको उपलब्धिको श्रेय खोस्न सकिन्न । स्वयं इटालीका स्टार स्ट्राइकर डेल पियरोले भनेका छन्- "हामीले गल्ती गर्‍यौं, हामीले कैयौं अवसर गुमायौं ।"

जेहोस्, यस विश्वकपबाट एशियामा आत्मविश्वास र एउटा नयाँ उत्साह आएको छ । जापान 'टेक्निकल' रूपमा निक्कै अगाडि बढिसकेको छ । यद्यपि शारीरिक रूपमा र 'टफनेस'का क्षेत्रमा जापानले अझ सुधार गर्नुछ । तर कोरियाले त शारीरिक रूपमा, 'फिट्नेस'को क्षेत्रमा र स्टेमिनामा युरोपेली टिमहरूलाई पनि माथ दिएको छ । युरोपमा कतै कोरियालीहरू शक्तिवर्द्धक औषधि त सेवन गर्दैनन् भन्ने शंका पनि उब्जिएको छ । तर कोरियाली प्रशिक्षक गुस हिडिन्कले यस आरोपको कडा शब्दमा खण्डन गरेका छन् । कोरियाली जीतको रहस्य हो- गुस हिडिन्सको चमत्कारिक प्रशिक्षण, कोरियाली खेलाडीहरूको कठिन परिश्रम, आत्मविश्वास र केही गरेर देखाउने अदम्य उत्साह ।


विश्वकपको फाइनलमा जर्मनीले हार्दा शोक सजाउँदै गरेका समर्थकहरु

पियरेलुइगी कोलिनाले (जसलाई विश्वकै सर्वश्रेष्ठ रेफ्री मानिन्छ) यसबारे वड्डो राम्रो टिप्पणी गरेका छन्- एकदमै दुरूस्त त ईश्वरमात्र हुन्छन् ।

हो पनि, रेफ्री पनि मानिस हुन्, गल्ती उनीहरूबाट पनि हुनसक्छ । तर यो पनि बिर्सन हुन्न कि रेफ्रीको एक गल्तीले अनर्थ हुनसक्छ, जुन इटाली, स्पेनसँग भयो । तर रेफ्रीको गल्तीको शिकार इटाली र स्पेनमात्र भएनन्, अमेरिका, बेल्जियम पनि भए । अमेरिकाले जर्मनीविरूद्ध क्वाटरफाइनलमा स्पष्टतः गोल गरिसकेको थियो, जर्मन खेलाडीले त्यो गोल हातले रोकेका थिए । तर स्कटिश रेफ्री ह्यूज डलास चूकेद्वारा त्यसलाई न

यस वर्षको शुरूमा कन्फेडरेसन कपमा फ्रान्ससँग ५-० ले हार्ने दक्षिण कोरियाले विश्वकप शुरू हुनु केहीअघि मैत्रीपूर्ण म्याचमा स्कटल्याण्डलाई ४-० ले पराजित गर्‍यो भने इंग्ल्याण्डसँग १-१ को बराबरी, कठिन संघर्षपछि फ्रान्ससँग ३-२ ले पराजित हुँदा पनि विश्वकपमा केही गरीछाड्ने दृढता व्यक्त गरिसकेको थियो । जर्मनीसँग सेमिफाइनल भिडन्तमा कोरिया १-० ले पराजित भयो । तर हिडिन्कले भनेझैं कोरियालाई जर्मनीलाई झैं विश्रामको दिन प्राप्त भएको भए परिणाम अर्कै हुन्थ्यो । त्यसै पनि उसले निकालेको केही अवसर निक्कै खतरनाक थियो । त्यसैले महान पेलेदेखि म्यारोडोनासम्मले

# विश्वकप केही रोचक तथ्य

- *विश्वकपको अवधि (मे ३१-जुन ३०)सम्म ४ लाख ८० हजार पर्यटकहरु जापानमा आए, जुन गत वर्षको यो महिनाभन्दा ७ प्रतिशत अर्थात् ३० हजार बढी छ । सबभन्दा बढी (२६,४१३) बेलायती समर्थक जापान आए । जापानी यातायात मन्त्रालयका अनुसार भीडभाडको डरले फुटबलमा रुची नराख्नेहरु भने यो अवधिमा जापान आउन चाहेनन् ।*
- *कोरियामा विश्वकपमा ८० लाख रातो शर्ट बिक्री भयो । कोरियालीहरुको आतिथ्य शानदार रह्यो । आगन्तुकहरुका लागि खानेकुरासम्म बोकेर उनीहरु हिंडेका थिए । विश्वकप सेमिफाइनमा ४० लाख कोरियालीहरु सडकमा ओर्लेका थिए ।*
- *विश्वकप शुरु हुनुअघि सट्टेबाजहरुले दक्षिण कोरियालाई जीतको १५०-१ को सम्भावना दिएका थिए ।*
- *कोरिया-जापानमा व्यवस्थापन उच्च दर्जाको थियो । हुल्याहरुको दाल नगले पनि विश्वकपताका ९३ जना पक्राउ परेका थिए ।*
- *थाइल्याण्डमा विश्वकपको बाजी थाप्ने १,१४८ जना पक्राउ परे । यिनमा ५१६ जना बाजी खेलाउनेहरु थिए । एक विश्वस्त सूत्रकाअनुसार एक लाखभन्दा बढी थाइहरुले विश्वकपमा बाजी थापे ।*
- *सिङ्गापुरमा बाजी लगाउनु वैध छ । त्यहाँ ५० करोड डलर बराबरको विश्वकपसम्बन्धी बाजी लगाइएको थियो, जुन अपेक्षाभन्दा दोब्बर थियो । फाइनलमा मात्र एशियाली जुवाडेहरुले १६ करोड ३० लाख डलरको बाजी थापे ।*
- *अप्रत्याशित परिणामले यसपटक बेलायती जुवा खेलाउने संस्था मालमाल भए । विलियम हिलका अनुसार विश्वकपबाट 'जुवा उद्योग'लाई २५ करोड पाउण्ड (३८करोड डलर) फाइदा भयो । सन् १९९८ मा 'जुवा उद्योग'ले ९ करोड कमाएको थियो । यो बाजी १५० देशमा थापिएको थियो । सबभन्दा ठूलो 'जुवा उद्योग' लेड्ब्रक्स पनि निक्कै फाइदामा रह्यो । ठूला टिम हार्दा उनीहरुले राम्रो आम्दानी गरे ।*
- *विश्वकपको समाचार संकलन गर्न यस पटक ९३ देशका ३,६०० पत्रकार कोरिया-जापान पुगेका थिए ।*
- *विश्वकपमा यसपटक ६४ म्याचमा प्रतिम्याच २.५२ गोलका दरले कूल १६१ गोल भए ।*
- *अहिलेसम्मको १७ औं विश्वकपमा सबभन्दा बढी सन् १९५४ को विश्वकपमा प्रतिम्याच ५.३८ गोल भएको थियो भने १९९० विश्वकपमा सबभन्दा कम २.२१ को दरले प्रतिम्याच गोल भएको थियो ।*
- *यस विश्वकपको अन्य व्यवस्था उत्कृष्ट रहे पनि टिकट व्यवस्थाको ठूलो आलोचना भएको छ । भीआइपी सिटहरुमा एउटा ठाउँका लागि दुई टिकट आए । दर्शकले त्यसका लागि करिब ने. रु. ५५ हजार तिरेका थिए । पछि तिनलाई खुल्ला सिटमा बस्न पठाइयो । आन्तरिक टिकट जापान-कोरियाको जिम्मामा थियो । तर बाह्य टिकट फिफा एजेन्ट बेलायती बायरम कम्पनीको जिम्मामा थियो, जसले गर्दा गडबडी देखापर्‍यो । फिफाले यसको छानवीन गरिने जनाएको छ ।*
- *फिफाको व्यवस्था प्रति गए-गुज्रेको थियो कि आयोजक जापान र टर्कीको म्याचमा ७०० सीट खाली थियो ।*
- *विश्वकपमा डिएको म्याराडोनाले क्यूबाविरुद्ध ४० वर्षे नाकाबन्दीलाई (अमेरिकी) आतंकको संज्ञा दिए । उनको चर्चित मन्तव्य थियो- "म क्यास्त्रोको क्यूबालाई बुशको अमेरिकाभन्दा दश गुणा बढी प्राथमिकता दिन्छु ।"*
- *पेलेले कोरियाको तारिफ गर्दै भने- "कोरियाले जुन हिसाबले खेल्यो, म त्यसलाई मन पराउँछु । यो प्रतियोगिताको ठूलो आश्चर्य थियो ।"*
- *केही विवादका बावजुद उदाहरणीय खेल भावना पनि देखियो । फाइनलमा हारेपछि जर्मन स्ट्राइकर मार्को बोडेले रोनाल्डोको बारेमा भने, "ऊ महान खेलाडी र उत्तिकै बेस मानिस पनि हो ।" उता रोनाल्डोले भने, "मेरो महान जित (घाइते भएपछि) खेलमा फर्कनु थियो, फुटबल खेल्नु र गोल गर्नु थियो ।" ❑*



कोरियाको अभ्युदयको अभिनन्दन गरेका हुन् ।

तर दक्षिण कोरिया र जापानमात्र होइन, यसपटक सेनेगलले अरबौं खेलप्रेमीहरूको मन जितेको छ । यदि कोरियालीहरूको शिकार पोल्याण्ड, पोर्चुगाल, इटाली, स्पेनजस्ता टिम रहें भने पहिलोपटक विश्वकप खेलिरहेको सेनेगलको शिकार विश्वच्याम्पियन फ्रान्स र युरोपको 'पावरहाउस' स्वीडेनजस्ता टिम रहेका छन् । यदि कोरिया सेमिफाइनलमा पुग्नु एशियाली जागरणको प्रमाण हो भने सेनेगल अफ्रिकी गौरवको प्रतिक हो । कोरिया र जापानलाई घरेलु मैदानको पनि लाभ थियो, तर सेनेगल अनुभव, साधन र सुविधाको मामिलामा पनि धेरै पछि थियो । यस अर्थमा बहादुर सेनेगलीहरूको क्वाटरफाइनलसम्मको अभियानको अभिनन्दन गर्नैपर्छ ।

टर्कीले पनि यस विश्वकपमा अद्वितीय प्रदर्शन गरेको छ । स्वयं टर्कीका संचार माध्यमले पनि 'बूढा'हरूले भरिएको यस टिमबारे धेरै आश गरेका थिएनन् । तर तेस्रो स्थानसम्म पुगेर टर्कीले सारा विकासशील राष्ट्रहरूको शिर ठाडो पारेको छ । यद्यपि टर्की युरोपेली राष्ट्र हो, तर युरोपका सम्भ्रान्त फुटबल शक्ति राष्ट्रहरूले टर्कीलाई कुनै ठूलो टिम मानेका थिएनन् । त्यस्तै, अमेरिका क्वाटरफाइनलमा जर्मनीसँग पराजित भए पनि ठूला टिमहरूको मुटु कमाउने टोली बनेको छ । यस विश्वकपले सबभन्दा ठूलो चेतावनी पारम्परिक शक्ति राष्ट्रलाई नवोदित फुटबल शक्तिहरूले दिएका छन् ।

अर्कोकुरा फ्रान्स, अर्जेन्टिना, पोर्चुगालको पहिलो चरणमा र इटाली, स्वीडेनको दोस्रो चरणमा हारपछि अब जस्तोसुकै टिम पनि कुनै पनि बेला ढल्न सक्ने देखियो । जीतको दावेदार बनेर विश्वकपमा पुग्ने टिममाथि ठूलो मनोवैज्ञानिक दबाव हुँदोरहेछ । ब्राजिलको जीतमा र जर्मनीको फाइनल प्रवेशमा उनीहरू उपाधिको प्रवल दावेदार नहुनु पनि एक प्रमुख कारण थियो । ब्राजिलले बल्लतल्ल छनौट युद्ध जित्यो भने जर्मनी पनि छनौट चरणमा इंग्याण्डसँग ५-१ ले हारेपछि बल्लतल्ल उक्रेनसँग 'प्ले अफ' खेली विश्वकपमा पुगेको थियो ।

ब्राजिलको सफलतामा उसको 'ड्र' राम्रो हुनु पनि थियो । चीन, कोस्टारिका र टर्कीमध्ये दुई टिम कमजोर परेपछि ब्राजिलको लागि समूह म्याच राम्रो अभ्यास-म्याचसरह थियो । जर्मनीले पनि साउदी अरबलाई ८-० ले हराएपछि जर्मनहरूको आत्मविश्वास निक्कै बढेको थियो । अर्कोतिर अर्जेन्टिना, इंग्ल्याण्ड, नाइजेरिया, स्वीडेन 'मृत्युको समूह'मा थिए । अमेरिकाले पोर्चुगाललाई हराएर, इक्वेडरले क्रोसियालाई, क्रोसियाले इटालीलाई हराएर, सेनेगलले फ्रान्सलाई, आयरल्याण्डले जर्मनीलाई बराबरीमा रोकेर एक किसिमले 'ग्रुप अफ डेथ' खडा गरिदिएका थिए ।

सर्वाधिक ८ गोल गरी 'गोल्डेन बुट' पाएर सन् १९९८ को विश्वकपमा आफ्नो बिग्रेको छविको क्षतिपूर्ति अवश्य गरे, तर इंग्ल्याण्डका महान खेलाडी जोहान क्रुफको शब्दमा ब्राजिलको जीत 'एन्टी फुटबल' शैलीको जीत हो । फाइनलमा रोनाल्डोको गोलभन्दा पनि कानको गल्तीले गर्दा ब्राजिल विजयी भयो । कानले यद्यपि 'गोल्डेन बल' पुरस्कार पाए । तर सबभन्दा साहसी गोलरक्षक टर्कीका रूस्तु देखिए ।

जेहोस्, यो प्रतियोगिताले रोनाल्डिन्हो, हसन सास, रूस्तु, ओलिभर कान, बालाक, हाजी डियोफ, आङ जुङ ह्वान, टोमासन, जुनिची इनामोतो, नेल्सन क्युभासजस्ता खेलाडीहरूलाई अगाडि ल्यायो ।



*विश्वकप फाइनलमा निर्णायक गोल हान्दै रोनाल्डो*

ब्राजिलले फाइनलमा जर्मनीलाई २-० ले हराए पनि उसको इंग्ल्याण्डमाथिको क्वाटरफाइनल विजय 'टर्निङ्ग प्वाइन्ट' थियो । ब्राजिलको जीतको अर्को कारण तीन आरको रूपमा रोनाल्डो, रिभाल्डो, रोनाल्डिन्होको रूपमा प्रतियोगिताकै सबभन्दा भरपर्दो आक्रमण पंक्ति र रोबर्टो कार्लोस तथा काफूजस्ता विश्वस्त आक्रमक रक्षक हुनु थियो । ब्राजिलविरूद्ध इंग्ल्याण्डको गल्ती एक गोल गरेपछि ढुक्क हुनु थियो । गोलरक्षक सीम्यानको गल्ती पनि निर्णायक सावित भयो । ब्राजिलको जीतको सर्वाधिक महत्वपूर्ण कारण प्रतिभासँग प्रवल टिम-भावना र ब्राजिलियाली प्रशिक्षक फिलिप स्कोलारीको शब्दमा 'ठूलो हृदयले साहसी खेल खेल्नु' हो । यद्यपि राम्रा टिमहरू शुरूमै बाहिरिनुले खेलमा कलात्मकताको कमी देखियो । कुनै म्याराडोना, कुनै प्लाटिनी, पावलो रोसी, जिको, गैरी लिनेकर वा रोमारियो देखा परेनन् । यद्यपि रोनाल्डोले

जहाँसम्म नेपाललगायत दक्षिण एशियाको कुरा छ, विश्वकपमा पुग्नु सपनाझैं लाग्दछ । नेपालीहरूमा ठेकेदार र नक्कली मसीहाहरूको वर्चस्व छ भने समग्रमा दक्षिण एशियामा क्रिकेटको वर्चस्वले फुटबललाई खाँदै छ । खासगरी भारतीय संचार माध्यमले गर्दा पनि यस क्षेत्रको फुटबल पछाडि पर्दैछ । २०३ राष्ट्रले खेल्ने फुटबल र १०-१२ राष्ट्रले खेल्ने क्रिकेटको कुनै तुलना हुनसक्दैन । भारतीय मिडियामा फुटबलको बेला पनि क्रिकेटले ठूलो महत्व पाउँछ । भारतमै क्रिकेटमा लगानी वा प्रायोजनको २५ प्रतिशत भागमात्र फुटबलले पाए दक्षिण एशियामै फुटबल बलियो हुनसक्छ ।

सचिन तेन्दुलकरको कुरा छाडौं, वीरेन्द्र सहवागको जति मान, महत्व 'कभरेज' भाइचुङग भुटियाले पाउँछन् ? नेपालीहरूले अब भारत वा सम्पन्न जापान, कोरियाभन्दा संघर्षशील र विकासशील सेनेगलीहरूसँग प्रेरणा लिनुपर्छ । ❑

## विश्वकपमा उत्कृष्ट, निकृष्ट

| | |
|---|---|
| सर्वोत्कृष्ट टिम | - ब्राजिल |
| सर्वोत्कृष्ट खेलाडी | - रोनाल्डो (ब्राजिल) |
| सर्वोत्कृष्ट प्रशिक्षक | - गुस हिडिन्क (दक्षिण कोरिया) |
| सर्वोत्कृष्ट गोलरक्षक | - ओलिभर कान (जर्मनी) |
| सर्वोत्कृष्ट रक्षक | - रियो फर्डिनान्ड (इंग्ल्याण्ड) |
| सर्वोत्कृष्ट मिडफिल्डर | - रोनाल्डिन्हो (ब्राजिल) |
| सर्वोत्कृष्ट फर्वार्ड | - रोनाल्डो (ब्राजिल) |
| सर्वोत्कृष्ट गोल | - पार्क जी सुङ (कोरिया, पोर्चुगालविरूद्ध) |
| सर्वोत्कृष्ट समर्थक | - दक्षिण कोरियाका |
| सर्वोत्कृष्ट म्याच | - सेनेगल-उरूग्वे (३-३) |
| सर्वाधिक अप्रत्याशित नतिजा | - फ्रान्स ० सेनेगल १ |
| सर्वाधिक भाग्यशाली टिम | - जर्मनी |
| सर्वाधिक नराम्रो हार | - इटालीको |
| सबभन्दा निकृष्ट 'फाउल' | - जाओ पिन्टो (पोर्चुगाल) कोरियाका पार्क जी सुङमाथि |
| सबभन्दा निकृष्ट रेफ्री निर्णय | - गामाल घान्दाउर (इजिप्ट) कोरियाविरूद्ध-स्पेनका मोरिएन्तेसले अतिरिक्त समयमा गरेको गोल नदिएको । |
| सबभन्दा नराम्रो हेयर कट | - उमीत दमाला (टर्की) |

*+ यो छनौट रोयटरका पत्रकारहरूको मतदानमा आधारित छ ।*



# क्यास्ट्रोको क्यूवा अमेरिकाभन्दा स्वभिमानी छ

## डिएगो म्याराडोना

*"मेरा आदर्श व्यक्तित्व फिडेल क्यास्ट्रो, जर्ज डब्लु बुसभन्दा दशगुना सफल राजनीतिज्ञ हुन् ।" "क्यास्ट्रोको क्यूवा अमेरिकाभन्दा स्वाभिमानी छ ।"*

यो भनाई हालैमात्र विश्व फुटबल महासंघ फिफा (FIFA) द्वारा इन्टर्नेट सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा विश्वका सर्वाधिक लोकप्रिय फुटबल खेलाडीको स्थानमा रहन पुगेका महान् फुटबल खेलाडी डिएगो अर्माण्डो म्याराडोनाको हो । उनले आफ्नो यो भनाइ १ जुलाईमा टोकियोमा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक गरेका हुन् । उनी भर्खरै सत्रौं विश्वकप फुटबलको फाइनल खेल हेरी जापानबाट क्यूवा पुगेका थिए ।

अर्जेन्टिनाको ब्युनर्स आयर्स शहरमा बस्ने एक गरिव मजदूर परिवारमा सन् १९६० मा जन्मेका म्याराडोनाले सन् १९८६ को विश्वकपमा चमत्कारिक खेल नै देखाएका थिए र आफ्नै बाहुबलबाट अर्जेन्टिनालाई विश्वकप दिलाएका थिए । त्यसपछि उनी ब्राजिलका महान खेलाडी पेलेपछिका सर्वाधिक चर्चित र लोकप्रिय फुटबल खेलाडी बने ।

गएका समयहरूमा म्याराडोना फुटबल कौशलको कारणले मात्र होइन, लागूपदार्थको दुर्व्यसन तथा क्यूवाका राष्ट्रपति फिडेल क्यास्ट्रोको बारेमा उनको विचारले पनि बढी चर्चित बन्न पुगे । दुर्व्यसनको विषयमा उनी आफूलाई आत्मआलोचकको दृष्टिमा हेर्छन् । र, उनी त्यसैको उपचारको सिलसिलामा पटक पटक क्यूवा जाने गर्थे ।

म्याराडोना आफूलाई राजनीतिक व्यक्तिका रूपमा स्वीकार्न त तयार छैनन्, तर फुटबल खेल्ने सिलसिलामा यूरोप तथा अमेरिकाजस्ता विश्वका धनी पूँजीवादी राष्ट्रहरूसँग नजिकबाट हिमचिम गरिसकेका उनी समाजवादी क्यूवा र फिडेल क्यास्ट्रोबाट बढी प्रभावित छन् । उनी विश्वका सर्वाधिक लोकप्रिय र चर्चित फुटबल खेलाडी बन्नुमा सम्भवतः यो कुराले पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

हालैका समयहरूमा म्याराडोनाले अमेरिकी साम्राज्यवादको ठाडो विरोध गरेका छन् । अमेरिकाले विगत तीन दशकभन्दा बढी समयदेखि क्यूवामाथि लगाइराखेको आर्थिक नाकाबन्दीलाई उनले 'आतंकवाद'को संज्ञा दिएका छन् ।

भर्खरै कोरिया-जापानमा सम्पन्न सत्रौं विश्वकपमा म्याराडोनालाई फिफाले औपचारिक निमन्त्रणा गरेन । म्याराडोनाजस्ता विश्वका सर्वाधिक लोकप्रिय महान खेलाडीलाई फिफाले निमन्त्रणा नगर्नु बडो आश्चर्यको विषय बनेको छ । यतिमात्र होइन, फिफाले निमन्त्रणा नदिए पनि व्यक्तिगत रूपमा नै भए पनि विश्वकप हेर्न जापान आउन चाहेका म्याराडोनालाई शुरूमा जापान सरकारले प्रवेशाज्ञा (भिसा) दिएन । तर पछि विश्वभरि म्याराडोनाको लोकप्रियताबारे चर्चा चल्न थालेपछि जापान सरकारलाई निक्कै अप्ठेरो पऱ्यो । र, त्यसले अन्त्यमा आएर आफूले हार महशूस गरी म्याराडोनालाई जापानमा प्रवेश गर्न प्रवेशाज्ञा उपलब्ध गरायो । यस सन्दर्भमा म्याराडोनाले पछि जापानमा रहँदा भनेका छन्- "मलाई यहाँ आउन नदिनुको कारण मूर्खतापूर्ण थियो । म यहाँ कसैलाई मार्न आएको होइन । म यहाँ कसैलाई बिगार्न आएको पनि होइन । म यहाँ मात्र म्याराडोनाको रूपमा आएको हुँ ।"

म्याराडोनाको आशय के थियो भने दोस्रो विश्व युद्धमा जापानमा अणुबम खसालेर हजारौं मानिसहरूको ज्यान लिने अमेरिकीहरूलाई प्रवेश दिन जापानलाई कुनै अप्ठेरो नहुने, तर लागूपदार्थको दुर्व्यसनीको नाममा उनलाई प्रवेशाज्ञा दिन नखोज्नु एक गम्भीर षड्यन्त्र सिवाय अरू केही होइन ।

वास्तवमा म्याराडोनालाई जापान तथा फिफाले गलत व्यवहार गर्नुमा गम्भीर राजनीतिक षडयन्त्र लुकेको हुन सक्ने कुरो विश्व-राजनीतिक विश्लेषकहरूले शंका व्यक्त गरेका छन् ।

हालैका दिनहरूमा म्याराडोनाले फिफा अध्यक्ष सेप ब्लाटर र महान खेलाडी पेलेको पनि आलोचना गरेका छन् । स्मरणीय के छ भने हालै फिफाले गरेको इन्टर्नेट सर्वेक्षणमा सर्वाधिक लोकप्रिय फुटबल खेलाडीहरूमा म्याराडोना पहिलो र पेले दोस्रो भएका छन् । र, फिफाले सत्रौं विश्वकपमा पेलेलाई सम्मानको स्थान दियो भने म्याराडोनालाई दिएन ।

म्याराडोनाले फिफामा फोहोरी राजनीति चलिरहेको र त्यसमा अध्यक्ष सेप ब्लाटरको भूमिका शंकास्पद रहेको संकेत गरेका छन् । त्यस्तै त्यस फोहोरी राजनीतिमा अप्रत्यक्ष रूपमा पेलेको पनि भूमिका रहेको हुन सक्ने कुरा उनी संकेत गर्दछन् ।

म्याराडोना भन्छन्- "मलाई पेलेको बारे कुनै चासो छैन, तर पेले मेरो बारेमा आवश्यकभन्दा बढी चासो लिने गर्छन् ।" त्यस्तैगरी फिफामा आफूले चाहे अनुसार गर्न पेलेले भूमिका खेलिरहेका छन् भन्ने आशयमा उनी भन्छन्-" पेले जे चाहन्छन्, त्यो गर्न उनलाई छुट छ "।

❑ *टि. डि. महर्जन*



*फिडेल क्यास्ट्रोलाई म्याराडोना आफ्नो पिँडुलामा खोपेको क्यास्ट्रोकै टाटु देखाउँदै*

# किन अमेरिका सद्दाम र अराफातको पतन खोज्दैछ ?

■ हरि रोका



प्यालेष्टाइनी नेता यासेर अराफात

### धम्कीको राजनीति

राष्ट्रपति पदमा निर्वाचित हुनेबित्तिकै अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुसले इरान, इराक तथा उत्तर कोरियालाई *सैतानी राज्य*हरूको उपमा दिएका थिए ।

११ सेप्टेम्बर, २००१ को घटनापछि राष्ट्रपति बुसले संसारलाई चेतावनी दिँदै भन्नुभयो, "अब संसारभर आतंकवादविरोधी युद्ध हुनेछ र तिनलाई समाप्त नपारून्जेल युद्ध भैरहनेछ । जो आतंकवादविरोधीहरू छन्, तिनीहरू हाम्रा साथ हुनेछन् र जो हुने छैनन्, तिनीहरू आतंकवादका पक्षमा हुनेछन् ।"

यसरी सेप्टेम्बर ११ पछि क्रमशः अमेरिका आफ्नो ताकत, हैकम देखाउँदै आइरहेको छ र त्यसलाई धनाढ्य पश्चिमा राष्ट्रहरू र पछिल्लो कालसम्म शत्रु रहेको रूसी नेतृत्वले पनि साथ दिइरहेको छ ।

भण्डै एक महिनाअघि अमेरिकी छापाहरूमा राष्ट्रपति महोदयको एउटा घोषणा उच्चस्तरीय दादागिरी शैलीमा बाहिर आयो । त्यसमा भनिएको थियो- "केन्द्रीय गुप्तचर सेवाले इराकी राष्ट्रपतिलाई सत्ताच्यूत गर्नेछन्, चाहे तिनलाई वा तिनको नश्वर शरीरलाई समाप्त पारेर नै किन नहोस् ।"

२५ जून, २००२ का दिन अमेरिकी राष्ट्रपतिले आफ्ना शक्तिशाली सञ्चार माध्यमहरूमार्फत् इजरायल राज्यको जन्म कालदेखि नै विस्थापित भएका प्यालेष्टाइनी जनताहरूलाई आह्वान गर्दै भने- "शान्ति प्राप्त गर्नका लागि प्यालेष्टाइनीहरूले नयाँ नेतृत्व चुन्नुपर्दछ, जसले प्यालेष्टाइन राज्यलाई जन्म दिन सकोस् र त्यो नेतृत्वले आतंकवादसंग हात नमिलाओस् ।"

उनको आशय प्रष्ट थियो । वर्तमानमा निर्वाचित नेता यासेर अराफतलाई नेतृत्वबाट हटाइनुपर्छ । किनकि अहिलेको प्यालेष्टाइन नेतृत्वले अमेरिकी शासकको दृष्टिमा आतङ्कलाई इन्कार गर्नुको सट्टा सहयोग गरिरहेको छ । उनले थपे- "संयुक्त राज्य अमेरिकाले त्यति बेलासम्म प्यालेष्टाइन राज्यलाई समर्थन गर्ने छैन, जबसम्म प्यालेष्टाइन नेतृत्व आतंकवादविरूद्ध लड्दैन र आतंकवादीहरूको पूर्वाधार नष्ट गर्दैन ।"

इराक र इराकी राष्ट्रपति सद्दाम हुसैनमाथि दिइएका धम्कीहरू नयाँ होइनन् । उत्तर कोरिया र इरानमाथि लगाइएका लान्छनाहरू नयाँ होइनन् । तर प्यालेष्टाइन नेता अराफातमाथि किन यो डङ्का बजाइयो ? किन उनलाई विस्थापित गर्न खोजियो ? यो निक्कै महत्वपूर्ण र पाठ सिक्नुपर्ने खालको विषय हो ।

### अराफतको पतनको चाहना

अहिलेका अरब राष्ट्रहरूमध्ये अधिकांश राष्ट्रहरू तानाशाहीहरूले संचालन गरिरहेका छन् । कहीं आदर्शवादी तानाशाह (Benevolent Dictatorship) र कहीं मैत्रीपूर्ण अमीरहरू । तिनीहरूले आफ्नो देशमा कहिल्यै चुनाव गराउँदैनन् । कहिल्यै राजनैतिक स्वतन्त्रता आफ्ना जनतालाई दिएका छैनन् । यदि जनताले विद्रोह गरिहाले भने त्यसलाई अमेरिकी वा पश्चिमी फौज र हतियारको माध्यमबाट कुचल्ने गरेका छन् । तिनीहरूको तुलनामा प्यालेस्टाइनी जनताहरूको माभमा चुनाव हुनेगर्छ । दलीय प्रजातान्त्रिक आधारमा वर्तमान नेता यासेर अराफत प्यालेष्टाइनी राज्यका निर्वाचित राष्ट्राध्यक्ष हुनुहुन्छ । प्यालेष्टाइनहरू अन्य अरबहरूको तुलनामा धरै प्रतिस्पर्धी छन्, भण्डै-भण्डै इजरायलीहरूको तुलनामा सेखासेख छन्, हाराहारी छन् । प्यालेष्टाइनहरूको यो प्रजातान्त्रिक प्रकृयाको विकासले अन्य अरब राष्ट्रका जनताहरूलाई भकभक्याएका छन्, जागरूक हुन, प्रजातान्त्रिक हुन, स्वतन्त्र हुन र अरू ( इजरायलले)ले कब्जा गरेको आफ्नो राष्ट्रिय भूभागलाई पुनः प्राप्त गर्न । यस हिसाबले बाहिर बाहिर प्यालेष्टाइनहरूलाई समर्थन गर्नुपरे पनि आफ्ना जनताबाट लखेटिनुपर्ने डर अरब मुलुकहरूका तानाशाहहरूलाई परेको छ । त्यसैले उनीहरू प्यालेष्टाइन नेता अराफातलाई नेतृत्वबाट निष्कासन गर्न चाहन्छन् ।

बौद्धिक, क्षमतावान, परिश्रमी, समानता र प्रजातन्त्रका पक्षपाती प्यालेष्टाइनहरूको प्रभावको विस्तार हुँदा अभ भनौं, स्वाभिमानी प्यालेष्टाइनी राज्यको स्थापना हुँदा इजरायलीहरूको अरब राष्ट्रहरूमा रहेको हैकमको समाप्ति हुन्छ । उसले सन् १९६७ मा हडपेको सिरिया, जोर्डन र लेबनानको जमिन फिर्ता गर्नुपर्ने हुन्छ । त्यस हिसाबले उनीहरूको हैसियतमा, प्रभावमा कमी आउनसक्छ । इजरायलको प्रभाव अरब मुलुकहरू अर्थात् मध्यपूर्वको सम्पूर्ण भू-भागमा घट्नु भनेको एकछत्र साम्राज्य चलाउने चाहना राख्ने संयुक्त राज्य अमेरिकाको हैकम, पूँजीवादी विस्तार र तेलबाट उसका बहुराष्ट्रिय कम्पनीहरूले गरिरहेको नाफा घट्नु हो । राजनैतिक प्रभाव र विस्तार घट्नु हो, त्यसैले अमेरिका संसारमा अहिलेसम्म स्थापित प्रजातान्त्रिक मूल्य र मान्यता विपरीत प्यालेष्टाइनी जनतामा नेतृत्व परिवर्तनको माग गरिरहेको छ, जो अत्यन्त निकृष्ट र प्रभुत्ववादी निर्णय हो । अमेरिका श्री अराफतको पतनमा इजरायलीहरूको प्रभुत्ववादको संरक्षण गर्न चाहन्छ र सदियौंदेखि शोषण गरिरहेका आफ्ना बहुराष्ट्रिय निगमहरू तथा तिनका तानाशाही व्यापारिक पार्टनरहरूको शोषणको हित-रक्षालाई निरन्तरता दिन चाहन्छ ।



अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुश

**अमेरिकी राष्ट्रपति महोदयको एउटा घोषणामा भनिएको थियो- "केन्द्रीय गुप्तचर सेवाले इराकी राष्ट्रपतिलाई सत्ताच्यूत गर्नेछन्, चाहे तिनलाई वा तिनको नश्वर शरीरलाई समाप्त पारेर नै किन नहोस् !"**



इराकी राष्ट्रपति सद्दाम हुसेन

**इराकी राष्ट्रपति सद्दाम हुसेनको पतनको पुरानो अमेरिकी चाहनाले सद्दामको सत्तालाई अरू मजबूत पारिरहने छ ।**

### पतनको खोजी र युद्धको विस्तार :

इराकी राष्ट्रपति सद्दाम हुसेनको पतनको पुरानो अमेरिकी चाहनाले न त सद्दामको पतन नै भयो, न त हुनेछ । यसले त अमेरिकाविरोधी राष्ट्रवाद नै त्यहाँ फैलिरहेको छ र सद्दामको सत्तालाई अरू मजबूत पारिरहने छ । हुन त अहिले पनि इराकको उत्तरी भागमा पश्चिमापक्षीय कुर्दिस डेमोक्र्याटिक पार्टी (KDP) र इरान पक्षीय इरानीयन प्याट्रोयटिक युनियन अफ कूर्दिस्तान (PUK)ले सद्दामको सत्तालाई हल्लाइरहेका छन् भने दक्षिणका सियाहरूले पनि लखेटिरहेका छन् । तथापि अमेरिकी धम्की र हिंसाले त्यहाँको खास प्रतिपक्षलाई सहयोग पुऱ्याइरहेको छैन । इराकी प्रतिपक्षहरू वास्तवमा प्रजातान्त्रिक संघीय इराकी राज्य बनाउन चाहन्छन् । उनीहरू सुन्नी, सिया, क्रिष्चियन र कुर्दिस अल्प संख्यकहरूको सामूहिक राज्यको रूपमा स्थापना गर्न चाहन्छन् । तर यो उनीहरूको उद्देश्य अमेरिकी हस्तक्षेपका कारण कहिल्यै पुरा हुन सकेन ।

प्यालेष्टाइनी नेता अराफातको विस्थापन, इराकी राष्ट्रपतिको हत्याको आदेश आदिले अफगानिस्तानदेखि पश्चिमका सम्पूर्ण देशहरूमा युद्ध चम्कन सक्छ भन्ने अड्कल काटिरहेका छन्- पश्चिमी यूरोपका अमेरिकी पार्टनरहरू, खासगरी बेलायत, फ्रान्स, जर्मनी र अन्य युरोपियन सहयोगीहरू । अमेरिकी घोषणापछि हुनसक्ने जनविद्रोह र युद्ध तथा आतंकवादले अर्को तेस्रो विश्वयुद्धलाई निम्त्याउन सक्ने आशंका तिनमा पलाएको छ । वास्तवमा, उनीहरूको आशंकाले मूर्त रूप लिनसक्छ भन्ने कुरा अहिले पनि तालेबान र अलकायदाले अफगानिस्तानमा गरिरहेको युद्धले र इराकमाथि हमला भयो भने इरानले सहन नसक्ने इरानी प्रतिक्रियाले उजागर गरेको छ । त्यसमाथि आधा सतकदेखि आफ्नो स्वतन्त्र राज्यको चाहना गरिरहेका प्यालेष्टाइनहरूको भूमिकाले आगोमा घिउ थपिदिनसक्छ । उदारवादी अर्थतन्त्र, अन्तरराष्ट्रिय शोषणको अत्यधिकता र स्वतन्त्रताको हननले आक्रान्त भैरहेका तेस्रो विश्वका जनता त्यसै पनि आफ्ना शासक मण्डलीहरूसँग पश्चिमा साम्राज्यवादी शोषणका कारण विरूद्धमा छन् । त्यसमाथि एउटा स्वतन्त्र, सार्वभौमसम्पन्न जनता र राष्ट्रमाथि गरिने हस्तक्षेपले निम्त्याउने कुरा पनि त्यही नै हो । ❑




**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार**को ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफको सु-स्वास्थ्य एवं दीर्घायुको **हार्दिक मंगलमय शुभकामना** चढाउँदछौं ।

**श्री रमाकान्त मैनाली**

*महाप्रबन्धक*

**औद्योगिक क्षेत्र व्यवस्थापन लि.**

*बालाजु, काठमाण्डौं*



**हार्दिक मंगलमय शुभकामना**



**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार**को ५६ औं शुभजन्मोत्सवको पुनित अवसरमा मौसूफ सरकारको सुख, शान्ति, दीर्घायु एवं सु-शासनको लागि भक्तिपूर्वक **हार्दिक मंगलमय शुभकामना** टक्राउँदछौं ।

**राष्ट्रिय वाणिज्य बैंक**

**परिवार**



**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार**को ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफको सु-स्वास्थ्य एवं दीर्घायुको **हार्दिक मंगलमय शुभकामना** चढाउँदछौं ।

**नेपाल खानेपानी संस्थान**

*परिवार*



शासनसत्ताको आयु लम्ब्याउने चेष्टा त्यहाँ भइरहेको छ । ल्याटिन अमेरिकासम्बन्धी विशेषज्ञहरूको अनुमानअनुसार, अब अर्जेन्टिनाका मुखेञ्जी दुईवटा विकल्पहरूमात्रै बाँकी छन् : एक- सन् १९७६ देखि १९८६ सम्म फलामे बूटले 'फोहोरी युद्ध' चलाएको जस्तै सैनिक शासनतिर प्रतिगमन गर्ने मार्ग, दोस्रो- अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकजस्ता विदेशी शक्ति र बहुराष्ट्रिय कम्पनीहरूको नीति-निर्देशनमा चल्ने कठपुतली शासनलाई तोडेर श्रमिकहरूको स्वतन्त्र राज्यसत्ता स्थापना गर्ने मार्ग ।

### *क्रान्तिपूर्वको अवस्था*

दिनानुदिनको बढ्दो जनसंघर्षमा अब श्रमिकहरूको माग र नेतृत्व प्रतिनिधिहरूको हातमा केन्द्रित छन् । अर्जेन्टिनाका वामपन्थी शक्तिहरू सडक संघर्ष र जनमतको बलमा सरकार परिवर्तन गर्ने हदसम्म पटक पटक सफल भएका छन्, तर सत्ता शक्ति हत्याउने क्षमतासम्म उनीहरू पुगिसकेका छैनन् । त्यसैले सत्ता-शक्ति एउटा भ्रष्ट, अनैतिक र अप्रजातान्त्रिक पार्टी र त्यसका नेताको हातबाट खोस्दानखोस्दै अर्को त्यस्तै पार्टी र नेताको हातमा पुगिसकेको हुन्छ । अहिले पनि डि ला रुआको सरकार ढल्दा नढल्दै तीनवटा सरकारपछि फेरि पनि रुआकै जस्तो सारतत्व भएको डुहाल्डे सरकार सत्तासीन भएको छ । किन जनविद्रोहको राँको दनदनी बलिरहेको बेला पनि अत्यन्त घृणा गरिने, भ्रष्ट

*पुरानो सैनिक शासनको तीक्तता पोख्दै कोर्डोबा शहरको सडकमा उत्रिएका २५ हजार मानिसहरूले प्रतिगमनविरूद्ध सतर्कता ब्यक्त गरे (बाँयाँ) र अर्जेन्टिनाका भोका जनताहरू आफ्ना बच्चाहरूका साथ थाल ठटाउँदै पूँजीवादी शासनविरूद्ध आक्रोश पोख्दैछन् । (तल)*



# वामपन्थतिर ढल्किँदो अर्जेन्टिनाको जनविद्रोह

• राजेन्द्र महर्जन

### *दुई वटा विकल्प*

ल्याटिन अमेरिकाको एउटा विकसित र त्यहाँको तेस्रो ठूलो अर्थतन्त्र भएको मुलुक अर्जेन्टिनामा दिनदिनै बढ्दै बढ्दै गइरहेको विद्रोहको लहर हेर्दा सबैले छर्लङ्गै देख्छन्- त्यहाँका सबै रूपरंगका पूंजीवादी पार्टीहरू अहिलेको गम्भीरतम् राष्ट्रिय संकट टार्नसमेत सक्षम र योग्य छैनन्, उनीहरूमा संकट समाधान नै गर्ने क्षमता हुने त झन् टाढैको कुरा भयो । त्यसैले उनीहरूले न पुरानै ढर्रामा पूंजीवादी शासन चलाउन सकिरहेका छन्, न त उनीहरू वैकल्पिक, जनमुखी समाधानको ढोका खोल्न तम्तयार छन् ।

विश्व बैंक र अन्तरराष्ट्रिय मुद्राकोषको नीति-निर्देशनमा आँखा चिम्लेर हिँड्दा भड्खालोमा परेका अर्जेन्टिनाका पूंजीपतिहरू र उनीहरूको प्रतिनिधित्व गर्ने राजनैतिक पार्टीहरूको शासनसत्ता धेरै हदसम्म मक्किइसकेको छ र पनि जनविद्रोहको आगो फैलिने क्रमसँगै पटक पटक सत्तासीन पार्टी र राष्ट्रपतिहरू फेर्दै आफ्नो राष्ट्रिय नेतृत्व र सर्वस्वीकृत मागको रूपमा विकसित हुँदै गइरहेको छ । साम्राज्यवाद र पूँजीवादविरोधी श्रमिक संगठनका नाराहरू अचेल उच्च र निम्न मध्यमवर्गका प्रदर्शनकारीहरूको सडक-सडकका 'ब्याटल क्राई' (युद्धघोष)का रूपमा गुञ्जन थालेका छन् । जनमत र सडक विस्तारै वामपन्थतिर ढल्किँदै-ढल्किँदै गइरहेको छ । विद्वान जेम्स पेट्रासका अनुसार मध्यमवर्ग पनि यसै दिशातिर उन्मुख छ । तर सत्ता र सत्ताका यन्त्रहरू अझै पनि पूंजीपतिवर्गकै र अप्रजातान्त्रिक चरित्र भएका जष्टिशियालिष्ट र पेरोनिष्ट पार्टीका हाकिमहरू नै पटक पटक सत्तासीन हुन सफल भए ?

ल्याटिन अमेरिकाका विशेषज्ञहरूका अनुसार अत्यन्त डरलाग्दो ढंगले भइरहेको विस्फोटनले सही दिशा र सक्षम नेतृत्व पाएमा अर्जेन्टिनाको स्थिति क्रान्तिको रूपमा अभिव्यक्त हुनसक्छ । एकजना विज्ञ एण्डी म्याकलननींका अनुसार, चर्को आर्थिक संकट, अमेरिकी साम्राज्यवादसँगको अन्तरविरोध र अर्जेन्टिनाको

# बेरोजगार मजदूरहरूको आन्दोलनको गाथा

शासकवर्गमा चर्किरहेका संकटकाबीच चलिरहेको जनविद्रोहको लहर क्रान्तिअघिका हलचलहरू हुन् ।

## नेतृत्वको समस्या

लाखौं लाख मानिसहरूको सहभागिता भइरहेका जनविद्रोहहरूलाई क्रान्तिको उत्कर्षसम्म विकसित गर्न र मक्किइसकेको पूंजीवादी राज्यसत्तालाई नष्ट गर्नका लागि खट्किने हदसम्मको अभाव भनेको कुशल नेतृत्व र नेतृत्वदायी संगठनको हो । प्रत्येक क्षण पूंजीवादी राज्यसत्तालाई हल्लाउन सक्ने जन-आन्दोलनहरू जतिसुकै शक्तिशाली भए पनि क्रान्ति नहुनुको कारण खोतल्ने क्रममा धेरैजसो ल्याटिन अमेरिकाविद्हरूले कुशल नेतृत्व र नेतृत्वशाली संगठनको अभावतिर संकेत गरिरहेका छन् । जनआन्दोलनलाई क्रान्तिको चरणसम्म विकसित गर्न सक्ने नेतृत्वको कुरा गर्दा दुई तीनवटा पक्षतिर विचार गरिन्छ । एक- कुन वर्गको नेतृत्वमा क्रान्ति हुनसक्छ ? दुई- कस्तो खालको संगठनले त्यस्तो वर्गको नेतृत्व गर्नसक्छ ? त्यस्तो संगठनको ढाँचा, त्यसको जनवादी केन्द्रीयता कस्तो हुन्छ ? आन्दोलनको सार र रूप, प्रकृति र प्रवृत्ति कस्तो हुनसक्छ ?

अहिले उच्च, मध्यम र निम्नवर्गका आन्दोलनकारीहरूको नेतृत्व गरिरहेको 'बेरोजगार मजदूरहरूको आन्दोलन' (MTD) ले यी सवालहरूमा धेरै नै सकारात्मक जवाफहरू पहिल्याउने र तिनलाई व्यवहारमा उतार्ने प्रयास गरिरहेको छ । समतलीय सांगठनिक ढाँचा (हार्डवेयर), आन्तरिक प्रजातन्त्र र केन्द्रीयताको सन्तुलनमा अगाडि बढ्ने प्रक्रिया (सफ्टवेयर), मजदूरहरूबाटै बिकसित भएको अनौपचारिक र हार्दिक खालको नेतृत्व र चित्त नबुझे नेतृत्वलाई फिर्ता बोलाउन सकिने प्रावधानले यसको सांगठनिक नेतृत्व धेरै हदसम्म कुशल, योग्य र क्षमतावान छ भन्ने कुरातिर संकेत गरिरहेका छन् । प्रत्यक्ष प्रजातन्त्रको अभ्यास, प्रत्यक्ष कारवाहीहरूबाट ठोस उपलब्धि हासिल गर्ने प्रयास, जनआधारित संगठन र नेतृत्वको विकास तथा जनताकै आलोचनात्मक विवेकसहितको प्रत्यक्ष सहभागितामा हुने निर्णय र निर्णयको क्रियान्वयनले यसको जनताप्रतिको गहिरो प्रेम, भरोसा र उत्तरदायित्वलाई पुष्टि गरिरहेका छन् भन्दा अत्युक्ति नहोला ।

## अनुत्तरित प्रश्नहरू

त्यसैले, यस आन्दोलनसँग जोडिएका विद्वान जेम्स पेट्रासले लेखेका छन्- अनुभवहरूले के सिद्ध गरेका छन् भने, यस्ता खालका नयाँ जनआन्दोलनहरूले संघर्षलाई दिगो बनाइराख्न सक्छन्, हिंसात्मक दमन-उत्पीडनको प्रतिरोध गर्न सक्छन् र तत्कालीन एवं अल्पकालीन छूट र सुविधा प्राप्त गर्न सक्छन् । यस्ता नयाँ खालका जन-आन्दोलनहरूले किसान र मजदूरहरूको सचेत र संगठित अभियानमार्फत् स्थानीय संघर्षहरूलाई पनि राष्ट्रिय आन्दोलनसंग जोड्ने र राज्यसंग टक्कर लिने कार्यमा सफलता प्राप्त गर्न सक्छन् । र, गाउँलेहरू र शहरका झुप्रेहरूका स्थानीय संघर्षले पनि विश्वव्यापीकरणको क्रममा रहेको नग्न पूंजीवादीलाई 'ब्रेक' लगाउन टेवा पुऱ्याउन सक्छन् ।

अनि क्रान्ति नि ? के यस्ता जन-आन्दोलनहरू क्रान्ति गर्न सफल हुनसक्छन् त ? जेम्स पेट्रास लेख्छन्- धेरै सवालहरू अहिलेसम्म अनुत्तरित नै छन्, तीमध्ये क्रान्तिको सवाल सबैभन्दा महत्वपूर्ण पक्ष हो । के अहिले राज्यसत्ताविरूद्ध संघर्षरत सबै राष्ट्रिय राजनैतिक शक्तिहरूलाई यस्ता आन्दोलनहरूले एकताबद्ध गर्न सक्छन् ? एकताबद्ध संघर्षद्वारा राज्यसत्तामा परिवर्तन गर्न सक्छन् ? यी आन्दोलनहरूले पूंजीवादी अर्थतन्त्रलाई बदल्नका लागि आवश्यक पर्ने वर्गीय शक्तिकेन्द्रहरू सिर्जना गर्ने उद्देश्य राखेर मजदूरहरूसँग एक ढिक्का हुने अनि रोजगारदाता राष्ट्रिय पूंजीपति र झन् झन् तल खसिरहेको मध्यमवर्गसँग संश्रय गर्ने कार्य गर्न सक्छन् ? अहिले स्थानीय स्तरमा निर्माण र अभ्यास गरिएका वैकल्पिक जनसत्ताहरू नयाँ जनसत्तामा आधारित समाजवादका आधार स्तम्भहरू हुन सक्छन् ?

निश्चित रूपमा अहिले यी प्रश्नहरू अनुत्तरित नै छन् । तर यथार्थ के हो भने यी प्रश्नहरूको उत्तर खोज्ने प्रयास चाहिं निरन्तर जारी छ । संगठन र संगठनको प्रभावमा भएको अभूतपूर्व विस्तारसँगै बेरोजगार मजदूरहरूको आन्दोलन (MTD) ले आफ्ना सबलताहरूसँगै कमी-कमजोरीहरूको बारेमा पनि आत्मसमीक्षा गरिरहेको छ । जेम्स पेट्रासले यस आन्दोलनभित्र आफ्ना कमी-कमजोरीहरूको पहिचान र तिनको निराकरणको बारेमा भइरहेको प्रयासको आलोकमा माथि उल्लेखित प्रश्नहरूलाई सन्दर्भित गर्न खोजेका छन् ।

## आन्दोलनका कमजोरीहरू

### ❑ स्थानीयतावाद

निश्चित रूपमा यो आन्दोलन अरू संगठनझैं आकाशबाट जमीनमा झरेको होइन, यो जमीनमा फैलिएका असंख्य संगठनहरूको संजाल हो । माथिबाट तल झर्नेहरूको स्वभावभन्दा ठीक उल्टो प्रवृत्ति यसका कुनै कुनै स्थानीय संगठनहरूमा देखिएको छ । त्यो प्रवृत्ति हो- स्थानीयतावाद ।

गाउँदेखि शहरका वडा, टोल र छरछिमेकमा स-साना जनसमस्याहरूमा आधारित संघर्षको क्रममा संगठित यसका संगठनहरू अरू ठाउँका संगठनहरू, हामीकहाँका कम्युनिष्ट पार्टी र जनवर्गीय संगठनहरूका प्रशासनिक इकाईझैं गाँसिएका छैनन्, अत्यन्त खुकुलो संजालमा आवद्ध छन् । बरू आफ्नो नीति, कार्यदिशा र कार्यक्रम बनाउन अत्यन्त स्वतन्त्र र स्वायत्त रहने यस्ता संगठनहरूमध्ये केहीमा भने स्थानीयता निकै नराम्ररी हावी भइरहेको छ । राष्ट्रिय-अन्तरराष्ट्रिय परिस्थितिलाई नहेरिकन स्थानीय स्तरमा मात्रै काम-कारवाही गर्ने प्रवृत्ति उनीहरूमा बढेको छ ।

> निश्चित रूपमा यो आन्दोलन अरू संगठनझैं आकाशबाट जमीनमा झरेको होइन, यो जमीनमा फैलिएका असंख्य संगठनहरूको संजाल हो ।

यस आन्दोलनमाथि अचेल राज्यले हिंसात्मक दमन गर्ने क्रममा हत्या, सामूहिक गिरफ्तारी र सैनिक हस्तक्षेप गर्ने तथा आर्थिक नाकाबन्दीसमेत लगाउने काम गरिरहेको सन्दर्भमा राष्ट्रिय स्तरमै प्रतिरोध अभियान चलाउनु आवश्यक हुन्छ । राज्यको हिंसात्मक दमन र उत्पीडनबाट मुक्ति पाउन र सरकारबाट छूट, सुविधा र अधिकारहरू हासिल गर्न राष्ट्रिय स्तरमा सामूहिक कारवाही चलाउन नसकिए राज्य झन्झन् आक्रामक



*कोर्दोबास्थित छाना नभएको घरअगाडि उभिरहेको यो गरीब परिवारले कहिले सामाजिक सुरक्षा पाउने होला ?*



*पूँजीवादी शासन र प्रतिगमनको खतराविरूद्ध आयर्सका बासिन्दाहरू आन्दोलनकारीहरूसँग ऐक्यबद्धता प्रदर्शन गर्दै*

हुन्छ, मान्छेको रगत, मासु खाएर पल्किसकेको हिंस्रक बाघझैं ।

तर यसका केही स्थानीय नेता र संगठनहरू भने राष्ट्रिय स्तरबाट अगाडि बढ्ने कुरामा सहमत भइरहेका छैनन् । आ-आफ्नो इलाकामा राज्य दमनको प्रतिरोध आन्दोलन र अधिकार प्राप्तिको संघर्षमा ठूलो जनसहभागिता जनाउन सफल हुँदाहुँदै पनि राष्ट्रिय स्तरमा सोच्ने र काम-कारवाही अगाडि बढाउने मामिलामा उनीहरू असफल हुनु दुर्भाग्यको विषय बनिरहेको छ । राष्ट्रिय स्तरको संगठनको संजालको निर्माण र संयुक्त काम-कारवाहीप्रतिको वितृष्णाचाहिँ आश्चर्यचकित पार्ने खालकै देखिन्छन् । आन्दोलनले यसलाई स्थानीयतावादको प्रभाववश फैलिने रोगको रूपमा लिइरहेको छ । सन् २००१ सेप्टेम्बरसम्ममा राष्ट्रिय स्तरमा कार्यदिशा तय गर्न बोलाइएका राष्ट्रिय भेलाहरूमा जनरल मोस्कानी लगायत केही क्षेत्रका प्रतिनिधिहरूको अनुपस्थितिलाई यही परिप्रेक्ष्यमा हेरिएको छ ।

### ❑ वैचारिक अस्पष्टता

अति केन्द्रीकरणको कारणले खुम्चिरहेको विश्वका जनआन्दोलनहरूको पंक्तिको तुलनामा विकेन्द्रीकरणको भण्डा बोकिरहेको यस आन्दोलनको एउटा प्रमुख खुबी भनेकै विकेन्द्रित संरचना र प्रजातान्त्रिक निर्णय-प्रणाली हो । यसले स्थानीय पहलकदमी, स्थानीय नेतृत्वको विकास र स्थानीय स्वायत्तताको रक्षाको शर्तमा मात्रै केन्द्रीयताको पक्ष लिइरहेको छ ।

तर स्थानीयता बेसी हावी भएकै कारणले स्थानीय संगठनहरूमा राजनीतिक र व्यक्तिगत मत-मतान्तरहरू बढ्दै गएका घटनाहरू धेरै नै देखिन थालेका छन् । वैचारिक स्पष्टताका लागि घनीभूत गृहकार्य नगरिएमा भविष्यमा यस आन्दोलनको सांगठनिक ढाँचा र एकीकृत कारवाहीमै आँच आउनसक्छ । यसको ठोस उदाहरण हो- संसदीय चुनावबाज पार्टीहरूलाई पूरै अस्वीकार गर्ने यस आन्दोलनमा वामपन्थी पार्टीहरूलाई हेर्ने र तिनीहरूसँगको सहकार्य गर्ने सवालमा मतैक्यता भइसकेको छैन । त्यसैले यस आन्दोलनका केही नेताहरू वामपन्थी पार्टीहरू, विशेष गरी नवगठित वामपन्थी संगठन 'सोशल पोल'का विभिन्न पदहरूमा बसेर कार्य गर्ने र सहकार्य गर्नुपर्ने विचार र व्यवहार बोकेर हिँडिरहेका छन् ।

त्यस्तै पहिलेदेखि स्थापित विद्रोही मजदूर यूनियनहरूसँगको अन्तरसम्बन्धबारे पनि वैचारिक अस्पष्टता कायम छ । केही नेताहरू CTA र ATE सँग यस आन्दोलनको अन्तरसम्बन्धको प्रश्नसमेत कहीं तिनीहरूको प्रभाव र दवाबमा फँस्ने पो हो कि भन्ने आशंका बीच अगाडि बढिरहेको छ ।

राजमार्गमा 'पिकेटिङ' गर्ने क्रममा विगतमा ATE को प्रभाव स्वरूप मुख्य बाटाहरू पूरै बन्द गरेर सहायक मार्गहरू चाहिँ खुला छोड्ने र पूंजीपतिहरूका उत्पादित सामग्री र कच्चा पदार्थको आवत-जावतका लागि अप्रत्यक्ष रूपमा छूट दिने कार्य भएपछि यस्ता आशंकाहरू व्याप्त हुनथालेका हुन् । यसरी छूट दिंदा मध्यमवर्गीय सहानुभूति प्राप्त गर्ने र श्रम मन्त्रालयसँग 'सौहार्दपूर्ण सम्बन्ध' स्थापित गर्ने कार्यमा सहायक हुने तर्कले यस आन्दोलनको विवेकसम्मत लडाकूपना र उपलब्धिमूलक प्रत्यक्ष कारवाहीमा ह्रास आउने संभावनालाई नजरअन्दाज गर्न मिल्दैन ।

यी र यस्ता सवालहरूका साथै अहिलेको पूंजीवादी व्यवस्थालाई परिवर्तन गर्ने र परिवर्तनपछि विभिन्न क्षेत्रहरूमा गरिनुपर्ने न्यायपूर्ण र समतामूलक सिर्जनाका सवालहरूमा पनि सबै संगठन र कार्यकर्ताहरूबीच मोटामोटी रूपमा वैचारिक प्रष्टता हासिल भइनसकेको हो कि भन्ने प्रश्न पनि अनुत्तरित नै छ ।

### ❑ परम्परागत पार्टी र नेताहरूको घुसपैठ

यस आन्दोलनको मुख्य प्रवृत्ति भनेको काम-कारवाहीमा स्वायत्तता र स्वतन्त्रता हो, जसले संघर्षलाई उपलब्धिमूलक र प्रभावशाली बनाउन र स्वतन्त्र पहिचान कायम गर्न टेवा दिँदै आइरहेको छ । यस आन्दोलनको यही क्षमता देखेर परम्परागत पार्टी र तिनका नेताहरू यसका अभूतपूर्व जनपरिचालनहरूमा सहभागिता जनाई कार्यकर्ताहरूको सहानुभूति बटुल्ने, यसका मागहरू आफैंले पनि घन्काएर आफ्नो पार्टीप्रतिको समर्थनका लागि आह्वान गर्ने, संघर्षका क्रममा सरकार र यस आन्दोलनबीच मध्यस्थता गर्ने र रोजगारी दिने-दिलाउने प्रलोभनमा फसाउन खोज्ने एवं चालबाजीद्वारा यस आन्दोलनलाई विभाजित गर्न खोज्ने तथा यसका कार्यकर्ताहरूलाई आफूतिर तान्ने कार्यमा पूरै संलग्न छन् ।

निश्चित रूपमा यस्ता कार्यहरूबाट यो आन्दोलन त्यति धेरै प्रभावित भइरहेको छैन । यसका कार्यकर्ताहरूले पनि त्यस्ता पार्टीका भ्रष्ट नेताहरूका अवसरवादी कार्य र भ्रमपूर्ण चालबाजीहरूको प्रतिरोध गरिरहेका छन् । आफ्ना कार्यकर्ता र समर्थकहरूको चेतनास्तर र क्रियाशीलतालाई भन्‌भन् उँचो बनाइराख्ने कार्यमा अहिले देखिएका कमी-कमजोरीहरू सच्याउने प्रयासलाई निरन्तर जारी राख्नु जरूरी हुन्छ ।

यस आन्दोलनको अभूतपूर्व लोकप्रियता र व्यापक संगठन विस्तार देखेर लोभिएका यस्ता अवसरवादी पार्टीहरूले यस आन्दोलनलाई निल्न वा आफूमा समाहित गर्न प्रयास गर्नु नौलो कुरा होइन । यस्तो प्रयासविरूद्ध चलाइने वैचारिक-राजनैतिक अभियान, र संघर्षका कार्यक्रमले तिनीहरूलाई अवश्य पनि पाखा लगाउने छन् । तर हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ भनेजस्तै यस्ता प्रयासहरूको परिणाम पनि सकारात्मक हुनसक्छ । कथंकदाचित राज्यसत्ता भन् कठोर र दमनकारी हुने वा सैनिक शासन कायम हुने स्थितिमा यस्ता अवसरवादी पार्टीहरू पनि 'सुरक्षित छाता' हुने संभावना पनि छ ।

### ❑ विद्यार्थीहरू साथी हुन् कि संकटका बाहक ?

यस आन्दोलनका धेरैजसो संघर्षका कार्यक्रमदेखि लिएर जनसभा र छिमेकी सभाहरूमा विद्यार्थीहरूको विशेष सहभागिता रहँदै आएको छ । यस आन्दोलनको प्रभावशाली कार्यक्रमबाट आकर्षित तप्काहरूमध्ये विद्यार्थीहरू पनि कला-संस्कृतिकर्मी, गैर-सरकारी संस्थाका प्रतिनिधिहरू-जस्तै क्रियाशील छन् । निश्चित रूपमा उनीहरूको सहभागिताले यस आन्दोलनको सामाजिक संरचना बेरोजगार मजदूरहरूको तप्काभन्दा फराकिलो भएको छ । तर तिनीहरूको दिक्क हुने खालको लामो लामो भाषणबाजी र कुनै ठोस विकल्प, स्पष्टता र नयाँ भिजन दिन नसक्ने अन्तर्क्रियाले जुभारू बेरोजगार मजदूरहरूमा चिढ्चिढाहट शुरू गरेको छ र विभाजनको रेखा कोर्न थालेको छ । निःसन्देह, विद्यार्थीहरूको अत्यन्त जटिल र व्यापक गन्थनलाई बेवास्ता गर्दै बेरोजगार मजदूरहरू सटिक, फलदायी र जुभारू संघर्षमा क्रियाशील छन्, तर आफ्नै विद्यार्थी साथीहरूबाट संकट र समस्या पनि व्यहोरिरहेका छन् ।

### ❑ जनविद्रोहतिर केन्द्रित आशावादी आँखाहरू

सर्वविदित पक्ष के हो भने संगठन र सांगठनिक प्रभाव जति जति विस्तार हुँदै जान्छन्, त्यति त्यति नयाँ समस्या र संकट पनि आइलाग्छन् र, कमजोरीहरू पनि देखा पर्न थाल्छन् । यो मुख्य पक्ष होइन । मुख्य पक्ष हो- यस्ता समस्या र संकटहरू भेल्नका लागि, आफ्ना कमी-कमजोरी चिन्न र सफलता-असफलताबाट पाठ सिक्नका लागि

आन्दोलनकारीहरूमा हुटहुटी, सिक्ने उचित प्रक्रिया र पद्धति छ कि छैन भन्ने कुरा । यस आन्दोलनमा नेता र कार्यकर्ताहरूबीच कुनै साँध-सिमाना नराखीकन छलफल गर्ने प्रक्रिया, आफ्ना समर्थक र कार्यकर्ताहरूका अध्ययन, अनुभव र ज्ञानको संश्लेषण गर्ने पद्धति एवं स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरको सांगठनिक ढाँचाभित्र बसेर मतभेद र अस्पष्टता हटाउने शैली तथा काम-कारवाहीमा एकरूपता कायम गर्ने जुन प्रयासहरू भइरहेका छन्, तिनै प्रयासहरूको क्रममा तिनीहरूले समाधानका उपायहरू खोजी हाल्छन्, समाधानहरू नभेट्टिए फेरि फेरि चिन्तन र कर्मको मन्थन गर्छन् र अन्ततः उपाय भेट्टाएरै छाड्छन् ।

अहिले विश्वभरिका न्यायप्रेमी जनताको ध्यान अर्जेन्टिनाको जनआन्दोलनतिर गइरहेको छ । त्यहाँका बेरोजगार मजदूरहरूको आन्दोलनको नौलो ढंगको संघर्षको पद्धति र सांगठनिक ढाँचा र प्रजातान्त्रिक शैलीतिर पनि आशावादी आँखा गइरहेको छ ।

यस्तो स्थितिमा क्रान्तिपूर्वको स्थितिमा रहेको आजको अर्जेन्टिनामा हुने प्रत्येक आन्दोलनका सफलता-असफलताबाट विश्वको न्यायपूर्ण आन्दोलन प्रभावित हुने संभावना बढ्दै गएको छ । निश्चित रूपमा यहाँको स्थानीय र राष्ट्रिय आन्दोलन अमेरिकी साम्राज्यवाद, त्यसको नेतृत्वमा रहेको विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष र तिनीहरूको नीति-निर्देशनमा चल्ने सरकारहरूलाई कडा चुनौतिका रूपमा अभिव्यक्त भइसकेको छ । अब यस आन्दोलनसमक्ष रहेको चुनौति भनेको अर्जेन्टिनाको सामाजिक परिवर्तन हो, न्याय, स्वतन्त्रता, समानता र शान्तिले भरिपूर्ण समाजवादी समाजको सिर्जना हो । ❑

### सन्दर्भ सामग्रीहरू


- *The Unemployed Workers Movement in Argentina by James Petras/ Monthly Review/2002 January*
- *Road Warriors by James Petras/Amercas. Org.*
- *'You have to take action from below' James Petras on Argentina/Socialist Workers Online, Jan-11, 2002*
- *Argentina & Revolt by Tom Lewis/ International Socialist Review : 21/ Jan.- Feb. 2002*
- *Mass Struggle Topples Argentina Government by Andy Mclnerney/Workers World, Vol-44, No- 1*
- *Argentina : Ground Zero for Anti- IMF Movement by Andy Mclnerney/Workers World, Vol-44, No-5*
- *Mass Protests Shake Argentina by Bill Hack well & Alicia Jrapko/Workers World, Vol- 44, No- 13*
- *Argentine Jobless Take Control by Alicia Jrapko/Workers World, Vol-44, No-14*
- *The Battle of the Plaza de Mayo by Daniel Ximenez/Znet- Argentina Watch, Feb.- 2002*
- *Argentina 'Obedient' Victim, Interview with Eduardo Galeano by Jaime Aviles, La Jornada Apr.-14, 2002/ Znet*
- *The Argentine Rebellion by Roger Burbach, Feb.-20, 2002, Z net*
- *Argentina's Rebellion in the Neighbourhoods by Marcela Valente/IPS, Feb-14, 2002*
- *The Penguin History of Latin America by Edwin Williamson/ penguin book, 1992, NewYork, USA.*


◀ अर्थतन्त्र

# नेपालको ओरालोलाग्दो ताजा आर्थिक हालत

- दीपक वैद्य

नेपालको आर्थिक वृद्धिदर गएको १८ वर्षको रेकर्डमा सबैभन्दा तल ओर्लेको तथ्य केन्द्रीय तथ्याङ्क विभागले जनसमक्ष ल्याएको छ । पोहोर ४.७ प्रतिशतका दरले नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) बढेकोमा चालु आर्थिक वर्षको वृद्धि दर १ प्रतिशतभन्दा पनि तल ओर्लने अनुमान प्रक्षेपण कें.त.वि.ले गरेको छ । स्मरणीय छ, यो आर्थिक वर्षको बजेटमा नेपालको आर्थिक वृद्धिदर ६ प्रतिशत रहने अनुमान गरिएको थियो । यथार्थमा चालु वर्षमा ०.७६ प्रतिशतमात्र आर्थिक वृद्धि हुने अनुमान विभागले गरेको छ ।

आर्थिक वृद्धिमा यति चर्को गिरावट आउनुको मुख्य कारण सङ्कटकाल, गृहयुद्ध, विश्वमन्दी र त्यसको कारणले नेपालको औद्योगिक क्षेत्रमा देखिएको शिथिलता भएको बताइएको छ । यो वर्ष नेपालको औद्योगिक उत्पादन वृद्धि दर यति धेरै घटेको छ कि यो -५.८८ का दरले ऋणात्मक रहेको छ । परार नेपालको औद्योगिक उत्पादन वृद्धि दर ७.२ प्रतिशत र पोहोर ३.६ प्रतिशत रहेको थियो । गएको वर्ष कृषि क्षेत्रको उत्पादन वृद्धि दर ४.३३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा त्यो पनि चौपट्टै घटेर १.७ प्रतिशत हुने कें.त.वि.ले अनुमान गरेको छ ।

त्यस्तै, व्यापार, रेष्टुराँ र होटेलमा पनि कारोबार ज्यादै नै घटेर -६.९५ प्रतिशत हुनपुगेको छ, जबकि परार यो ६.७६ प्रतिशतका दरले र पोहोर २.७ ४ का दरले बढेको थियो ।

यो वर्ष नेपालको निर्यातका तीन खम्बाहरु - गलैंचा, गार्मेण्ट र पश्मिनामा पनि ज्यादै चर्को ह्रास आएको छ । गलैंचाको निर्यात २५ प्रतिशतले ओरालो लागेको छ । गार्मेण्टको निकासी ५२ प्रतिशतले घटेको छ भने पश्मिनाको ७५ प्रतिशतले ।

यसप्रकार गृहयुद्ध, संकटकाल र विश्वको मन्दीले नेपालको अर्थतन्त्रलाई ज्यादै नराम्ररी प्रभावित पारेको छ । नेपाल अहिले मन्दीको स्थितिमा छ र यो महामन्दीतिर प्रवेश गर्दैछ ।

### नेपालको विगत ५ वर्षको आर्थिक वृद्धि दर

| *आर्थिक वर्ष* | *वृद्धि दर प्रतिशत* |
|---|---|
| २०५४/५५ मा | ३.२ |
| २०५५/५६ मा | ४.५ |
| २०५६/५७ मा | ६.१ |
| २०५७/५८ मा | ४.७ |
| २०५८/५९ मा* | ०.८ |

* प्रक्षेपित

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

| नेपालको औद्योगिक उत्पादन (*वृद्धि दर प्रतिशतमा*) | | नेपालको कृषि उत्पादन (*वृद्धि दर प्रतिशतमा*) | |
|---|---|---|---|
| *गत वर्ष* | *यो वर्ष* | *गत वर्ष* | *यो वर्ष* |
| +३.६ % | -५.८८ % | ४.३३ % | १.७२ % |


देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीव्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



## असार १७ गते
# सूर्यमा भयंकर ठूलो विष्फोट
# उछिट्टिएको भाग कता गयो ?

हालैमात्र सूर्यको सतहमा भयंकर ठूलो विष्फोटन भएको छ । त्यस विष्फोटनबाट लाखौं-करोडौं टन बराबरको पिण्ड उछिट्टिएर अन्तरिक्षमा बिलिन हुन पुगेको छ । यो घटनाले सौर्यमण्डलको उत्पत्तिबारे वैज्ञानिकहरूलाई ठूलो गहकिलो मशला जुटाइदिएको बताइन्छ । आखिर उछिट्टिएको त्यो पिण्ड कता गयो होला ?

खगोलशास्त्रीहरूको एउटा विचार यो पनि छ कि हाम्रो सौर्यमण्डलको उत्पत्ति सूर्यबाट उछिट्टिएर आएका पिण्डहरूबाट भयो । यो विचारलाई अफै अकाट्य सत्यको रूपमा लिइएको छैन । सौर्यमण्डलको उत्पत्तिका बारेमा अन्य थुप्रै सिद्धान्तहरू पनि जन्मिएका छन् । तर हालैमात्र सूर्यको सतहमा भएको माथि उल्लेखित भयंकर ठूलो विस्फोटनबाट लाखौं करोडौं टन पिण्ड उछिट्टिएर अन्तरिक्षमा छरिएको घटनाले सौर्यमण्डलको उत्पत्तिको सम्बन्धमा माथि उल्लेखित विचारलाई नै पुष्टि गर्न बल प्रदान गरेको छ ।

गत जुलाई महिनाको १ तारिख (गत असार १७ गते)मा *सोहो* (SOHO) अर्थात् सौर्य तथा सौर्यगोला वेधशाला (Solar and Heliospheric Observatory) सँग सम्बन्धित भूउपग्रहले सूर्यमा भएको भयंकर विस्फोटका फोटोहरू खिचेको थियो । त्यस भूउपग्रहले सूर्यमा विस्फोटनपछि लाखौं करोडौं टन बराबरको पिण्ड उछिट्टिएर अन्तरिक्षमा हराएको भिडियो चित्र पनि खिचेको थियो ।

रायटर समाचार संस्थाले वासिङ्गटनमा जनाए अनुसार विस्फोस्टनको त्यस दिन ईडिटि (EDT) अर्थात् पूर्वी अमेरिकाको समय (Eastern Daylight Time) अनुसार बिहानको ९:१९ बजे सूर्यमा भयंकर ठूलो विस्फोटन भएको चित्र सूर्यनजिक रही सूर्यको अध्ययन गरिरहेको *सोहो* को भूउपग्रहले पृथ्वीमा पठाएको थियो । समाचारमा जनाइए अनुसार सूर्यको सतह अर्थात् फोटोस्फेर (photosphere)मा विस्फोटन हुँदा विस्फोटित पदार्थ सौर्य धूंवा वा बादल (prominence) को रूपमा लाखौं किलामिटर माथिसम्म उठेको थियो । *सोहो* को भू-उपग्रहले पठाएको सूर्यको फोटोमा विष्फोटित सौर्यबादल सूर्यको बाँयापट्टि लामो खुट्टाजस्तो आकारमा भुण्डिएर रहेको देखिन्छ । त्यस्तैगरी त्यही फोटोमा दाँयामाथि पनि एक अर्को विस्फोटित सौर्यबादल पनि देखिन्छ । वैज्ञानिकहरूले बाँया तल खुट्टाजस्तो आकारको सौर्यबादल पृथ्वीको व्यासको करिब ३० गुना लामो उचाई माथिसम्म उठेको तथ्य हिसाब गरी निकालेका छन् । यसको अर्थ त्यो करिब ४ लाख किलोमिटर माथिसम्म अर्थात् पृथ्वी र चन्द्रमाको दूरी बराबरको उचाई माथिसम्म उठेको थियो ।

वैज्ञानिकहरूका अनुसार विस्फोटित सौर्यबादल (eruptive prominence)को खुट्टाजस्तो आकारको रूप भनेको सौर्य सतहमा रहेको चुम्बकीय क्षेत्रभित्र गुम्सिएर फस्न पुगेको अति तातो ग्याँसको कारणले जब सौर्यबादललाई अस्थिर बनाउँछ तब त्यो विस्फोट भई त्यसले उल्लिखित आकार ग्रहण गर्छ । तर त्यो आकार स्थीरतामा रहँदैन । त्यो तुरून्तै सूर्य वरिपरि छरिन गई पछि बिलाउन पुग्छ ।

समाचारमा जनाइए अनुसार *सोहो* को एक अर्को उपकरणले लामो खुट्टा रूपी सूर्यको विस्फोटनको दृश्य डेढ घण्टासम्म भिडियो छायांकन गरेको छ । सो भिडियो चित्रबाट सूर्यमा विस्फोटन हुँदा के के रूपहरू देखापर्छ भन्ने कुरा सजिलै बुझ्न सकिने कुरा प्रष्ट छ । त्यसैले *सोहो* ले सो चित्र आफ्नो वेभ-साइटमा राखेको छ ।

रोचक कुरा के रह्यो भने विस्फोटनबाट माथि उठेको सौर्यबादलमा रहेको लाखौं करोडौं टन बराबरको पिण्ड पुनः सौर्य सतहमा खसेन । त्यो पिण्ड सूर्यबाट बाहिर उछिट्टिएर गई अन्तरिक्षमा बिलिन हुन पुग्यो । यसको अर्थ त्यो पिण्ड अन्तरिक्षमा कहीं न कहीं भुण्डिएर रहेको छ । तर त्यो कहाँ छ भनेर अहिले नै भन्न सकिने स्थिति छैन ।

वैज्ञानिकहरूका अनुसार यदि सूर्यबाट उछिट्टिएर बाहिर छरिएका ती पिण्डहरू पृथ्वीको दिशामा आउँछन् भने पृथ्वीमा ठूलो अनिष्ट हुनसक्थ्यो । किनकि त्यसले पृथ्वीको भू-चुम्बकत्वलाई नै आमूल फेरबदल गरिदिन सक्थ्यो । तर अहिले पृथ्वीको दिशामा ती पिण्डहरू नउछिट्टिएको कुरा वैज्ञानिकहरू बताउँछन् ।

स्मरणीय के छ भने *सोहो*, अमेरिकी अन्तरिक्ष अध्ययन संस्था *नासा* र युरोपेली अन्तरिक्ष एजेन्सी *इसा* (ESA,European Space Agency) ले संयुक्त रूपमा संचालन गरेको एउटा छुट्टै वेधशाला हो । यो वेधशाला विशेषतः सूर्यको गतिविधि तथा सूर्यको संरचनाबारे अध्ययन गर्न स्थापना गरिएको हो ।

*❑ तुल्सीदास महर्जन*



*सूर्यको सतह अर्थात् फोटोस्फेर (photosphere) मा विस्फोटन हुँदा विस्फोटित पदार्थ सौर्य धूंवा वा बादल (prominence) को रूपमा लाखौं किलोमिटर माथिसम्म उठेको थियो ।*



**कृष्ण सेन 'इच्छुक'को हत्या**

# असुरक्षाको घेराबन्दीमा पत्रकार

■ पूर्ण बस्नेत

**प्रेसले आफूमाथिको हस्तक्षेप सहेर पनि सरकारप्रति सदासयता देखाएको हो । तर सरकार पत्रकारहरुलाई हदैसम्मको दुःख दिन पछि परेन ।**

संचारक्षेत्रमा एउटा भनाई निकै चर्चित छ, **'जे लुकाउन खोजिन्छ त्यो समाचार हो र जे देखाउन खोजिन्छ, त्यो विज्ञापन हो ।'** मिडियालाई नियन्त्रण गरेर शुरू गरिएको संकटकालयता सरकारले त्यही गरिरहेको छ । पत्रकार-साहित्यकार कृष्ण सेनको मामलामा पनि ठीक त्यही शैली अपनाइयो । वास्तविकता लुकाएर 'झूठो 'सत्य' प्रचार गरियो । सेनलाई जेठ ६ गते काठमाडौं बत्तिसपुतलीबाट हिरासतमा लिइएपछि यातना दिएर समाप्त पारिएको समाचार सार्वजनिक भयो । तर गृह मन्त्रालयबाट गिरफ्तार नै गरेको छैन भनेर हास्यास्पद झूठो विज्ञप्ति जारी गरियो । फेरि गिरफ्तार नै नगरिएको दावी गर्ने गृहमन्त्रालयकै सहसचिवको नेतृत्वमा सेन-प्रकरणको छानवीन गर्न भनी समिति गठन गरियो । यसप्रकार कृष्ण सेन 'इच्छुक'को मामलामा सरकार एउटा हास्यास्पद नाटक मात्र गरिरहेको देखिन्छ ।

१६ महिनाअगाडि जेलबाट छुटेर आउँदा पत्रकार महासंघको सभाकक्षमा स्वागत गरिएपछि सेनले भनेका थिए, **'म एउटा संस्कृतिकर्मी र पत्रकार हुँ, कलम बोक्ने सिपाही हुँ । मेरा बाँकी दिनहरू रचनात्मक कार्यमै बिताउने छु ।'** सेनले आफ्ना दिनहरू रचनात्मक कार्यमै बिताइरहेका थिए भन्ने आधार उनको सम्पादनमा निस्किएका जनादेश तथा जनदिशा पत्रिका र साहित्यीक सिर्जनाहरू हुन । समाचार संप्रेषण/विश्लेषण गर्नु र कविता लेख्नु ध्वंसात्मक कार्य होइन, त्यस्तो व्यक्तिलाई समातेर खत्तम गर्नु कानुनी शासन विपरित हो ।

अहिले सेनलाई माओवादी नेता पुष्टी गर्न सरकार जोडतोडले लागिरहेको छ । यसो गरेर उनको हत्याविरूद्ध उठेको जनअक्रोसलाई मत्थर पार्न सकियोस् भन्ने सरकार चाहन्छ । तर सेनको हत्याविरूद्ध पत्रकार लगायत नागरिक समाजको आवाज बन्द हुने देखिँदैन, कम्तिमा उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग नबनेसम्म । सेनको हत्या गर्नेलाई कार्वाही गरेर एउटा नजिर स्थापना गर्न चाहन्छन् संचारकर्मीहरू, आफ्नो र प्रेस स्वतन्त्रतासम्बन्धी कानूनहरूको रक्षार्थ । त्यस्तो नजिर स्थापना गर्न सहयोग पुऱ्याउनु सरकारको दायित्व हो । र, सरकारले त्यसो गऱ्यो भने त्यो उसको प्रजातान्त्रिक कदम ठानिने छ ।

संकटकालिन अधिकारको प्रयोग 'माओवादी आतंककारी' बाहेक अन्यत्र लागु हुने छैन भनेर प्रधानमन्त्री र संचारमन्त्रीले पटक पटक भनेका थिए । र, मिडियाले आफूमाथिको हस्तक्षेप सहेर पनि सरकारप्रति सदासयता देखाएको हो । तर सरकार पत्रकारहरूलाई हदैसम्मको दुःख दिन पछि परेन । त्यो मारमा **देशान्तर, साँघु र मूल्याङ्कन**का सम्पादकहरू पनि परे, जो माओवादी र सरकार दुवैका कार्यलाई आलोचनात्मक ढंगले हेर्थे । **मूल्याङ्कन**का प्रधान सम्पादक श्याम श्रेष्ठसहित ३ जनालाई चैत ३ गते गिरफ्तार गरेर मानसिक यातना दिंदै ११ दिनसम्म सुरक्षा नियन्त्रणमा राखियो । **साँघु**का सम्पादक गोपाल बुढाथोकीलाई दोस्रो पटक गिरफ्तार गरेर यातना दिइयो । सुरक्षाकर्मीहरूबाट मानसिक र शारीरिक यातना पाउने अर्को पत्रकार हुन **राजधानी** दैनिकका रेवती सापकोटा, जसलाई पक्राउ गरिएको पाँच दिनपछि पत्रकारहरूको व्यापक दवावमा छोडिएको थियो । तर अहिलेसम्म पनि यी गिरफ्तारी र यातनाको कारण नखुलाएर सरकार जवाफदेहिताबाट पन्छिइरहेको छ । सरकार विपक्षीको उग्र विरोध र आफ्नो उग्र समर्थन गरेर प्रकाशन/प्रसारण गरिदिने पत्रकारको खोजीमा छ, जुन काम सरकारी मिडियाका जागिरेबाहेक एउटा जिम्मेवार पत्रकारले गर्न सक्दैन ।

पत्रकार महासंघको २५ असार सम्मको प्रारम्भिक अभिलेखमा संकटकाल लागेयता एक सय आठ संचारकर्मीहरू सरकारी दमनको शिकार भएको उल्लेख छ, जसमध्ये ११ पत्रकार सुरक्षा कानुन अर्न्तगत थुनामा छन् र १० बेपत्ता बनाइएका छन् । बेपत्ता पारिएका मध्ये नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला कार्यसमिति सदस्य संगीता खड्का सुरक्षाकर्मीको यातनाको कारण चिन्ताजनक अवस्थामा रहेको कुरा सार्वजनिक भइसकेको छ । बेपत्ता बनाइएका अरू पत्रकारले पनि सेनकै नियति भोग्नु पर्ने खतरा टड्कारो छ ।

**"पत्रकार-हरुलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ !"**

माओवादी पक्षबाट पनि पत्रकारलाई अपहरण गरेर धम्क्याउने र समाचार संकलनमा अवरोध सिर्जना गर्ने काम भएका छन् । सिन्धुपाल्चोकका पत्रकार नाम्लिङ लामालाई अपहरण गरेर पत्रकारहरूको दवावमा केही दिनपछि छोडियो । त्यस्तै गत भदौमा रिपोर्टिङ गर्न रोल्पा गएका संवाददाताहरूलाई बन्दुक देखाउँदै तर्साउने र तीनदिनसम्म नियन्त्रणमा राख्ने काम माओवादीले गरे । उनीहरूले समाचार खोज्ने, विश्लेषण गर्ने पत्रकारको अधिकार खोसे, बन्दूकको बलमा । आन्दोलनमा यो एउटा सामान्य गल्ती हो भनेर पन्छिन सजिलो होला, तर त्यो प्रजातान्त्रिक शैली कदापि होइन । यो त बलियाले लाठीका भरमा शासन गर्ने निरंकुश र सैन्यवादी शैली हो ।

बन्दूक बोकेर लडन हिंडेको मान्छे भिडन्तमा मारिनु बेग्लै कुरा हो । कलम बोकेको पत्रकारलाई समाप्त पारेर माओवादीविरूद्धको कार्वाही सफल हुँदैन न त संवाददातालाई अपहरण गरेर माओवादीको आन्दोलन अगाडि बढ्छ । माओवादी र खासगरी सरकारबाट यो सिलसिला जारी रह्यो भने नेपाली पत्रकारिताले स्तन्त्रताको आत्मगौरव गर्ने समय चाँडै समाप्त हुनेछ ।

सेनको हत्यापछि 'पत्रकारलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ' भन्ने नाराअर्न्तगत पत्रकार महासंघले थालेको गोष्ठी अन्तर्क्रिया गर्ने, कालोपट्टी बाँड्ने, मन्त्री प्रधानमन्त्रीको कार्यक्रमको रिपोर्ट बहिष्कार गर्ने सम्मको संघर्षको लक्ष उच्चस्तरीय जाँचबुझ आयोगको गठन हो । सर्वोच्च अदालतका वहालवाला न्यायधीशको नेतृत्वमा पत्रकार महासंघको समेत प्रतिनिधि रहने उच्चस्तरीय आयोगले मात्र कृष्ण सेनको हत्या-प्रकरण लगायत पत्रकारमाथि भइरहेका यातना, दुर्व्यवहार र मिडियामाथि भइरहेका हस्तक्षेपको निष्पक्ष छानविन गर्न सक्छ भन्ने विश्वास नागरिक समाज र प्रतिपक्षी राजनीतिक पार्टीहरूमा रहेको छ । पत्रकारहरूको संघर्षले सेनको हत्या गर्नेहरूलाई कार्वाही र सरकारी नियन्त्रणमा रहेका पत्रकारको सुरक्षाको साथै मिडियामा भएको सरकारी नियन्त्रण हटाउन र सूचनाको निर्वाध उपभोग गर्ने वातावरण बनाउन सक्यो भने प्रजातन्त्रको पक्षमा यो एउटा उपलब्धी हुनेछ । अन्यथा, **रिपोर्टर्स वियआउट बोर्डर**का महासचिव रबर्ट मेनार्डले भने झैं नेपाल पत्रकारको निम्ति संसारकै सबभन्दा ठूलो जेल भइरहने छ । ❑



# सायद 'अनकन्सस्ली' म बढी झुकेँ हुँला

● निर्मल लामा

मलाई भनें दरवार जान पटक्कै मन थिएन । मैले भनें- 'मसँग लवेदा सुरूवाल छँदा पनि छैन, यदि लगाउनु नै पर्छ भने म लगाउँदिनँ पनि जान्न पनि ।



निर्मल लामा



माधवकुमार नेपाल



भरतमोहन अधिकारी

त्यतिखेर संविधान सुधार आयोगमा विभिन्न किसिमले संघर्ष चल्दथ्यो । त्यस आयोगमा तीन जना कांग्रेस, तीन जना वामपंथी र तीन जना राजाले मनोनित गरेका व्यक्तिहरू रहेका थिए । राजाबाट मनोनित व्यक्तिहरूमध्येबाट एक जनालाई आयोगको अध्यक्ष बनाइएको थियो । यसरी आयोगमा जम्मा जम्मी ९ जना सदस्यहरू रहेका थिए ।

वामपंथीहरूको तर्फबाट म, माधव नेपाल र भरतमोहन अधिकारी गरी हामी तीन जना त्यहाँ पुगेका थियौं । कांग्रेसबाट दमननाथ ढुङ्गाना, लक्ष्मण अर्याल र मुकुन्द रेग्मी र राजाको तर्फबाट अध्यक्ष विश्वनाथ उपाध्याय, परमानन्द सिं र केशरजंग रायमाझी संविधान सुधार आयोगमा रहनपुगेका थिए ।

यसरी तीन पक्ष भएको त्यस आयोगमा हरेक विषयमा वहसहरू हुन्थे । हामी वामपंथीहरू त्यहाँ वहस गर्नुभन्दा पहिले नै अलग्गै छलफल गर्थ्यौं । र, वहसमा हरेकले के के बोल्ने भनेर छलफलबाट एउटा-एउटा गरी टुङ्गो लगाउँथ्यौं ।

आयोगभित्रमै पनि वहसलाई सजिलो तुल्याउन खास खास विषयवस्तु खास खास व्यक्तिहरूले तयार पारी ल्याउने भन्ने टुङ्गो लगाउने काम गरिन्थ्यो । दमन र मलाई संयुक्त रूपमा 'संसदीय व्यवस्था'सम्बन्धी विषयवस्तुको जिम्मा परेको जस्तो लाग्छ । ठ्याक्कै त अहिले म भन्न सक्दिनँ ।

संविधान निर्माणकै क्रममा आयोगका हामी सदस्यहरू जिम्मा लिएर सुझाव संकलनका लागि देशका विभिन्न स्थानहरूमा भ्रमण गर्न गयौं । म त्यही सिलसिलामा मलाई जिम्मा परे अनुसार पूर्वी तराई, पूर्वी पहाडी र मध्य पहाडी भागहरूमा भ्रमण गर्न गएँ । र, त्यहाँबाट मैले विभिन्न सुझावहरू संकलन गरी ल्याएँ । मैलेजस्तै आयोगका अन्य सदस्य साथीहरूले पनि उहाँहरूको जिम्माअनुसार विभिन्न ठाउँहरूबाट सुझावहरू संकलनगरी ल्याउनु भयो ।

हामीले संविधानको मस्यौदा ३ महिनाभित्रमा तयार गरी मन्त्रीमण्डलमा पठायौं । त्यसपछि मन्त्रीमण्डलले आफैंले कमिटी खडा गरी हामीले तयार गरेको मस्यौदामा केही सुधार गरेछ । तर अन्तमा आएर त्यो मस्यौदा कसलाई बुझाउने भन्ने प्रश्न उठ्यो । आयोगले त्यो कसलाई बुझाउने भन्ने प्रश्न उठ्यो ।

मैले भनें-'जनतालाई' ।

तर मेरो कुरामा अरू साथीहरूले सहमति जनाउनु भएन । 'आँ त्यसरी कहाँ हुन्छ र ?' भन्नुभयो उहाँहरूले ।

मैले उहाँहरूलाई कुरा बुझाउने प्रयत्न गरें र भनें-'जनतालाई भन्नुको अर्थ जनताको प्रतिनिधिलाई भन्ने हो । अहिले जनताको प्रतिनिधि भनेको जनताको संघर्षबाट आएको कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित अन्तरिम सरकार हो । त्यसैले अहिले यस आयोगले आफ्नो मस्यौदा बुझाउने भनेको भट्टराई सरकारलाई हो ।'

'हैन, राजालाई बुझाउनु पर्छ । किनकि राजा भनेको राष्ट्राध्यक्ष हुन् ।'-अरू साथीहरूले मेरो कुरामा सही थाप्नु भएन ।

त्यसपछि मैले मेरो कुरालाई अगाडि बढाइनँ ।

मैले भनें - 'ठीकै छ तपाईहरू त्यस्तो भन्नुहुन्छ भने मलाई भन्नु केही छैन, तर म मस्यौदा बुझाउन जान्न । तपाईहरूमात्र जानुहोस् ।'

तर त्यहाँ मेरो कुराबाट उहाँहरूको काम रोकिनेवाला थिएन । म के भन्न सक्दिन भने म त्यसरी नगएर त्यो मेरो तर्फबाट वहिष्कार हुन्थ्यो वा के हुन्थ्यो । तर मैले आफू नजाने निधो गरें ।

मेरो कुरालाई कसैले पनि मन पराइदिएन । सबैले मलाई जानै पर्छ भनेर जोड दिए । जसरी भएपनि जानु पर्छ भनियो । म नजाने नै भनेर अड्डी लिएर बसिरहें । तर पछि कुरा मिल्यो । म जाने भएं । कुरा कसरी मिल्यो भने आयोगले रातो रिवनले बाँधेको संविधानको मस्यौदा राष्ट्राध्यक्षको रूपमा राजालाई दिने र राजाले तुरून्तातुरून्तै प्रधानमन्त्रीलाई दिने ।

मेरो कुरालाई उनीहरूले काट्न सकेनन् । तर त्यसलाई उनीहरूले सजिलै लिन पनि सकेनन् । उनीहरूलाई बडो आपत भयो । मेरो कुरालाई लिएर उनीहरूले दरवारमा फोनसोन पनि गरे । दरवारले मेरो कुरालाई मान्यो ।

आफ्नो कुरालाई मानिदिएपछि म दरवारमा जानै पर्ने जस्तो देखियो । तर मलाई भनें दरवार जान पटक्कै मन थिएन । मैले भनें- 'मसँग लवेदा सुरूवाल छँदा पनि छैन, मलाई त्यो लाएर जान मन पनि छैन । म लवेदा सुरूवाल नलगाइकन जान्छु । यदि लगाउनु नै पर्छ भन्ने कुरा हुन्छ भने म लगाउँदिनँ पनि जान्न पनि ।'

'यो घरीघरी अप्ठेरो पार्ने काम नगर्नुस् न' भन्छन् उनीहरू ।

'म लाउँदै लाउँदिन । म लवेदा सुरूवाललाई राष्ट्रिय पोशाक मान्दा पनि मान्दिनँ । त्यसलाई म सरकारी ड्रेस पनि मान्दिनँ । मसँग त्यो छँदापनि छैन ।'-मैले प्रष्टै आफ्नो कुरा राखिदिएँ ।

मेरो कुरा सुनिसकेपछि लक्ष्मण अर्यालले भने-'मसँग एउटा जगेडा छ । मलाई लाग्छ मेरो र तपाईको एउटै साइज हो । मेरो एउटा लगाएर जाऔं न ।'

माधव नेपालले 'मसँग पनि एउटा जगेडा छ' भने ।

तर मैले आफ्नो कुरामा अड्डी नै लिइराखें । दरवारमा जाने समय एक घण्टामात्र बाँकी थियो । हामी त्यहाँ त्यसरी कुरा गरिराखेका थियौं । हाम्रो कुराकानीको सूचना फोनमार्फत् लगातार दरवारमा पुर्याउने काम भइरहेको थियो । केही गर्दा पनि नभएपछि उनीहरूले मलाई अन्तमा 'कोट र कालो टोपी भए पनि लगाइदिऔं न' भने । मौसम त्यतिखेर गर्मी नै थियो । त्यसैले मैले कोट लगाएको थिइनँ । मैले 'कति जिद्दी गरिराखौं' भनेर 'त्यतिसम्म भए त ठीकै छ' भनें । त्यसपछि म 'कोट लगाएर आउँछु' भनेर त्यहाँबाट बाहिर निक्लें । तुरून्त गाडी लिएर म पाटन गएँ र कोठा पसी कोट लगाइओरी पुनः त्यहीं फर्कें । म त्यहाँ फर्कँदासम्म दरवार जानको निम्ति सबै तम्तयार भइसकेका थिए । सबैको आ-आफ्नो गाडी थियो । र, सबै नै गाडीको पछाडिको सिटमा बसिराखेका थिए । किनकि अगाडिको सिट भनेको ड्राइभर र गार्डको हुन्थ्यो । तर म भने गार्ड बस्ने अगाडिको सिटमा बसें । म सधैं अगाडि नै बस्ने गर्थें । मलाई गार्ड पनि दिइएको थियो । मैले त्यो नलिएको मात्र ।

हामी सबै गाडी चढेर दरवार पुग्यौं । गेटमा पुगेपछि हाम्रा गाडीहरू रोकिए । त्यहाँको गार्डले मेरो गाडीको पछाडिको गेट 'घर्याक' खोल्यो । ऊ छक्क पर्यो, किनकि त्यहाँ त मान्छे थिएन । मैले 'म यहाँ छु' भनेर अगाडिको सिटबाट कराएँ ।

त्यसपछि बल्ल उसले अगाडिको गेट खोल्यो । मलाई पछाडिको सिटमा नभई अगाडिको सिटमा देखेर दरवारको गेटको गार्ड एकछिन त अलमल्लमा परेको थियो ।

त्यसपछि हामी सबै दरवारभित्र पस्यौं । त्यहाँ पुगेपछि राजाको अगाडि परिचयको कार्यक्रम राखियो । परिचयको क्रममा मलाई लाग्थ्यो, राजाको अगाडि म अलिकति मात्र झुकें । तर साथीहरूले म धेरै झुक्न पुगें भने । सायद त्यस्तो भइनैहाल्यो कि ! त्यस्तो किन हुन पुग्यो ? -मलाई भन्न गाह्रो छ । शुरूमा त मैले यस विषयमा एक दुई जना साथीहरूसँग 'त्यस्तो होइन होला' भनेर अस्वीकार गर्न खोजें । तर पछि थुप्रैले त्यसो भन्न थालेपछि मैले अस्वीकार गर्न छाडिदिएँ ।

एक दुई जना साथीहरूसँग 'ममा भएको बौद्ध संस्कारको कारणले त्यसो भएको हुनसक्छ' भनेर तर्क गर्न खोजें । तर साथीहरूले मेरो झुकाइ 'बौद्ध संस्कारभन्दा पनि बढी थियो' भनेर तर्क गरे । उनीहरूले 'बरू दमननाथ त्यति झुकेको थिएन' भने ।

मलाई लाग्छ, सायद 'अनकन्सस्ली' म बढी झुकें हुँला । यसको मतलब लुप्त संस्कारको कारणले 'राजा' भनेपछि नजानिंदो किसिमले ममा आदरभाव जाग्यो होला ।

संविधान सुधार आयोगमा त्यसभित्र हुने कुनै वहस पनि बाहिर प्रचारमा नलैजाने भन्ने एउटा समझदारी बनाइएको थियो । यहाँ बाहिर भन्नुको अर्थ छापामा वा सर्वसाधारणकहाँ नलैजाने भन्ने कुरो थियो । यदि जानु नै पऱ्यो भने सूचना गरेर मात्र जाने भन्ने कुरो थियो ।

मैले यो कुरो मेरो आफ्नो पार्टीमा राखेको थिएँ । किनभने पार्टीलाई त सबै कुरो भन्नु नै पर्थ्यो । अर्को कुरो त्यहाँ बाहिर लैजानु हुन्न भनेको पार्टीभित्रसमेत लैजानु हुन्न भनेको त होइन । 'बाहिर' भन्नेमा पार्टी त पर्दैन ।

पार्टीमा यो कुरो रिपोर्टिङ्ग गर्दा मैले 'यदि पार्टीलाई कुनै कुरो बाहिर लानु आवश्यक भयो भन्ने लाग्छ भने मलाई खबर गरियोस् तर त्यत्तिकै कुनै पनि कुरा पटक्कै बाहिर लगिनु हुन्न' भनेको थिएँ । किनकि त्यो कुरो मैले अगाडि नै आयोगमा जानकारी दिनुपर्ने हुन्थ्यो । पार्टीले मेरो कुरालाई स्वीकाऱ्यो ।

त्यस अनुसार मैले आयोगमा भएका दैनिक कुराहरू पार्टीमा गएर खुरूखुरू जस्ताको तस्तै रिपोर्टिङ्ग गर्ने गरें । यसबीचमा एउटा अचम्म र बडो अप्ठेरो घटना घट्यो ।

एकदिन नियमित कामको सिलसिलामा म आयोगमा पुग्दाखेरी त सबै जना डम्म मुख फुलाएर बसिरहेको पाएँ । मैले 'के भयो ? सबै मौन बसिरहनु भएको छ त !' भनें । एकजना कांग्रेसी सदस्यले 'के भएन र ? पोष्टर गराइहाल्नु भयो । ' भने ।

मैले 'केको पोष्टर ?' भनेर सोधें ।

"थाहा छैन तपाईंलाई ? रत्नपार्कमा पोष्टर छ । 'आयोगमा कांग्रेसीहरू दमननाथ ढुङ्गाना, लक्ष्मण अर्याल सबै दरवारियाहरू हुन्, सबैले दरवारलाई साथ दिइराखेका छन्' भनेर होहल्ला गरिराखेका छन् ।" -ती कांग्रेसीले जवाफ दिए ।

मैले पुनः सोधें- 'कसको नाममा ?'

'चौथो महाधिवेशन पार्टीको नाममा' भन्ने जवाफ आयो ।

त्यसपछि मैले ड्राइभरलाई बोलाएर त्यो पोष्टर सारेर ल्याउन अह्राएँ । उसले तुरून्त गई सारेर ल्यायो । मैले त्यो हेरें । त्यसमा मैले पार्टीमा रिपोर्टिङ्ग गरेका चीजहरू उल्लेख गरिएका रहेछन् । आयोगलाई सूचना नदिइकन बाहिर नजाने भन्ने समझदारी बनाइएको भएपनि बाहिर त गयो । त्यही कुरालाई लिई त्यहाँ सबै रातो रातो मुख बनाएर बसिराखेका रहेछन् ।

एकछिनपछि अध्यक्ष विश्वनाथ उपाध्याय आए । उनले 'के हो लामाजी ?' भनेर जङ्गिएकोजस्तो गरी मलाई प्रश्न गरे ।

मैले भनें- 'तपाईंहरू विश्वास गर्नुस् या नगर्नुस्, वास्तवमा अहिलेसम्म यो कुरो मलाई थाहा नै छैन, साँच्चै त्यो कसले गऱ्यो भनेर । लेख्न त त्यहाँ हाम्रो पार्टीको नाम लेखिएको छ । त्यसकारण म त्यसलाई पत्तो लगाउने काम गर्छु ।'

त्यसबीचमा त्यहाँ के भइसकेको रहेछ भने बाटोमा आउँदा लक्ष्मण अर्यालको गाडीमा मानिसहरूले ढुङ्गा हानेका रहेछन् । त्यो कुरो पनि उनले मलाई बताए ।

मैले उनलाई भनें- 'हेर्नुस् अध्यक्षज्यू, म अहिलेसम्म अनभिज्ञमा छु । तर मेरो केही गल्ती चाहिँ पक्कै भएको छ । त्यो के गल्ती हो म सार्वजनिक रूपमा स्वीकार्न तयार छु । तपाईं प्रेस सम्मेलन बोलाइदिनुहोस् एक घण्टाभित्रमा । म त्यहीं सबै कुरो बताउँछु ।'

'प्रेस सम्मेलन बोलाएर तपाईं के गर्नु हुन्छ ?' -उनले शंका व्यक्त गरे ।

मैले भनें- 'बोलाउन त बोलाइदिनुस्, म डील (deal) गरिहाल्छु नि ।'

मेरो अनुरोध सुनिसकेपछि अरूले पनि 'हुन्छ नि त बोलाइदिनुस् न त' भने । त्यसपछि प्रेसलाई फोन गर्ने काम गरियो । र, एक घण्टाभित्र प्रेस पनि आइपुग्यो ।

प्रेस आइपुगेपछि विश्वनाथ उपाध्यायले तिनीहरूलाई, गोल टेबुलमा राखेर यस्तो यस्तो भयो भनेर पोष्टरको बारेमा सामान्य जानकारी दिए । र, त्यसपछि उनले 'यसबारेमा निर्मल लामाले विस्तृत बताउनु हुन्छ' भनेर पत्रकारहरूसँग मलाई डील गर्न दिए ।

त्यसपछि म जुरूक्क उठेर आफ्नो कुरा भनें- 'यो पोष्टर कसले गरेको हो मलाई थाहा छैन । तर त्यस पोष्टरमा हाम्रो पार्टीको नाम भएको हुनाले यति कुरा म प्रष्टै भन्न सक्छु, त्यो के हो भने यो पोष्टरिङ्ग हाम्रै पार्टीका कुनै न कुनै मान्छेले गराएको हो । किनकि त्यस पोष्टरमा कतिपय तथ्यहरू छन् । तर त्यसमा कतिपय गल्ती कुराहरू पनि उल्लेख भएका छन् । त्यसकारण यी कुराहरू पक्कै मैबाट बाहिर गएको हुनुपर्छ । तर हाम्रो समझदारी के थियो भने आयोगभित्रको कुनै चीज बाहिर नलाने । लान नपाइने होइन, नलाने भन्ने एउटा समझदारीमात्र हो, लानु नै परे सूचना गरेरमात्र लाने । तर यस घटनामा आयोगलाई सूचना नगरिकन नै मैले कुरा बाहिर लगें ।'

'कसरी भयो त यो ?' -पत्रकारहरूको प्रश्न रह्यो ।

मैले भनें- 'यो कसरी भयो होला भने म आफ्नो कुरो सबै पार्टीको उपल्लो कमिटीमा लगातार रिपोर्टिङ्ग गर्ने गर्छु । किनकि म भनेको मेरो पार्टीको प्रतिनिधिमात्र हुँ । तर पार्टीले यहाँका कुराहरू बाहिर प्रचारमा नलैजाने नियम पालना गर्थ्यो । यहाँनिर मलाई के लाग्छ भने, मैले पार्टीमा रिपोर्टिङ्ग गरेको कुरो पार्टीभित्रको कोही जिम्मेवार व्यक्तिले त्यसलाई बाहिर लगिदिए । म पार्टीको प्रतिनिधि भएको नाताले यो गल्तीको दोषी म नै हुँ । त्यसैले यस घटनाको सम्पूर्ण दोषलाई लिएर म सार्वजनिक रूपमा माफी माग्दछु ।'

मैले त्यति बोलिसकेपछि त्यहाँ सबै सन्न भए । मैले कुनै राजनीतिक चालबाजीमा आफूलाई प्रस्तुत गरिनँ । सबै चुप लागेर बसिरहे । यत्तिकैमा एकजना टाढा बसिरहेका पत्रकारले मलाई भने- 'यो त पूरै ठाडो भाषामा भयो । अलि अर्कै भाषामा भन्दा पनि हुन्थ्यो ?'

उसको आशय के थियो भने अलि कुरा घुमाएर आफू बच्ने उपाय गर्नु पर्छ । ती पत्रकार कुनै वामपंथी पत्रिकाका थिए ।

मैले भनें- 'हैन, यहाँ बच्ने भन्ने कुरा हुँदैन । आज एउटा बोल्ने र भोलि त्यही कुरालाई मेरो तात्पर्य त्यो थिएन भनेर बोल्नुको कुनै अर्थ छैन । म पार्टीमा गएर भन्छु- पार्टीभित्रको कसले यसलाई बाहिर लगी खुला गरे ? र, पार्टीभित्र उसलाई म कार्वाही गराउँछु । यो कुरो आफ्नो ठाउँमा छ । तर गल्ती त मेरो भयो नि ! यथार्थमा त यहाँको नर्म्स् तोडें मैले, यहाँको कुरो बाहिर लाँदै नलाने र लानु परेमा सूचना गरेरमात्र जाने भन्ने समझदारीलाई मैले लत्याइदिएँ । म निर्दोष भएर पनि दोषी छु । त्यसकारण मैले माफी मागेको हुँ ।'

मैले प्रेस सम्मेलनमा त्यसरी बोलिसकेपछि आयोगका सबै सदस्यहरू खुसी भए । सबभन्दा बढी खुसी अध्यक्ष विश्वनाथ उपाध्याय नै भए ।

उनले भने- "मानें मैले, तपाईंको 'स्पोर्टसम्यान स्पिरिट' र तपाईंको इमान्दारितालाई पनि मानें । साँच्चै तपाईंको गल्ती भएको छैन भन्ने मलाई विश्वास भयो । तपाईंको गल्ती भएको भए त पहिला पहिलाका कुराहरू पनि त थुप्रै बाहिर जानुपर्थ्यो नि । त्यस्तो त कहिल्यै भएन । अहिलेमात्र तपाईंमार्फत् कसरी बाहिर जान सक्छ र ? तर तपाईं अहिले के गर्नु हुन्छ त ?"

मैले भनें- 'अब म पार्टीमा गएर गल्ती कसले गरेको हो पत्तो लगाउँछु । र, उसलाई कार्वाही गराउँछु ।' ❑

क्रमशः

प्रस्तुति- तुल्सीदास महर्जन

**एकजना कांग्रेसी सदस्यले 'के भएन र ? पोष्टर गराइहाल्नु भयो' भने । मैले 'केको पोष्टर ?' भनेर सोधें । "थाहा छैन तपाईंलाई ? रत्नपार्कमा पोष्टर छ ।"**


दमननाथ ढुंगाना


केशरजंग रायमाझी


विश्वनाथ उपाध्याय

# बुद्ध दर्शनमा द्वन्द्ववाद र भौतिकवाद

{ प्रज्ञानरत्न }



बुद्धको शिक्षामध्ये दोस्रो आर्यसत्य हो : दुःखको कारण छ । यसबारे थोरै ब्याख्या त हामीले अघिल्लो अंकमा गर्‍यौं । परन्तु यसबारे अझ गहिराइमा जाने हो भने बुद्धका विचारहरू निकै गहन र विचारणीय देखिन्छन् ।

बुद्धको ठम्याइमा दुःख संयोगबाट पैदा हुँदैन, न त यो कसैको लहडबाट पैदा हुन्छ । यो त निश्चित कारण र स्थितिहरूबाट पैदा हुन्छ, जुन अस्तित्वको एउटा अभिन्न अंग हो । यदि दुःखको कारण नहुँदो हो त यसको निदान र अन्त्य पनि संभव हुने थिएन । हरेक घटना, संवेदना, अनुभूति, संवेग, बिमारी, बृद्धावस्था, मृत्यु सबैको कारण हुन्छ । सम्पूर्ण अस्तित्व नै कारणहरूको संजाल हो । *(हेर्नुहोस् : आर, पुलिगड्लाद्वारा लिखित "Buddhism" Fundamentals of Indian Philosophy को पृष्ठ- ५४)* । हरेक घटना र वस्तुको कारण खोज्ने सिलसिलामा बुद्धले 'प्रतीत्यसमुत्पाद'को नयाँ मौलिक सिद्धान्त प्रस्तुत गर्नुभएको छ ।

## *प्रतीत्यसमुत्पादको सिद्धान्त*

प्रतीत्यसमुत्पादको अर्थ हो- हरेक वस्तु अर्को वस्तुको कारणले पैदा हुन्छ; यो घटना अर्को घटनामा आधारित छ; कुनै पनि वस्तु निरपेक्ष र निराधार रूपमा पैदा हुँदैन र अस्तित्वमा रहँदैन । अर्को शब्दमा यसलाई वस्तुको उत्पत्तिको निर्भरताको सिद्धान्त भने पनि हुन्छ । बुद्ध दर्शनमा यो सिद्धान्तको ठूलो महत्व छ । बुद्ध दर्शनको सबै शाखा र धारहरूले यो सिद्धान्तलाई स्वीकार गर्छन् । यो सिद्धान्तको सार द्वन्दवादी र भौतिकवादी दुवै देखिन्छ । किनभने, यसले हरेक वस्तुको उत्पत्तिको कारण खोज्छ । विनाआधार कुनै पनि वस्तु पैदा नहुने कुरालाई यसले स्वीकार गर्छ । वस्तुको उत्पत्ति अर्को वस्तुबाट हुन्छ भन्ने यसको सिद्धान्तले वस्तुको उत्पत्तिमा आत्मा वा ईश्वरको भूमिकाको निम्ति कुनै ठाउँ नै छोड्दैन । बुद्ध यही सिद्धान्तका आधारमा अनिश्वरवादी अर्थात् ईश्वर छ भन्ने कुरा नमान्ने हुनुभएको देखिन्छ । सिद्धान्तको सार द्वन्दवादी पनि देखिन्छ- किनकि यसले संसारलाई कारण-कार्यको सिक्रीको रूपमा बुझ्छ । अर्थात् यो वस्तुको कारणले त्यो वस्तु पैदा भयो, त्यो वस्तुको करणले अर्को वस्तु पैदा भयो, अर्को वस्तुको पनि कारणले भिन्नै नयाँ वस्तु पैदा भयो भन्ने कुरालाई यसले स्वीकार्छ । यसले निरपेक्ष र अलगथलग रूपमा कुनै पनि वस्तु पैदा नहुने कुरालाई स्वीकार्छ । आजभन्दा २,५०० वर्षअघि बुद्धको चिन्तनमा यस्तो वैज्ञानिकता र क्रान्तिकारिता देखापर्नु अद्भूत कुरो हो ।

प्रतीत्यसमुत्पादको सिद्धान्तमुताबिक बुद्ध के निचोडमा पुग्नुभएको देखिन्छ भने हरेक वस्तुको झैं दुःखको पनि कारण छ । दुःख निश्चित स्थितिहरूमा आधारित भएर पैदा हुन्छ । अकारण र विनाआधार दुःख सृजना हुँदैन । दुःखको जरो कारण मान्छेले बुझ्न, थाहा पाउन सक्यो भने दुःखको अन्त्य गर्नु संभव छ ।

दुःख जुन कारणले पैदा हुन्छ, त्यसको जरो पत्ता लगाउने सिलसिलामा बुद्धले १२ वटा कारण-कार्यको सिक्रीको उल्लेख गर्नुभएको भेटिन्छ । यही १२ वटा कारण-कार्यको सिक्रीलाई अर्को शब्दमा प्रतीत्यसमुत्पादको नाम दिइएको छ ।

बुद्धका अनुसार दुःख उत्पत्तिको जरो कारण सम्बन्धमा १२ वटा कारण-कार्य सम्बन्ध यस्ता छन् :

- संसारमा दुःख छ, बिमारी, बृद्धाअवस्था र मृत्यु छ ।
- यदि मान्छे जन्मन्नथ्यो भने दुःख पाउनु पर्ने थिएन, उसले बिमारी, बृद्ध अवस्था र मृत्युको सामनन गर्नुपर्ने थिएन । त्यसैले दुःख, बिमारी, बृद्ध अवस्था र मृत्यु (बुद्धको शब्दमा जरा मरण) को कारण जन्म (बुद्धको शब्दमा जती) हो ।
- यदि यो संसारमा आवागमन गर्ने वा जन्मने इच्छा (बुद्धको शब्दमा भव) हुन्नथ्यो भने जन्म हुने थिएन । त्यसैले संसारमा आवागमन गर्ने वा जन्मने इच्छा नै जन्मको कारण हो ।
- कुनै वस्तुप्रति वा कुनै वस्तुको भोगप्रति शारीरिक र मानसिक रूपमा आसक्ति (बुद्धको शब्दमा उपादान) भएर नै यो संसारमा आवागमन गर्ने वा जन्मने इच्छा पैदा हुन्छ । त्यसैले शारीरिक-मानसिक आशक्ति नै जन्मने इच्छाको कारण हो । बुद्धको भाषामा उपादन नै भवको कारण हो ।
- कुनै वस्तुको तृष्णा नहुँदो हो त शारीरिक-मानसिक आसक्ति पैदा हुने थिएन । बुद्धको शब्दमा, तृष्णा नहुँदो हो त उपादान पैदा हुने थिएन । त्यसैले, तृष्णा नै आसक्ति वा उपादानको कारण हो ।
- परन्तु इन्द्रियजन्य संवेदना (बुद्धको शब्दमा दिना) नहुदो हो त वस्तुप्रतिको तृष्णा पनि हुने थिएन । तसर्थ, इन्द्रियजन्य संवेदना नै तृष्णाको कारण हो । बुद्धको भाषामा 'वेदना' नै तृष्णाको कारण हो ।
- पाँचवटा इन्द्रियहरू र मन (बुद्धको शब्दमा षट् आयतन) नहुँदो हो त वस्तुहरूसित इन्द्रियहरूको स्पर्श पनि हुनसक्ने थिएन । त्यसैले, पाँच इन्द्रियहरू र मन नै स्पर्शको कारण हो । अर्थात् षडायतन नै यसको कारण हो ।
- संवेदनाको अनुभूति तब नै हुन्छ, जब इन्द्रियहरूको वस्तुहरूसित स्पर्श (बुद्धको शब्दमा यस्स) हुन्छ । स्पर्श नहुदो हो त संवेदना पैदा नै हुने थिएन । त्यसैले स्पर्श संवेदनाको कारण हो ।
- पाँच इन्द्रियहरू र मन (बुद्धको शब्दमा षट् आयतन) नहुदो हो त स्पर्शबाट इन्द्रियजन्य संवेदना हुने थिएन । त्यसैले, षट् आयतन स्पर्शको कारण हो ।
- शारीरिक-मानसिक गठन अथवा शरीर र मन (बुद्धको भाषामा नाम-रूप) नहुदो हो त इन्द्रियहरू हुने थिएनन् । शरीर र मन छ, र त इन्द्रियहरू छन् । त्यसैले शारीरिक-मानसिक गठन अर्थात् शरीर र मन इन्द्रियहरूका कारण हुन् । बुद्धको शब्दमा "नाम-रूप" 'षट् आयतन'का कारण हुन् ।
- शरीर र मन अर्थात् नाम-रूप चेतना, बुद्धको शब्दमा 'विज्ञान'मा आधारित छ । चेतना नहुँदो हो त शारीरिक-मानसिक जीवन हुने थिएन । तसर्थ, चेतना (अर्थात् विज्ञान) नै शरीर र मनको (नाम-रूपको) कारण हो ।
- विगत अस्तित्वका प्रभावहरू (बुद्धको शब्दमा संस्कार) नभएको भए चेतना हुने थिएन । त्यसैले, संस्कार अथवा विगत अस्तित्वका प्रभावहरू नै चेतनाको कारण हो ।
- अज्ञानता (बुद्धको शब्दमा अविद्या)ले नै प्रभावहरू (अर्थात् संस्कार) पैदागर्छ । तसर्थ,

अज्ञानता नै संस्कार वा प्रभावहरूको कारण हो ।

यी १२ वटा कारण-कार्य सम्बन्धहरूलाई सजिलोको निम्ति छोटोमा उतार्ने हो भने यसरी सूचिवद्ध गर्न सकिन्छ :

१. अविद्या (अज्ञानता)
↓
२. संस्कार (प्रभावहरू)
↓
३. विज्ञान (चेतना)
↓
४. नाम-रूप (शरीर र मन)
↓
५. षट् आयतन
(पाँच इन्द्रियहरू र मन)
↓
६. स्पर्श
↓
७. वेदना (संवेदना)
↓
८. तृष्णा
↓
९. उपादान (आसक्ति)
↓
१०. भव (जन्मने इच्छा)
↓
११. जति (जन्म वा पुनर्जन्म)
↓
१२. जरा-मरण
(बिमारी-बूढेसकाल-मृत्यु-दु:ख)

बुद्धको दृष्टिमा दु:खको जरो कारण अज्ञानता अथवा अविद्या हो, किनभने अज्ञानताको कारण छैन । अज्ञानताको कारण अज्ञानता नै हो । अज्ञानतालाई उन्मूलन गरियो भने दु:खबाट हरेक मान्छेको अहिले र यहीं मुक्ति संभव छ । दु:खबाट मुक्तिको लागि कुनै ईश्वरको वा स्वर्गको आवश्यकता छैन । यहीं व्यक्ति स्वयंले आफ्नो अज्ञानता हटाए पुग्छ, ज्ञान प्राप्त गरे पुग्छ, दु:खको कारण थाहा पाए पुग्छ । व्यक्तिको मुक्ति व्यक्तिकै हातमा छ ।

बुद्धको यो विचार पुरोहितवादले फणा उठाएको आफ्नो समयको उथलपुथलकारी विचार थियो । यो क्रान्तिकारी विचार थियो । □

*क्रमश:*


श्री ५
महाराजाधिराज
ज्ञानेन्द्र वीर
विक्रम शाहदेव
सरकारको
५६ औं
शुभजन्मोत्सवको
सुखद् अवसरमा
मौसूफ
सरकारको सुख,
समृद्धि, सुस्वास्थ्य
एवं दीर्घायुको
लागि हार्दिक
मंगलमय
शुभकामना
चढाउँदछौं ।



नेपाल राष्ट्र बैंक
परिवार





श्री ५ महाराजाधिराज
ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको
५६ औं शुभजन्मोत्सवको
सुखद् अवसरमा
मौसूफको
सु-स्वास्थ्य
एवं दीर्घायुको
हार्दिक
मंगलमय
शुभकामना
चढाउँदछौं ।



Alliance
Insurance

अज्ञानता नै संस्कार वा प्रभावहरूको कारण हो ।

यी १२ वटा कारण-कार्य सम्बन्धहरूलाई सजिलोको निम्ति छोटोमा उतार्ने हो भने यसरी सूचिवद्ध गर्न सकिन्छ :

१. अविद्या (अज्ञानता)

↓

२. संस्कार (प्रभावहरू)

↓

३. विज्ञान (चेतना)

↓

४. नाम-रूप (शरीर र मन)

↓

५. षट् आयतन (पाँच इन्द्रियहरू र मन)

↓

६. स्पर्श

↓

७. वेदना (संवेदना)

↓

८. तृष्णा

↓

९. उपादान (आसक्ति)

↓

१०. भव (जन्मने इच्छा)

↓

११. जति (जन्म वा पुनर्जन्म)

↓

१२. जरा-मरण (विमारी-बूढेसकाल-मृत्यु-दुःख)

बुद्धको दृष्टिमा दुःखको जरो कारण अज्ञानता अथवा अविद्या हो, किनभने अज्ञानताको कारण छैन । अज्ञानताको कारण अज्ञानता नै हो । अज्ञानतालाई उन्मूलन गरियो भने दुःखबाट हरेक मान्छेको अहिले र यहीं मुक्ति संभव छ । दुःखबाट मुक्तिको लागि कुनै ईश्वरको वा स्वर्गको आवश्यकता छैन । यहीं व्यक्ति स्वयंले आफ्नो अज्ञानता हटाए पुग्छ, ज्ञान प्राप्त गरे पुग्छ, दुःखको कारण थाहा पाए पुग्छ । व्यक्तिको मुक्ति व्यक्तिकै हातमा छ ।

बुद्धको यो विचार पुरोहितवादले फणा उठाएको आफ्नो समयको उथलपुथलकारी विचार थियो । यो क्रान्तिकारी विचार थियो । ❑

*क्रमशः*


श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफ सरकारको सुख, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।



नेपाल राष्ट्र बैंक

परिवार





श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफको सु-स्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।

Alliance Insurance



चिन्तन

— डा. चैतन्य मिश्र —

# चेतना : तीन पृथक व्याख्याहरू

> वनस्पति-हरूमा समेत कुन किसिम र कुन हदको चेतना रहन्छ भन्ने सवालमा समेत हाल खोजवीन भइरहेको छ

मानव जातिलाई अरू प्राणीहरूबाट छुट्याउने मूल आधार चेतना वा ज्ञान आर्जन गर्न सक्ने सामर्थ्य नै हो भन्ने गरिन्छ । हुन त अन्य प्राणीमा पनि चेतना हुन्छ र तिनले पनि ज्ञान आर्जन गर्न सक्छन् भन्ने तथ्य सामान्य ज्ञानकै विषयवस्तु हो । यसमा नवीन वैज्ञानिक र प्रविधिको अनुसन्धानले निखार थप्दै आएको छ । वनस्पतिहरूमा समेत कुन किसिम र कुन हदको चेतना रहन्छ भन्ने सवालमा समेत हाल खोजवीन भइरहेको छ ।

यो छोटो लेखको विषय भने केही मात्रामा भिन्नै छ । मानव जातिको चेतनाको, ज्ञानको, मूल्य-मान्यताको, सबै किसिमका 'मानसिक उत्पादन'हरूको र स्वभावको श्रोत के हो ? अर्थात् यसको जरो कसरी पहिल्याउन सकिन्छ ? मानव चेतना उपरोक्त अरू आयाम र चरित्रहरूमा सबै स्थान र समयमा एकै प्रकारको हुन्छ, वा भिन्न हुनसक्छ र परिवर्तन हुनसक्छ ? भिन्न हुनसक्छ र परिवर्तन हुनसक्छ भने किन र कसरी ? ऐतिहासिक र द्वन्दात्मक भौतिकवादले यी प्रश्नहरूको उत्तर विशिष्ट किसिमले दिन्छ । पारम्परिक उत्तरहरूभन्दा यी उत्तरहरू नौला छन् । यी उत्तरहरू विज्ञानसम्मत छन् ।

> पारम्परिक व्याख्याहरूमा विविधता त छन् नै, यो समानता पनि छ कि यिनले मानव चेतना, स्वभाव आदिको निर्माण गैर-मानवीय तवरले हुन्छ भन्ने वकालत गर्छन् ।

पहिले पारम्परिक उत्तरहरूको चर्चा गरौं ।

यस कोटीको एउटा उत्तर यो हो कि मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता, स्वभाव आदि मानव मात्रमा हुने प्रकृतिप्रदत्त गुणहरू हुन् । अर्थात् यी गुणहरू प्रकृतिले नै जन्मजात रूपले मानिसहरूमा भरिदिएको हुन्छ र यी गुणहरूले सम्पन्न प्राणीहरूलाई नै मानवजाति भनिन्छ । प्रकृतिप्रदत्त हुनाले नै सबै मानिसमा चेतना हुन्छ र चेतनाविनाको मानिसको परिकल्पना गर्नै सकिन्न ।

यसै कोटीको दोस्रो उत्तर यस्तो हुन्छ : मानवीय चेतना दैवीशक्तिद्वारा निर्माण हुन्छ । सम्पूर्ण जगत, चराचर र सिंगो मानव जातिको श्रृष्टि नै दैवीशक्तिद्वारा भएको हुँदा मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता, स्वभाव आदि स्वाभाविक रूपले दैवी संरचनामार्फत् हुने हुन्छ । यसैले हरेक मानिसमा दैवको अंश हुन्छ । यो अंश क्षीण भएर गएमा र मानव लोक पाप र अन्य विकारले भरिएमा र धर्म नाश भएमा प्रलय हुन्छ र दैवीशक्तिद्वारा पुनर्स्थापित हुन्छ । अर्थात् मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता, स्वभाव आदि परिवर्तन हुनसक्ने गुणहरू भए पनि यिनको पुनर्स्थापनाको लागि दैवीशक्ति अपरिहार्य छ ।

पारम्परिक व्याख्याको तेस्रो धार भाग्य र पुनर्जन्मसँग सम्बन्धित छ । यसअनुसार मानवीय चेतना आदि मानिसपिच्छे फरक फरक हुनसक्छ तर यो विभिन्नताको आधार अरू केही नभएर पूर्वजन्मको कर्म नै हो । यदि पूर्वजन्म धर्मसम्मत रहेको छ भने चेतना आदिको चरित्र उच्च गुणको रहन्छ र यदि पूर्वजन्म सो किसिमको रहेनछ र अ-धर्मले उल्लेख्य स्थान ओगटेको रहेछ भने यो जन्मको चेतना आदिको चरित्र निम्न स्तरको रहन्छ ।

यी तीन पारम्परिक व्याख्याहरूमा विविधता त छन् नै, तर साथै यिनमा यो समानता पनि छ कि यिनले मानव चेतना, स्वभाव आदिको निर्माण गैर-मानवीय तवरले हुन्छ र गरिन्छ भन्ने वकालत गर्छन् । यिनले मानव चेतना, स्वभाव आदिको निर्माणमा मानवीय सामर्थ्यलाई या अत्यन्त न्यूनीकरण गर्छन् वा स्थान नै दिंदैनन् ।

अर्को र दोस्रो कोटीको व्याख्या पनि छ, मानवीय चेतना आदिको । पूँजीवादी, व्यक्तिवादी र कोरा भौतिकवादी यो व्याख्याअनुसार चेतना आदिको निर्माणको थलो हरेक व्यक्तिको दिमाग वा मगज हो । हरेक व्यक्ति मगजले सुसज्जित हुन्छ र मगजको भौतिक विन्यासको चमत्कारअन्तर्गत नै मानिस चेतनायुक्त हुन्छ, ज्ञान आर्जन गर्न सक्ने हुन्छ, सिक्न सक्ने हुन्छ र स्वभाव निर्माण र पुनर्निर्माण गर्न सक्ने हुन्छ । विश्वमा जति मानिस छन्, त्यतिवटै मगज छ र हरेक व्यक्ति आ-आफ्नो मगजको उपयोग गर्दै स्वतन्त्र र छुट्टाछुट्टै रूपले चेतनशील छ । चेतनाको श्रृष्टि मगजबाट नै हुन्छ । चेतनाको जरो भेट्टाउन अन्य कतै खोजिपस्नु पर्दैन ।

ऐतिहासिक र द्वन्दात्मक भौतिकवादी व्याख्या भने यी दुई कोटीका चार पृथक व्याख्याहरूभन्दा भिन्दै छ । यसअनुसार मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता अन्य सबै प्रकारका 'मानसिक उत्पादनहरू' र मानवीय स्वभावको सही व्याख्या गैरमानवीय, गैरसामाजिक र गैरऐतिहासिक किसिमको हुनसक्दैन । यी सबै गुण र चरित्रहरूको निर्माण र पुनर्निर्माण प्रकृति, दैवीशक्ति, भाग्य 'कर्म' र पुनर्जन्मको चक्रको आधारमा नभएर ऐतिहासिक तवरले निर्मित सामाजिक अर्थात् आर्थिक, राजनैतिक र सांस्कृतिक स्थिति, परिपाटी र यिनीहरूको संक्रमणको प्रकृयाअन्तर्गत हुनेगर्छ । यी गुण र चरित्रहरूको जरो पहिल्याउन कुनै पनि प्राकृतिक वा भौतिक शक्ति वा भाग्य आदितर्फ फर्कनु अनावश्यकमात्र हुँदैन, सरासर गलत र अवैज्ञानिक एवं अफलदायी हुन्छ । यी गुण र चरित्रहरू सामाजिक रूपले निर्माण र पुनर्निर्माण हुने भएकाले यिनको जरो पहिल्याउन सामाजिक संरचनाको अर्थात् आर्थिक, राजनैतिक र सांस्कृतिक संरचनाको अवलोकन, विश्लेषण र संश्लेषण गर्नु एकमात्र उपाय बन्छ । यी गुण र चरित्रहरूको प्रकृति भिन्नभिन्न राजनैतिक, आर्थिक र सांस्कृतिक संरचनाहरूमा भिन्नाभिन्नै रहन्छन् । यो भिन्नताले प्रमाणित गर्ने तथ्य यो पनि हो कि यी गुण र चरित्रहरू प्रकृति वा दैवीशक्तिद्वारा निर्मित र प्रदत्त हुन

सक्दैनन् । थप, यी गुण र चरित्रहरू, एउटै समाजभित्र पनि कालान्तरमा र ऐतिहासिक धारले मोड लिंदा बेग्लै हुन्छन् र परिवर्तित हुन्छन् । प्रकृति, दैवीशक्ति वा भाग्यका कारण यी गुण र चरित्रहरूमा विभिन्नता हुने र फेरबदल हुने निचोड निकाल्नु त्यसैले सही र वैज्ञानिक हुँदैन ।

यदि यी गुणहरूमा सामूहिक, सामाजिक र संरचनागत तहका विभिन्नताहरू छन्, वैयक्तिकमात्र छैनन् र यदि यी गुणहरू ऐतिहासिक रूपले संरचनागत तहमै परिवर्तित हुन्छन् भने स्वाभाविक रूपले प्रश्न उठाउनुपर्ने हुन्छ : के यी गुणहरू स्वतन्त्र र छुट्टाछुट्टै रूपमा व्यक्ति-व्यक्तिका मगजहरूभित्र निर्माण हुन्छन् ? वा यी गुणहरूको निर्माण र पुनर्निर्माण सामुहिक, सामाजिक र संरचनागत तहमा नै हुनेगर्छ ? अर्थात् मानवीय चेतनाको प्रकार, थोरै हददेखि धेरै हदसम्म समाजपिच्छे र ऐतिहासिक अवस्था र स्थितिअनुसार फरक फरक हुन्छ भने चेतनाको मूल जरो खोज्न ऐतिहासिक तवरले सिर्जित सामाजिक संरचनाको विशिष्ट स्थिति खोजी निकाल्नु पर्ने हुन्छ । व्यक्ति- व्यक्तिको मगजभित्र आफसे आफ चेतनाको मूल जरो उम्रदैन । चेतना सामाजिक तहमा निर्माण हुन्छ ।

यसको अर्थ चेतनाको लागि मगज आवश्यक छैन भन्ने कदापि लाग्दैन । यो सही हो कि व्यक्तिपिच्छे चेतनालगायत अन्य गुणहरूमा भिन्नता रहने र देखिने गर्छ । यो भिन्नताको श्रोत खोज्न फेरि पनि व्यक्ति-व्यक्तिका फरक फरक सामाजिकताहरू अर्थात् वर्गीय, लैंगिक, क्षेत्रीय आदि पृष्ठभूमि, जीवन प्रवाहको सामाजिक प्रकृति र मोडहरू र सामाजिक रूपले निर्मित आकांक्षाहरूतर्फ ध्यान केन्द्रित गरिनुपर्ने हुन्छ । प्रकृति, दैवीशक्ति, भाग्यलगायत 'व्यक्तिगत' मगजहरूभित्र चेतनाको निर्माणको जरो भेट्टाउन सकिंदैन । जीवन बुझ्न जगतको खोजिगरिनुपर्छ भनेझैं चेतना बुझ्न समाजको विन्यासमा ध्यान केन्द्रित गरिनुपर्छ ।

❑❑

# अमेरिकी अर्थतन्त्रमा संकटको बादल

विश्वको नमूना अर्थतन्त्रको रूपमा लगातार साठीको दशकदेखि असीको दशकसम्म फस्टाइरहेको जापानी अर्थतन्त्र सन् १९९० को दशकमा आएर नराम्ररी मन्दीग्रस्त भएपछि र यही नै समयमा अमेरिकी अर्थतन्त्रचाहिं लगातार उँभो लागिरहेपछि अमेरिकी शासकहरू- अबको विश्वको सबैभन्दा स्वस्थ र बलवान नमूना अर्थतन्त्र अमेरिका भएको कुरा दाबी गर्दै आइरहेका थिए । नभन्दै सन् १९९० देखि १९९८ सम्ममा अमेरिकाको आर्थिक दर सालाखाला २.९ प्रतिशतका दरले बढिरहेको थियो । यसको बेरोजगारी दर घटेर पोहोर जुलाइमा ४.५ प्रतिशत पुगेको थियो । सन् १९९८ मै २९ वर्षमा पहिलो पटक अमेरिकी अर्थतन्त्र बजेट घाटाबाट बजेट बचतमा उक्लेको थियो । सन् २००० पुग्दा यसको बजेट बचत २३६ अर्ब अमेरिकी डलर पुगेको थियो ।

तर नयाँ सहस्राब्दी शुरू भएपछि अमेरिकी अर्थतन्त्रको तस्वीर त्यस्तो रंगीन रहेन, जस्तो पहिले दावी गरिएको थियो । अहिले यो झन् झन् संकटग्रस्त बन्दै गइरहेको देखिएको छ । अमेरिकाको वार्षिक आर्थिक वृद्धिदर झण्डै आधा घटेर अहिले केवल १.५ प्रतिशत हुन पुगेको छ । बेरोजगारी दर लगभग अघिल्लो सालभन्दा डेढी बढेर ६ प्रतिशत हुन पुगेको छ । अमेरिका पुनः बजेट बचतबाट बजेट घाटाकै युगमा प्रवेश गरेको छ । यो वर्ष २७७ अर्ब डलर बजेट बचत हुने पूर्वानुमानको ठीक विपरीत १६० अर्ब डलर बजेट घाटा हुने स्थितिमा गइरहेको कुरा अमेरिकी सरकार स्वयं बताउँदैछ ।

सन् १९९० देखि १९९८ सम्म वार्षिक ४.३ प्रतिशतका दरले बढिरहेको अमेरिकाको औद्योगिक उत्पादन अहिले माइनस १.६ प्रतिशतका दरले ह्रासोन्मुख दिशामा अघि बढ्दै छ । सन् १९२० को दशकयता पहिलो पटक स्टक मार्केट पनि लागतमा ओरालो लागेकोलाग्यै छ, जबकि अर्थतन्त्र यो वर्षको शुरू महिनामा पहिलेको तुलनामा केही सप्रिरहेको भनिँदैछ । स्टक मार्केटको बलियो संकेत डो जोन्सको औद्योगिक औसत विगत १३ हप्तामा १० हप्ता ओरालो लागेको छ र सन् १९९९ को लेभलमा पुगेको छ । र, शक्तिशाली डलर, जो अमेरिकाको अद्भूत अर्थतन्त्रको प्रतिक मानिन्थ्यो, विनिमय दरमा ओरालो लाग्ने क्रममा छ । गएको जनवरीयता यूरोको तुलनामा यसको विनीमय दर १० प्रतिशतले घटेको र येनको तुलनामा ८ प्रतिशतले घटेको छ । यो आंकडा विश्वप्रसिद्ध आर्थिक पत्रिका 'द इकोनोमिष्ट'ले आफ्नो जुन २२, २००२ को अंकमा लेखेको छ ।

गएको मे महिनामा खुद्रा बिक्री अपेक्षा नै नगरिएको ढंगले ०.९ प्रतिशतले घटेको छ । सबैभन्दा खराब कुरा, अमेरिकी कम्पनीहरूमा लगानीकर्ताहरूको विश्वास घट्दैछ । एनरोन् टाट पल्टेयताको ६ महिनामा अमेरिकी पूँजीवादका थुप्रै महापदाधिकारीहरू आफ्नो पदबाट च्यूत गरिएका छन् । कैयन् कार्यकारी प्रमुखहरू आफ्नो पदबाट निकालिएका छन् । कम्पनीको लेखामा घोटाला गर्नेहरूको सूची थापिँदो छ । लगभग १००० वटा कम्पनीहरूले सन् १९९७ यताको आफ्नो आयको फाँटवारी पुनः प्रकाशित गरेका छन्, किनकि उनीहरूले पहिलो गलत आंकडा र भ्रामक सूचना प्रकाशित गरेको स्वीकारिँदैछ ।

अमेरिकाको बजेटमा वित्तीय संकट पनि त्यत्तिकै बढिरहेको देखिन्छ । पुनः बढ्दो बजेट घाटा त्यसको एउटा बलियो उदाहरण हो । त्यसदेखि बाहेक, बुश-प्रशासनले पोहोरसम्म सरकारको ऋण सन् २००८ सम्ममा ५.९५ ट्रीलियन डलरसम्मको हदबन्दीमा सीमित गर्ने कुरा गरिरहेको थियो । अहिले अमेरिकाको वित्तीय विभाग जून २८ सम्ममा त्यो हदबन्दी बढाइदिन अमेरिकी संसद-कांग्रेसलाई हात जोर्दैछ । अमेरिकी संसद कांग्रेसको बजेट कार्यालयले के भन्दैछ भने यो आर्थिक वर्षको पहिलो आठ महिनामा पोहोरको यही अवधिको तुलनामा १६१ अर्ब डलरले राजश्व घटेको छ । व्यक्तिगत आयकर उठ्ती यही गएको अप्रिल महिनामा एक वर्ष अघिभन्दा ३६ प्रतिशतले घटेको छ । यही ताल हो भने गत सालभन्दा यो आर्थिक वर्षमा राजश्व उठ्ती १५० अर्ब डलरले कम्ता हुनेछ ।

बढ्दो रक्षा खर्च, अमेरिकी अर्थतन्त्रमा छाएको मन्दी र बुशको कर कटौतीको योजना नै अमेरिकामा राजश्व घट्नुका र बजेट घाटा बढ्नुका मुख्य कारण देखिन्छन् ।

अमेरिकी अर्थतन्त्र अहिले पनि विश्वको सबभन्दा ठूलो अर्थतन्त्रको रूपमै छ । परन्तु यसको भित्री गूदी त्यति रंगीन छैन, जति बाहिर गुड्डी हाँकिदैछ । अमेरिकाको अर्थतन्त्र भित्रभित्रै झन् पछि झन् संकटग्रस्त हुँदैछ । पोहोर सेप्टेम्बर ११ को आक्रमणपछि यसले विश्वव्यापी रूपमा आतंकवादको विरोधको निहुँमा अमेरिकी चलखेल र आतंक फैलाउँदैछ, त्यसलाई आर्थिक रूपले नै दिगो राखिराख्न गाह्रो छ । अमेरिकाले दिएको दयाको भीखको भरमा नेपालको धराशायी हुनै लागेको अर्थतन्त्र थाम्ने नेपाली शासकवर्गको बालसुलभ सपना साकार हुन धेरै मुश्किल छ भन्ने कुरा यी आँकडाहरूले छर्लंगै देखाएका छन् ।

❑ दीपक वैद्य

## कस्तो छ अमेरिकी अर्थतन्त्रको हालत ?

| | | |
|---|---|---|
| ❑ **आर्थिक वृद्धिदर** | | |
| *सन् १९९०-९८ सम्म* | *पोहोर जुलाइमा* | *अहिले* |
| २.९% | २.५% | १.५% |
| ❑ **बेरोजगारी दर** | | |
| *१९९८ मा* | *पोहोर* | *अहिले* |
| ४.६ | ४.५ | ६.० |
| ❑ **औद्योगिक उत्पादन वृद्धिदर** | | |
| *१९९०-९८ सम्म* | *पोहोर* | *अहिले* |
| +४.३% | -२.८ | -१.६ |
| ❑ **बजेट घाटा / बजेट बचत** | | |
| *सन् २००० मा यथार्थ बजेट बचत* | *सन् २००१ मा अनुमानित बजेट बचत* | *सन् २००२ मा अनुमानित बजेट घाटा* |
| २३६ अर्ब डलर | २५७ अर्ब डलर | १६० अर्ब डलर |

*श्रोत : World Bank, The Economist, Facts on File, USA*

# पूर्ण वैद्यका तीन कविताहरू





## सत्य

सत्य-
पानीको एउटा सागर हो
मानिसहरू आ-आफ्नो घैंटोअनुसार
यसलाई भरी लिन्छन् ।

पछि फेरि-
तिनीहरू एकआपसमा
यसको मात्रा, लम्बाइ र चौडाइको
कुरामा -
टाउकै फुटाफुट गरी जुध्छन्

आफ्नो घैंटोको दोष
स्वीकार्ने नै को ? ❑

*'लः लः खः' बाट, नेपाल भाषाबाट अनु*

## लाहूरे हुन् मेरा देशका नदीहरू

पानी यसरी भौतारिँदै
रात-दिन, बन जंगल नभनी
बेतोडले दर्गुरिरहनु
उसको आफ्नो एउटा ठाउँको लागि हो
जब उसलाई आफू बस्नको निमित्त
आफू अटाउने एउटा उपयुक्त ठाउँ भेटिन्छ
ऊ चुपचाप शान्त हुन्छ ।
उसका बेचैन लहरहरू मौन सुत्छन्
तर, यी अग्ला-अग्ला हिमालका
पहाड-पर्वतहरूले मात्र
भएभरको ठाउँ ओगटेर बसेको देशमा
उसलाई आरामले फैलिएर बस्न
कतै कुनै ठावै छैन ।

पहाडको प्रत्येक उच्चताले
उच्चताहरूको कठोरताले
उसलाई बस्नै नसक्ने गरी
बलजफ्ती धकेलिदिन्छ
कहालिने गरी खसालिदिन्छ
ऊ स्वाँ-स्वाँ भाग्दै मैदानमा पुग्छ ।

आफू जन्मेको देश त्यागेर
बाध्य छ ऊ मुग्लान पस्न
तर ऊ आफ्नो देशको धूलो
अलिकति भए पनि
छातिमा घसेर
कुलकुल .... कुलकुल रूँदै
आफ्नो देश- छोडेर जान्छ
अनाहक, कुर्बानीको सागरमा विलीन हुन ।

❑

*'लः लः खः' बाट*
*नेपाल भाषाबाट अनुः भगतदास श्रेष्ठ*



## बिहान पर्खनेहरू नै जब रात भइदिन्छन्

बिहान पर्खनेहरू नै
जब रात भइदिन्छन्
मेरो क्षितिजको के लाग्छ !
मेरो आँखाको के अर्थ रहन्छ !
यद्यपि, आँखा भन्नु नै प्रकाशको साक्षी हो ।

बारीमा पहरा दिने बारहरूले नै
जब काँक्रो चोरी सिध्याउँछन् त
मेरो श्रमको के लाग्छ !
मैले रोप्नुको अर्थ के रहन्छ !
यद्यपि, रोप्नु भन्नु नै भविष्य उमार्नु हो ।

भित्तामा लेखिराखेको मयूरले नै
जब सँगै भुड्याएको हिराको हार
एकाएक निलिदिन्छ
यस अवस्थामा मेरो विश्वासको के लाग्छ !
मेरो अभिव्यक्तिको के अर्थ रहन्छ !
यद्यपि, अभिव्यक्ति भन्नु नै
अन्तर सत्यको प्रकाशन हो ।

यसरी बोल्ने समय पर्खंदापर्खंदै
सान्त्वनाको निहुँमा मात्र अड्केको जिन्दगीमा
मौनताका शून्यहरू तह तह जमेर
जब बोल्ने मुखहरू नै ढुंगो भइदिन्छन्
कुटिल द्रोणाचार्यहरू सामु
मुख खसेका युधिष्ठिरहरूको बहिरा कानहरूभित्र
मेरो चिच्याहटको के लाग्छ !
मेरा मर्मान्त-सत्यहरूको के अर्थ रहन्छ !

यसरी, सबै अर्थ सम्हालेर पनि
अर्थहीन बन्छु म कयौंचोटि
सराप र आशीर्वादको अर्थ खोज्दाखोज्दै
पागलझैं हिँडेको राजा- मिदास हुँ म अहिले
सम्पूर्ण सराप-मुक्तिको लागि
विशुद्ध एक गाग्री पानीको लागि
र यहाँका प्रत्येक वस्तुको सही अर्थको लागि
प्रत्येक पाइलाको सही प्रयोगको लागि । ❑

*नेपाल भाषाबाट अनु.*

**बत्तीको स्वीचदेखि मोटर साइकलसम्म र खानादेखि उद्योगका कच्चापदार्थ सम्ममा अधिकांश चिजहरू विदेशी भएको तीखो अनुभूतिले उनलाई घोच्यो**



स्व-गिरफ्तारीको घोषणा गरी आँखामा पट्टी बाँधेका हरि पाण्डे

# हरिप्रसाद पाण्डे

# के प्रचार, के यथार्थ ?

■ चन्द्रदेव नेपाली

❑ "तिम्रो जीवन दासत्वभित्र छ । दासत्वका तीनवटा स्वरूपहरू छन् : पहिलो- आर्थिक दासत्व, दोस्रो- सामाजिक दासत्व र तेस्रो- शारीरिक दासत्व । तिम्रो जीवन दोषैदोषले ढाकिएको छ, प्रदुषित भएको छ । दोषका पनि तीनवटा स्वरूप छन् : पहिलो- आर्थिक क्रियाकलापले जन्मेको दोष, दोस्रो- सामाजिक क्रियाकलापले जन्मिएको दोष र तेस्रो- शारीरिक कारणले जन्मिएको दोष । यसैगरी तिम्रो जीवन ऋणैं-ऋणले च्यापिएको छ । यसका पनि तीनवटा स्वरूप छन्: पहिलो आर्थिक ऋण, दोस्रो- सामाजिक ऋण र तेस्रो- शारीरिक ऋण । दासत्वको जड दोष हो, दोषको जड ऋण हो र ऋणको जड तिमी हौ । जबसम्म तिमी दासत्व, दोष र ऋणबाट मुक्ति प्राप्त गर्दैनौ, तिमीले गरीबी, दरिद्रता, अपमान, अनिश्चितता र अव्यवस्था बेहोरिरहनु पर्नेछ ।

तिमीले वर्तमानमा जे प्राप्त गरिरहेका छौ, त्यो कोबाट प्राप्त भएको हो भन्ने कुरा थाहा पाउनु जरूरी छ । तिमीले जे प्राप्त गरेका छौ, त्यो सबै उपलब्ध गराउने तिम्री मातृभूमि हुन् । तिम्रो शरीरका शतप्रतिशत वस्तुहरू मातृभूमिभित्रै भएका पदार्थहरूबाट निर्मित भएका छन् । तिम्रा पूर्वाहरू, तिमीलाई जन्म दिने र हुर्काउने बाबु-आमा, सुरक्षा दिने छिमेकी, विद्या दिने गुरू, विद्यालय दिने समाज, ज्ञान र अनुभव हासिल गर्ने अवसर, पेशा, पेशाका लागि पूँजी र श्रमशक्ति, उत्पादित वस्तु खरिद तथा खपत गरिदिने व्यक्तिहरू, निर्यात तथा आयातको लागि प्रबन्ध, तिमीलाई आदर र सम्मान गर्ने व्यक्तिहरू, तिमीलाई सहयोग, सचेत र होसियार बनाउने व्यक्तिहरू सबै मातृभूमिबाटै तिमीले प्राप्त गरेका छौ । त्यतिमात्र होइन, तिमीले स्वास फेर्ने हावा, पानी र भोजन पनि उनीबाटै प्राप्त भएको हो । तिम्रो सम्पत्तिको सबै श्रोत पनि उनै हुन् । तिम्रो इतिहास, तिम्रो वर्तमान र तिम्रो भविष्य पनि मातृभूमि नै हुन् । तिम्री श्रीमती, छोराछोरी, इष्टमित्र सबै उनैका एउटा हिस्सामात्र हुन् । मातृभूमिबाट तिमीलाई हस्तान्तरण भएका वा प्राप्त भएका वस्तु तथा कुराहरू एक एक गरेर अलग गर्दै जाने हो भने, न शरीर, न इच्छा, न इतिहास, न वर्तमान, न भविष्य, न सम्पत्ति, न धर्म, न परम्परा तिमीसँग केही पनि बाँकी रहने छैन, तिमी शून्य अवस्थामा पुग्नेछौ । तिमीले संसारका कुनै पनि प्रयोगशालामा लगेर परीक्षण गर, योभन्दा अर्को नतीजा आउनै सक्दैन । यसैबाट प्रमाणित हुन्छ- तिम्रो लागि सर्वोच्चता मातृभूमिबाहेक अरू केही र केही पनि हुन सक्दैन ।

तिमी मानवहरूको जन्म निश्चित कार्यको लागि भएको छ । त्यो निश्चित कार्य भनेको सबै किसिमको मुक्ति प्राप्त गर्नु हो । मुक्ति भन्नाले 'दासत्व मुक्ति', 'दोष मुक्ति' र 'ऋण मुक्ति' भन्ने बुझ्नुपर्दछ । मुक्तिका विभिन्न चरणहरू छन् । यसमा तीनवटा पक्षको संलग्नता अनिवार्य छ । पहिलो लक्ष्य, दोस्रो माध्यम र तेस्रो व्यक्ति । लक्ष्य 'मुक्ति' प्राप्त गर्नु हो, माध्यम मातृभूमि हुन् र व्यक्ति तिमी हौ । तिम्रो लक्ष्यको अधिकतम हिस्सा मातृभूमि हुन्, तिम्रो माध्यमको अधिकतम हिस्सा मातृभूमि हुन्, तिमी स्वयंको अधिकतम हिस्सा मातृभूमि हुन्, त्यसकारण सबै कुराको मुख्य केन्द्रविन्दु मातृभूमिलाई नै बनाउनु पर्दछ ।"

**गत** ३-४ महिना अघिदेखि आफूले आफैंलाई 'भ्रष्ट' मानी कारवाही गर्न सरकारलाई अनुरोध गर्ने र सरकारले कारवाही नगरेको हुनाले आफूले नै आफूलाई दण्ड दिने, हिरासतमा राख्ने व्यक्तिको रूपमा चर्चित हरिप्रसाद पाण्डेको मत हो यो माथिको विचार ।

गरिब, पागलजस्ती देखिने, अर्धनग्न कुनै एक महिला व्यक्तित्वले उनलाई बेलाबेलामा भेटेर बाटो देखाउने गरेको र उनैले दिएको माथि उल्लिखित ज्ञानको आधारमा हरिप्रसाद पाण्डे आफूले आफैंलाई हिरासतमा समेत राखे ।

भारतले २०४५ मा अचानक नेपालमा आर्थिक नाकाबन्दी लगाएपछि यो भारतीय व्यवहारबाट उनी आहत र आक्रोशित भएका बेलामा पहिलोचोटि ती महिलाले उनलाई भेटेर गाली गर्दै र रूँदै केही कुरा भनिछन् । उनको सल्लाहअनुसार उनले भारतले नेपाललाई नाकाबन्दी लगाएपछि भएको बजार भाउको परिवर्तन र त्यसका कारणबारे घोत्लिने काम गरे । २४ घण्टामात्रै भए पनि स्वदेशी वस्तुमात्रै प्रयोग गरेर हेर्नू भन्ने ती महिलाको सुझावअनुसार व्यवहार गरी हेर्दा विहान ४ बजे ओछ्यानबाट उठेदेखिका आफ्ना व्यवहारमा बत्तीको स्वीचदेखि मोटर साइकलसम्म र खानादेखि उद्योगका कच्चापदार्थ सम्ममा अधिकांश चिजहरू विदेशी भएको तीखो अनुभूतिले उनलाई घोच्यो । त्यसै रात सपनामा उनलाई कसैले नांगो बनाएको र हात-खुट्टा बाँधेको देखे । भोलिपल्ट बिहानै आएर ती महिलाले यो नांगोपना र बन्धनविरूद्ध आफूलाई तयारी बनाउनू भन्ने सुझाव उनलाई दिइन् । यसैअनुरूप उनी एउटा 'दश वर्ष अवधिको राष्ट्रिय व्रतको शुरूवात र पालना गर्न' थाले ।

यसअनुसार सम्भव भएसम्म स्वदेशी बस्तुको प्रयोग, न्यून खर्च, परनिर्भरताबाट मुक्ति, शरीरलाई नभई नहुने कुराहरू बाहेकका सबै कुराहरूको त्याग, लामो अवधिसम्म ब्रम्हाचर्यको प्रयोग आदिलाई अपनाउँदै गइरहेको समयमा पछि उनी सांसद र मन्त्रीसम्म पनि भए । यही व्रतकै सिद्धान्त अनुरूप मन्त्री हुँदा उनी विश्व बैंकका ऋण र शर्तहरूमा देशलाई डुबाउने अरूण-तेस्रो जस्ता ठूला आयोजनाहरूको पक्षमा आफू नलागेको दावी गर्दछन् ।

पत्रपत्रिकाहरूमा धेरै चर्चा भएपछि धेरैलाई हरिप्रसाद पाण्डेका बाहिरी मागहरू थाहा भएको छ । उनले सरकारलाई मात्र हैन, पत्रकारहरूलाई पनि आफूबारे छानवीन गरिदिन अनुरोध गरे । छानवीनमा लाग्ने खर्चवापतको रकम आफैंले उपलब्ध गराउने वाचा पनि गरे । यी सबै क्रियाकलापहरू हाम्रो बौद्धिक समुदायमा एउटा रहस्य वा

**आफूले आफैंलाई भ्रष्टाचारी घोषित गरी दण्डको माग गर्ने व्यक्तिको वैचारिक अडान के ?**

'मुक्ति' को अवधारणाहरूसँग मनको आन्तरिक अन्तर्क्रियाबाट गुज्रँदै गएर उनी २०५१-५२ मा सरकारका मन्त्रीसम्म बने । एमालेको सरकार गयो, सरकार जानुअघि नै उनी गए । कुरै सकियो । तर जब अ.दु.अ.आ.ले माथि उल्लिखित रघुपति जुटमिल्सको शेयर खरिद प्रकृयामा अनुसन्धान गर्न जब उनलाई बयान लियो, तब उनको यो भावधारा अरू मूर्त बन्यो । २०५९ वैशाख ४ गते उनले पोखराका प्र.जि.अ.लाई एउटा चिट्ठी लेखी **"मबाट केही गैरकानूनी र गैरजिम्मेवारपूर्ण कार्यहरू भएको कुरा स्वीकार गरेको छु"** भन्दै **"मबाट भए-गरेका कृयाकलापहरूलाई अदालतमा पुऱ्याइदिन म आग्रह गर्दछु, अदालतले टुंगो नलगाउँदासम्म मलाई गिरफ्तार गरी नजरबन्दमा वा जेल जुन बढी कठोर र यातनायुक्त हुन्छ, सोही ठाउँमा राखिदिन पनि विनम्र अनुरोध गर्दछु ।"** भन्ने माग गरे ।

यसरी नजरबन्दमा आफूलाई राख्दा लाग्ने कोठाभाडा, सुरक्षा, बत्ती, पानी, खाना, वकिल, स्टेशनरी लगायत सबै खर्च आफैंले व्यहोर्न भनी सि.डि.ओ.लाई रू.१० हजारको चेक काटेर निवेदनसँगै राखीदिने काम पनि उनले गरे ।

साथै यही कुरा उनले नेपाल पत्रकार महासंघलाई चिट्ठी लेखी अवगत गराए । सम्पत्ति आर्जन गर्न आफूले घूस ख्वाएको, आर्थिक सम्पत्तिबाट मातृभूमिलाई नछुट्याई नहुने हिस्सा लुकाएर निजी प्रयोगमा ल्याई बेइमानी गरेको र यी कुराहरू लुकाउन आफू सज्जन र इमान्दार देखिने आवरणहरू प्रयोगमा ल्याएको आफूविरूद्धको आरोप उनले सो पत्रमा खुलाएका छन् । आफूले दासत्व स्वीकार गरेको, दोषपूर्ण क्रियाकलापमा संलग्न भैरहेको, ऋणलाई ऋण स्वीकार नगरी सोको भुक्तानी गर्न इन्कार गर्दै आएकोदेखि लिएर उनले यस्तो आरोप पनि आफूलाई लगाएका छन्-

**"उपरोक्त कृयाकलापमा संलग्न भैरहेको कारणले भारतलाई नेपालमाथि आर्थिक नाकाबन्दी लगाउन अनुकूल वातावरण तयार गरिदिएको, विश्व बैंक, अन्तर्राष्ट्रिय वित्त संस्था र विश्वका तमाम देशले मेरी मातृभूमिप्रति अविश्वास, अपमान, घृणा गर्ने अवस्था निर्माण गरेको, उनीहरूले भनेका सबै खालका कठोर शर्तहरू मान्न बाध्य हुनुपर्ने स्थिति तयार पारिदिएको र आफन्तहरूकै बीचमा अविश्वास, तनाव तथा काटमारको स्थिति निर्माण गर्नसमेत महत्वपूर्ण भूमिका निर्वाह गरेको ।"**

यी सबै आधारमा आफ्ना सबै कुनियत, लापरवाही, अज्ञानता र असक्षमताको हर्जना तिर्नुपर्ने गरी छानवीन गरिदिन उनले पत्रकारहरूलाई अनुरोध गरेका छन् । यो छानवीन कार्यको लागि आफ्नो 'मुक्ति यात्रा' शीर्षकमा रहेको सम्पत्तिबाट रू. ५० हजारको चेक पनि उनले लेखी दिएका छन् ।

यसअघि २०५८ फागुन ४ गते उनले आन्तरिक राजश्व विभागलाई चिट्ठी लेखी आयको स्वयं घोषणा पनि गरेका थिए । यो घोषणाबाट उनले आफ्नो करयोग्य आय एक करोड पचास लाख तोकी १० प्रतिशतले हुन आउने रू. १५ लाख सरकारलाई बुझाउने कबुल गरेका छन् । अरू थप करहरू तिर्ने उनको इच्छा पनि यसमा उनले व्यक्त गरेका छन् ।

हरिप्रसाद पाण्डेका शुरू प्रस्तुतिहरू हेर्दा उनी कतै आफ्ना गल्तीहरू ढाकछोप गर्न यो नौटंकी गरिहेका त छैनन् भन्ने आशंका पैदा हुनु स्वाभाविक छ । कतै यो आफूनजीकका आफ्ना कोही धोकेबाज मित्रहरूलाई फसाउने चालबाजी पो हो कि भन्ने अनुमान हुनु पनि स्वाभाविक नै छ । तर उनले सार्वजनिक रूपमा प्रस्तुत गरेका लिखतहरूलाई र उनले दर्शाएका उनका व्यवहारहरूलाई मोटामोटी रूपमा केलाउँदा के देखिन्छ भने, जीवनको वर्तमान मोडमा आएर उनमा विस्तारै एउटा देशभक्त र उदारवादी जनमुखी धारणाको विकास हुँदै गएको छ । आध्यात्मवादको पुट समेत मिसिएको मूलतः भौतिकवादी उनको चिन्तन र उनले अंगीकार गरेको 'मुक्ति' बारेको आफ्नै खाले दार्शनिक अवधारणाको अध्ययन हुनु उपयोगी नै हुनेछ भन्ने मलाई लाग्छ ।

जीवन-संस्कृतिको क्षेत्रमा आज समाजमा व्यापक रूपमा व्यक्तिस्वार्थ मात्रै हावी भैरहेको स्थितिमा आफूलाई त्यो स्वार्थभन्दा केही फराकिलो पारी समाज, देश आदिका नाममा थारै मात्र भएपनि समर्पित हुने जुन आँट हरिप्रसाद पाण्डेले गरेका छन्, त्यो स्वागतयोग्य छ, त्यसको उचित प्रसंशा हुनुपर्छ । तर जानी वा नजानी उनको 'त्याग' समाजका बहुसंख्यक गरीखाने वर्गप्रति केन्द्रित नभई मुठ्ठीभर चुसीखाने वर्गकै पक्षमा पुग्नसक्ने खतराप्रति भने उनलाई सजग गराइरहनु पर्ने जरूरत छ भन्ने पनि मलाई लाग्छ । ❑




**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको**
**५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा**
**मौसूफको सु-स्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना**
**चढाउँदछौं ।**

**श्री मदनराज शर्मा**
*कार्यकारी निर्देशक तथा*

**नेपाल आयल निगम लिमिटेड**
*परिवार*

**सुपथ मूल्यमा धमाधम बिक्री भइरहेको छ !**

चीनमा उत्पादन भएको प्रख्यात पाण्डा ब्राण्डको रंगीन टि.भि. र वासिङ्ग मेशिन हाम्रो क्षेत्रीय कार्यालय तथा शाखा कार्यालयहरूबाट धमाधम विक्री भइरहेको व्यहोरा ग्राहक वर्गहरूलाई अनुरोध छ ।

| | | |
|---|---|---|
| १. २१" को रंगीन टि.भि. मूल्य | रु. १५,५००/- | (मु.अ. करसहित) |
| २. १४" को रंगीन टि.भि. मूल्य | रु. १०,७७०/- | (मु.अ. करसहित) |
| ३. वासिङ्ग मेशिन ५.८ के.जी. को | रु. ९,७७९/- | (मु.अ. करसहित) |
| ४. वासिङ्ग मेशिन ६.२ के.जी.को | रु. १०,८७९/- | (मु.अ. करसहित) |

**नेशनल ट्रेडिङ्ग लिमिटेड**
*केन्द्रिय कार्यालय, टेकु,*
*फोन नं. २४४०३२, २४४९६२*

# बहुचर्चित लन्डन बैठकमा वास्तवमा के भएको थियो ?



■ गौरी प्रधान

*नेपालका धेरैजसो दातृसंस्थाहरूले भाग लिएको त्यो बैठकमा नेपालमा "माओवादी आतंककारी" विरूद्धको "अन्तर्राष्ट्रिय ऐक्यवद्धता" जाहेर भयो भनी जोडदार रूपले प्रचार गरिएता पनि यथार्थ त्यस्तो थिएन*

**बर्षेनी** जस्तो हुने गरेको नेपालका दातृसंस्थाहरूको साझा थलो "नेपाल विकास मञ्च" को बैठकहरूभन्दा फरक प्रकृतिको लन्डनमा बैठक केही हप्ता अगाडि सम्पन्न भयो । बेलायती सरकारको आयोजनामा गत जून १९-२० मा लन्डनमा सम्पन्न भएको उपरोक्त बैठकमा नेपालका धेरैजसो दातृसंस्थाहरूले भाग लिएका थिए । त्यो बैठकमा नेपालमा "माओवादी आतंककारी" विरूद्धको "अन्तर्राष्ट्रिय ऐक्यवद्धता" जाहेर भयो भनी जोडदार रूपले प्रचार गरिएता पनि यथार्थ त्यस्तो थिएन । बरू त्यसको विपरीत उपरोक्त बैठकले बिदेशी सहायताको नेपालमा सही ढंगले उपयोग हुन नसकेकोमा नेपाल सरकारको तिक्त आलोचना भएको थियो । औपचारिक रूपमा कुनै घोषणा र निष्कर्ष ननिकाल्ने भनिएता पनि उपरोक्त बैठकले दिनानुदिन बिग्रँदै गएको नेपालको वर्तमान परिस्थितिलाई के कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा केही महत्वपूर्ण सिफारीसहरूसमेत गरेको छ । नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको विकासक्रममा लन्डन बैठकको त्यति प्रचार नभएतापनि त्यहाँ उठेका सवालहरूले नेपालको आर्थिक विकास र अन्तर्राष्ट्रिय सम्बन्धमा दूरगामी प्रभाव पार्न सक्ने सम्भावना देखिएको छ । उपरोक्त बैठकमा उठेका सवालहरू माथि गम्भीर हुने हो भने नेपालको छवि र ख्याति विश्व जगतमा कति बिग्रीसकेको रहेछ भन्ने हामीलाई भान हुनेछ ।

सारा संसारलाई थाहा छ, नेपाल अहिले असाध्य कठिनपूर्ण र जोखिमपूर्ण यात्रामा अगाडि बढीरहेको छ । विगत ७ बर्ष देखि भइरहेको "जनयुद्ध" को उत्थान र दमनको क्रममा यहाँ ४००० भन्दा बेसी मानिसहरू मारिए, कैयन हज्जार मानिसहरू घाइते भए, कैयन बेपत्ता भए भने कैयन परित्यक्त र पलायन पनि भए । कैयन गाउँहरू अहिले गाउँ नभएर "शान्त चिहान" जस्तो हुनपुगेका छन् । एकातिर आधारभूत जनसमुदायहरू विकासको प्रतिफल प्राप्त गर्नबाट बञ्चित छन् भने अर्कोतिर ध्वंसात्मक गतिविधिहरूका कारण प्रारम्भिक अवस्थामा रहेका कैयन विकासका पूर्वाधारहरू भत्काइएका छन् । बालबालिकाहरूका विद्यालयहरू राजनैतिक थलो वा व्यारेकहरूमा रूपान्तरण हुँदै गएका छन् । जनसाधारण, केटाकेटी र बृद्ध-बृद्धाहरू औषधी, स्वास्थ्य सेवा र खाद्यान्नको अभावमा तड्पिरहेका छन् । देशमा कानूनको शासन भताभुङ्ग हुनथालेको छ । मानिसका नागरिक र राजनैतिक अधिकारहरू, खासगरी बाँच्न पाउने मानव अधिकारहरू विस्तारै अपहरित भएका छन् । वास्तवमा लन्डन बैठकले नेपालमा दिनानुदिन बढिरहेको यही मानवअधिकारको हनन, भ्रष्टाचार, कुशासन लगायत समाजमा विद्यमान सामाजिक शोषण र उत्पीडनहरूको बारेमा पनि गम्भीर ध्यान आकृष्ट गरेको थियो । आगामी दिनहरूमा यदि नेपाल सरकारले यस खाले कमजोरी र प्रवृत्तिहरूलाई हटाउन नसकेमा दातृ संस्थाहरूले नेपालबाट हात झिक्नु पर्ने संकेत पनि उपरोक्त गोष्ठीले गरेको छ ।

आफ्नो राजनैतिक उद्देश्य पूर्तिको निम्ति माओवादीहरूले जुन खालका गतिविधिहरू संचालन गरिरहेका छन्, ती प्रजातान्त्रिक किसिमको नभएको कुरा पनि दातृसंस्थाहरूले जोडदारका साथ उठाएका छन् । यसका साथै माओवादी गतिविधिहरू "आतंकवादी" कृयाकलापहरू भएका हुनाले त्यसको दमनको निम्ति श्री ५ को सरकारलाई दरो समर्थन गर्ने कुरा पनि स्पष्टसँग उठाइएको छ । तर सरकारले चलाएका दमन अभियानहरूले कुनैपनि हालतमा नागरिकका मानवअधिकार र स्वतन्त्रतालाई असर पार्न नहुने कुरा पनि उल्लेख गरेको छ । यस बर्षको प्रारम्भमा सम्पन्न नेपाल विकास मञ्चको बैठकमा दातृसंस्थाहरूले नेपालका लागि प्रतिवद्धता जाहेर गरेको बार्षिक ५० करोड अमेरिकी डलरबारे पनि नेपालको अस्थिर परिस्थितिले गर्दा पुनरावलोकन हुने सम्भावना बढेको छ ।

लन्डन बैठकमा सहभागीहरूलाई छलफलका लागि भनेर ३ वटा भिन्न भिन्न कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । ती कार्यपत्रहरू खासगरी नेपालको वर्तमान सुरक्षाको स्थिति र माओवादी गतिविधिहरू, राजनैतिक विकासक्रम, भ्रष्टाचार र कुशासन र वर्तमान समस्याको समाधानका उपायहरूमा केन्द्रित रहेका थिए । उपरोक्त बैठकमा नेपाल सरकारले आतंकवादको लडाईमा जनसाधारणको हानी नोक्सानी गर्न नहुने र विधिको शासनअन्तर्गत प्रजातान्त्रिक ढङ्गले अगाडि बढ्नु पर्ने कुरा पनि जोडदारसँग उठेको थियो । र, नेपालले आतंकवादविरूद्ध लडाई लड्दा कसैको उक्साहटमा नभई आफ्नै बलबुतामा, खासगरी जनताको मन जितेर गर्नुपर्ने कुरा त्यहाँ चर्चा भएको थियो ।

यसवाहेक, कर्मचारीतन्त्रमाथिको राजनैतिक हस्तक्षेप, वैदेशिक सहयोगमा भएको भ्रष्टाचार र मानव अधिकारको उल्लंघनको विषयमा बैठकमा गम्भिर छलफल भएको थियो । माओवादी "आतंकवाद"को मूलस्रोत नै सामाजिक विभेद, लैंगिक विभेद, भ्रष्टाचार र कुशासन भएको हुँदा त्यसको समाधानको निम्ति सरकारले व्यापक सामाजिक सुधारहरूलाई जनसहभागिताको आधारमा परिचालन गर्नु पर्ने कुरा पनि त्यहाँ जोडका साथ उठेको थियो ।

लन्डन बैठकलाई सामान्यतया कुनै पनि "निष्कर्ष"वा घोषणा-पत्र ननिकाल्ने "अनौपचारिक" भनिएतापनि त्यसले दिएको सन्देश नेपालको निम्ति गम्भीर र दूरगामी प्रभावपार्ने खालको छ । यदि नेपाल सरकारले आगामी दिनहरूमा मानव अधिकार संरक्षण र भ्रष्टाचार र कुशासनको निर्मूलनमा खास प्रगति गरेनन् भने भविष्यमा नेपाललाई दिँदै आएको बैदेशिक सहयोग र अनुदानमा भारी कटौति हुन सक्ने संकेत पनि उपरोक्त बैठकले दिएको छ । लन्डन बैठकले कुनै औपचारिक घोषणापत्र ननिकाले पनि अध्यक्षको समापन भाषणले बैठकमा उठेका विभिन्न विचारहरूलाई समेटेर नेपालको वर्तमान समस्याको समाधानको निम्ति राजनीति, सुरक्षा र विकासलाई प्राथमिकता दिनु पर्ने कुरा उल्लेख गरिएको छ । नेपालमा भइरहेको "आतंककारी" गतिविधिहरूलाई केवल दमन गरेरमात्र हुँदैन, समस्या समाधानको निम्ति राजनैतिक उपायहरू पनि अपनाउनु पर्ने र सम्वादको ढोकालाई बन्द गर्नु नहुने कुरा पनि अध्यक्षको समापन भाषणमा उल्लेख भएको छ । साथसाथै विकासको प्रतिफल आधारभूत जनसमुदायमा पुग्न नसक्नुको कारण जनताको सरकार माथिको भरोसा टुट्दै गएको हुँदा सामाजिक, आर्थिक क्षेत्रमा व्यापक र प्रगतिशील सुधारहरू हुनु पर्ने कुरा पनि बैठकको सुझाव रहेको छ । "माओवादी समस्या" समाधानको लागि फौजी कारवाहीभन्दा वार्ताको माध्यमबाट राजनैतिक समाधान खोज्नु पर्ने कुरामा कैयन् सहभागीहरूले जोड दिएको कुरा यो बैठकको उल्लेखनीय पक्ष थियो । अन्तमा, लन्डन बैठकको सन्देश भनेकै के हो भने जुन देशको सराकार आफ्नै देशभित्र लोकप्रिय र जनताको समस्या समाधान गर्न सक्षम हुँदैन उसले अन्तर्राष्ट्रिय हार-गुहारको आधारमा मात्रै संधैभरी टिक्न सक्दैन । अर्थात् समयको अन्तरालमा अन्तर्राष्ट्रिय समर्थन र सहयोग पनि जनइच्छाको विपरित जान सक्दैन । दक्षिण कोरिया, इन्डोनेशिया, फिलिपिन्स इत्यादि देशहरूको विगतको अनुभवबाट सिक्ने हो भने आफ्नो देशको समस्याको समाधान आफ्नै देशवासीको विश्वासको आधारमा गर्नुपर्दछ । विशेषतः स्कैण्डिनेभियन मुलुकहरूले यो सवाल विशेष जोडका साथ उठाएका थिए । ❑



परीक्षाको पहिलो दिन सुरक्षा जाँचको यो सन्त्रासमय वातावरण

# एस.एल.सी.मा किन यति धेरै फेल ?

■ मुक्ता श्रेष्ठ

**गत** २०५९ साल असार २ गते प्रकाशित एस.एल.सी. परीक्षाको परीक्षाफलले देशका अधिकांश अभिभावकहरू, शिक्षाविद्हरू र विद्यार्थीहरूलाई धेरै निराश पारेको छ । यस पटकको एस.एल.सी. परीक्षामा केवल ३१.०० प्रतिशत विद्यार्थीहरूमात्र पास भएका छन् । यसको मतलब हरेक तीन जनामा २ जना विद्यार्थीहरू एस.एल.सी.मा फेल भएका छन् । नियमित परीक्षा दिएका १,५२,३३४ विद्यार्थीहरूमध्ये प्रथम श्रेणीमा १९,८२३, द्वितीय श्रेणीमा २,२१४ गरी जम्मा ४७,५६६ जनामात्र पास भएका छन्, जबकि १ लाखभन्दा बढी विद्यार्थीहरूचाहिँ फेल भएका छन् । त्यो पनि ५ नम्बर नपुगेका बिद्यार्थीहरूलाई ५ नम्बर ग्रेस दिएर पास गराइएको छ । ५ नम्बर ग्रेस नदिएको भए अझ २५ प्रतिशतमात्र विद्यार्थीहरू पास हुन्थे ।

पास भएका विद्यार्थीहरूमध्ये पनि निजी बोर्डिङ्ग स्कूलका विद्यार्थीहरू लगभग ७५ प्रतिशत पास भएका छन् भने सरकारी विद्यालयका २५ प्रतिशतमात्र । अधिकांश सरकारी विद्यालयहरूले सरकारले तोकेको टेष्ट परीक्षामा पास भएका विद्यार्थीहरूमध्ये १५ प्रतिशतलाई पनि एस.एल.सी. परीक्षामा पास गराउनुपर्ने प्रावधान पनि पूरा गर्न सकेनन् । कैयौं विद्यालयहरूको एस.एल.सी. परीक्षाफल शून्य नै रह्यो । विभिन्न जिल्लाहरूको उदाहरण यहाँ दिन सकिन्छ, जस्तो, रामेछापले ५ प्रतिशत, ताप्लेजुङ्गले ४.७ प्रतिशत, पाँचथरले १३.२ प्रतिशत, धनुषाले १३ प्रतिशत, महोत्तरीले ४.३३ प्रतिशत, सप्तरीले ११.४४ प्रतिशतमात्र विद्यार्थीहरू एस.एल.सी. पास गराउन सकेका छन् । त्यस्तै गरेर बाँकेको ११, मकवानपुरको ७, नुवाकोटको ७, पर्वतको १३, गोरखाको ५ विद्यालयहरूको एस.एल.सी.को परीक्षाफल शून्य नै रहेको छ । यो सिंगो देशकै लागि ठूलो चिन्ताको विषय भएको छ ।

परीक्षा दिएका विद्यार्थीहरूमध्ये दुई तिहाईभन्दा बढी विद्यार्थीहरू फेल भएको यो परीक्षाफलले देशको दोषपूर्ण शिक्षा प्रणालीलाई धेरै हदसम्म उदाङ्गो पारेको छ । पहिलो कुरा त, सरकारले शिक्षामा लगानी गरेको बजेटको १३ प्रतिशत थैलीको उत्पादनशीलता र उपादेयतामाथि ठूलो प्रश्नचिन्ह खडा भएको छ । र, गरीब परिवारले खाई-नखाई जम्मा गरेको अथवा ऋण काढेर आ-आफ्ना छोरा-छोरीहरूको शिक्षाको लागि गरेको लगानी धेरै हदसम्म खेर गएको देखिएको छ । अर्कोकुरा, यस परीक्षाफलबाट फेल भएका, अब थप पढ्न नसक्ने अधिकांश युवाहरूमा अत्यन्त नकारात्मक मनोवैज्ञानिक असर परेको छ । तेस्रो कुरा, गरीब जनताका छोराछोरी पढ्ने सरकारी स्कूलहरूमा आफ्ना छोराछोरी पढ्न पठाउने आकर्षण ठूलो मात्रामा छुट्न गएको छ । आफू विपन्न भए पनि अभिभावकहरूको आकर्षण नाफाखोर निजी बोर्डिङ्ग स्कूलतिर बढी केन्द्रित हुने भएको छ, किनभने यो परीक्षाफलले हरेक अभिभावकहरूमा सरकारी स्कूलहरू बोर्डिङ्ग स्कूलको तुलनामा पढाइमा ज्यादै नै कमजोर भएको महसूस गराएको छ । यसको फलस्वरूप, अलिकति पनि क्षमता भएका अभिभावकहरूले अब पहिलेभन्दा पनि ज्यादा जसो-तसो गरेर भए पनि आफ्ना सन्तानहरूलाई बोर्डिङ्गमा नै पढाउन उत्प्रेरित हुने स्थिति पैदाभएको छ । यसले गर्दा अब आफ्ना सन्तानहरूलाई राम्रो शिक्षा दिन चाहने र घरमा अलिकति पनि शिक्षाको वातावरण भएका अभिभावकका छोराछोरीहरू सबै बोर्डिङ्ग स्कूलमा नै घुइरिने भए ।

तर यसो भन्दैमा वास्तविकता यो होइन कि सरकारी विद्यालयमा पढ्ने सबै विद्यार्थीहरू नराम्रा छन्, कमजोर छन्, उनीहरूले सिक्नै सक्दैनन् । वास्तवमा सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरू पनि जेहेन्दार छन्, मिहनती छन् । तैपनि अहिलेको एस.एल.सी.को परीक्षाफलले प्रश्न उठाएको छ- किन अधिकांश सरकारी विद्यालयहरूमा पढ्ने प्रत्येक पाँचमा चार विद्यार्थीहरू फेल भए त ?

यस वर्षको एस.एल.सी.परीक्षामा धेरै विद्यार्थीहरू फेल हुनुमा देशको राजनैतिक परिस्थितिले पनि असर पारेको छ भन्ने विश्लेषण पनि गरिएको छ । हुन पनि यस पटकको एस.एल.सी. परीक्षाको बेलामा संकटकाल लागु भएको थियो र त्यसले धेरै विद्यार्थीहरूलाई ठूलो असर पारेको पनि देखियो । पहिलो कुरा त, कतिपय ठाउँहरूमा परीक्षा नै संचालन गर्न सकिएन र सीमित ठाउँहरूमा परीक्षा केन्द्रहरू राखियो । गाउँ-गाउँका विद्यार्थीहरू डेरामा बसेर परीक्षा दिनुपर्‍यो, डेरा पाउन पनि ठूलो कठिनाइ व्यहोर्नुपर्‍यो । त्यसले उनीहरूको परीक्षाको तयारीमा नै ठूलो असर पर्‍यो । दोस्रो कुरा, परीक्षाको पहिलो दिनदेखि नेकपा (माओवादी)ले गरेको ५ दिनको नेपालबन्दको घोषणा (पछि बन्द फिर्ता लिएता पनि नेपाल प्रायः बन्द नै रह्यो) ले र परीक्षाहलभित्र पस्ने बेलामा सुरक्षाकर्मीहरूले गर्ने खानतलासीले विद्यार्थीहरूमा मनोवैज्ञानिक अप्ठेरो उत्पन्न गराएको थियो । अझ, बन्दूक बोकेका सैनिकहरूको निगरानीमा परीक्षा दिनु पर्दा कैयौं विद्यार्थीहरूले भयले गर्दा आफूले पढेर गएका प्रश्नहरूको उत्तरसमेत लेख्न सेकनन् ।

यसरी नेपालको राजनीतिक परिस्थितिले पनि केही हदसम्म एस.एल.सी.को परीक्षाफलमा प्रभाव पारेको हुनसक्छ । तर ज्यादै कम विद्यार्थीहरू पास हुनुमा यही कारण प्रमुख देखिँदैन । स्मरणीय छ, गत वर्ष पनि ३१.६२ प्रतिशत विद्यार्थीहरूमात्र एस.एल.सी. पास भएका थिए । त्यसैले यस पटकको एस.एल.सी. परीक्षामा थोरै विद्यार्थी पास हुनुमा राजनैतिक कारणबाहेक अरू पनि थुप्रै कारणहरू जिम्मेवार छन् ।

मैले पनि माध्यमिक तहको शिक्षिकाको रूपमा २० वर्ष शिक्षण पेशा अपनाएकी थिएँ । त्यतिबेलाको मेरो अनुभवको आधारमा के लाग्छ भने नेपालको शिक्षा प्रणाली र व्यवस्थापन पक्षमा नै ठूलो खोट छ । नेपालको सरकारी स्कूलको पाठ्यक्रम, राष्ट्रिय औद्योगिक आवश्यकता र मानिसको जीवनको आवश्यकतासँग गाँसिएको छैन । पाठ्यक्रम उद्यममूलक, व्यवसायमुलक, शीपमूलक र आधाभूत तहको शिक्षा प्राप्त गरेपछि व्यक्तिलाई आत्मनिर्भर

**[ स्थिति यस्तै रहिरहने हो भने केही वर्षमै अधिकांश सरकारी स्कूलहरूको एस.एल.सी. परीक्षाको परीक्षाफल शून्य हुन जाने सम्भावना बढ्दो देखिन्छ ]**

गराउने खालको भएन । व्यवसायिक शिक्षालाई अनिवार्य गराइएता पनि त्यो खालि सैद्धान्तिकमात्र भयो, त्यसलाई व्यवहारमूलक बनाउन सकिएन । यसले मानिसहरूमा शिक्षा हासिल गर्नु भनेको प्रमाण-पत्र प्राप्त गर्नुमात्र हो भन्ने सोच पैदागऱ्यो । फलस्वरूप विद्यार्थीहरूमा चिटिङ्ग गरेर वा जसरी भए पनि पास हुने तथा अभिभावक र शिक्षकहरूमा समेत चिट चोराएर विद्यार्थीहरूलाई एस.एल.सी. परीक्षामा पास गराउने मनोवृत्ति बढ्न थाल्यो ।

सरकारी स्कूलबाट एस.एल.सी. दिने धेरैजसो विद्यार्थीहरू अंग्रेजी, गणित र विज्ञान विषयमा असफल भएका हुन्छन् । यसो हुनुको पहिलो कारण भनेको अधिकांश ग्रामिण स्कूलहरूमा विषयका योग्य शिक्षकहरू नै नहुनु हो । यी विषयका शिक्षकहरू भनेको शैक्षिक रूपले सबल व्यक्तिहरू हुन्छन् । यस्ता व्यक्तिहरू अन्यत्र राम्रा कामहरू पाउन्जेल शिक्षण पेशामा लाग्दैनन् । अहिले आएर झनै अन्य क्षेत्रमा काम पाउन्जेल शिक्षण पेशामा नलाग्ने प्रवृत्ति बढ्न थालेको छ । किनभने, शिक्षण पेशालाई सरकारले मर्यादित र आकर्षक बनाउन सकेको देखिँदैन । शिक्षकहरू एकदमै उपेक्षित र अपमानित अवस्थामा छन् । दशौं वर्षदेखि काम गरिरहेका शिक्षकहरूले समेत स्थायी हुन र पदोन्नति प्राप्त गर्न सकिरहेका छैनन् ।

पढाइको स्तर उकास्ने काम मुख्य गरेर शिक्षकहरूको हो । तर ग्रामिण सरकारी स्कूलहरूमा पहिलो कुरो त विषय-शिक्षकहरू नै छैनन् र भएका शिक्षकहरूलाई पनि राम्रो तालिमको व्यवस्था छैन । र, स्कूलमा भएका शिक्षकहरूले पनि राम्ररी पढाइरहेका छैनन् । यी तीनवटै तत्वको अभावमा कसरी स्तरीय पढाइ हुन्छ ? वास्तवमा भन्ने हो भने बोर्डिङ्ग स्कूलको तुलनामा सरकारी स्कूलमा तलब र सुविधा दुवै राम्रो छ । तर बोर्डिङ्ग स्कूलको तुलनामा सरकारी स्कूलमा किन स्तरीय पढाइ हुनसकेन त ?

यसो हुनुमा थुप्रै कारणहरू छन् । मुख्य कारणमध्ये पहिलो, बोर्डिङ्ग स्कूलको तुलनामा त्यहाँ न गुणस्तरीय पाठ्यवस्तु छ, न राम्रो पढाउने शिक्षकलाई पुरस्कारको र नराम्रो पढाउनेलाई दण्डसजायँको व्यवस्था नै छ । यस्तो भएपछि सरकारी स्कूलहरूमा 'सरकारको काम कहिले जाला घाम'जस्तो भएको छ ।

आफ्ना छोराछोरीको राम्रो

# ज्यादै कम प्रतिशत पास हुनु सम्पूर्ण शिक्षा नीतिकै असफलता हो

■ मीनबहादुर विष्ट ■



हाम्रो देशमा राम्रो पढाइ र सिकाइ हुने भनेको विशेष गरेर शिक्षकहरूबाट नै हो । तर यहाँ शिक्षकहरूबाट नै राम्रो पढाइ भइरहेको छैन । पहिलो कुरा त अधिकांश शिक्षकहरू राजनीतिकरणमा लागेका छन् । उनीहरूमा राम्रो सिकाउने प्रतिवद्धता छैन । अर्को कुरा, यहाँ शिक्षकहरूको राम्रो व्यवस्थापन छैन, शिक्षकहरू एकदमै अपमानित छन् । स्कूलमा राम्रो पढाउनको लागि सरकारले उनीहरूलाई प्रोत्साहित नै गरेको छैन ।

त्यस्तै गरेर यहाँको परीक्षा प्रणालीमा पनि ठूलो खोट देखिन्छ ।

**❑ यो सालको एस.एल.सी. परीक्षामा एक तिहाईभन्दा पनि कम अर्थात् ३१.० प्रतिशत विद्यार्थीहरूमात्र पास भए । तपाईले यसलाई कसरी लिनुभएको छ ?**

– यसरी एस.एल.सी. परीक्षाफल कम प्रतिशत आउनु सारमा सम्पूर्ण शिक्षा नीतिकै असफलता हो । यहाँ पाठ्यक्रम बनाउने, परीक्षा लिने पद्धति एकदमै केन्द्रिकृत छ । अहिले एशियाली विकास बैंकको सहयोगमा जुन पाठ्यक्रम बनेको छ, त्यो स्थानीय स्कूलहरूको परिवेशअनुसार छैन । पाठ्यक्रम बनाउँदा स्कूलको आर्थिक तथा भौतिक स्थितिलाई ध्यान दिइएन । प्रायः स्कूलहरूमा विषय शिक्षकहरूकै अभाव छ । शिक्षकहरूलाई तालिम दिने राम्रो व्यवस्था छैन ।

एस.एल.सी. परीक्षा केन्द्रिकृत भयो । परीक्षाको प्रश्न-पत्र बनाइमा र उत्तर पुस्तिका जँचाइमा गम्भीर त्रुटी छ । एस.एल.सी. परीक्षा भनेको राष्ट्रिय परीक्षा हो । त्यसैले यो परीक्षाको स्तरीयकरण हुनुपर्छ । तर परीक्षाको स्तरीयकरण हुन सकेको छैन । यस परीक्षाका प्रश्न-पत्रहरू काठमाण्डौंका कथित बोर्डिङ्ग स्कूलहरूका शिक्षकहरूले बोर्डिङ्गकै विद्यार्थीहरूलाई ध्यानमा राखेर बनाएका छन् । त्यसैले यो प्रश्नपत्र बोर्डिङ्ग तथा शहरका विद्यार्थीहरूको लागि ज्यादै सजिलो र गाउँ र सरकारी स्कूलका विद्यार्थीहरूको लागि ज्यादै कठिन भयो ।

राष्ट्रिय स्तरको परीक्षाको प्रश्नपत्र भनेको त गाउँ वा शहर, सरकारी स्कूल वा बोर्डिङ्ग स्कूल, कम उमेरका वा बढी उमेरका, नेपाली भाषा वा अन्य भाषाका सबै विद्यार्थीहरूले हल गर्न सक्ने स्ट्याण्डर्डको हुनुपर्दछ । तर यहाँ त्यो हुनसकेन ।

त्यस्तै गरेर उत्तर पुस्तिक जँचाइमा पनि वैज्ञानिकता र पारदर्शिता छैन । के कति लेखेमा कति नम्बर पाइन्छ भन्ने कुरा लेख्ने विद्यार्थीलाई पनि थाहा छैन र कपि जाँच्ने शिक्षकलाई पनि थाहा छैन । यी विभिन्न कारणहरूले गर्दा एस.एल.सी.को परीक्षाफल यस्तो भएको हो भन्ने मलाई लाग्छ ।

**❑ बोर्डिङ्गका विद्यार्थीहरू ७५ प्रतिशत पास छन्, सरकारी स्कूलको २५ प्रतिशतमात्र । यसरी बोर्डिङ्ग स्कूलको तुलनामा सरकारी स्कूलका विद्यार्थीहरू निक्कै थोरैमात्र पास हुनुको कारण के हो ?**

– पहिलो कुरा त बोर्डिङ्ग स्कूलको तुलनामा सरकारी स्कूलको पढाइ ज्यादै न्यून स्तरको छ । अर्को कुरा, उनीहरू एस.एल.सी. परीक्षामा विद्यार्थीहरू छानी छानी पठाउँछन् । सरकारी स्कूलमा प्रायः सबै नै विद्यार्थीहरू सेन्टअप गरिन्छन् । तेस्रो कुरा, बोर्डिङ्ग स्कूलमा धनी परिवारका सन्तानहरू बढी आउँछन् । उनीहरूले विशेष ढंगले पढ्ने ट्युटरिङ्गको अवसर पाउँछन् र घरमा पनि शिक्षा प्राप्त गर्ने राम्रो वातावरण पाएका हुन्छन् । तर गाउँघरको सरकारी स्कूलमा पढ्न आउने विद्यार्थीहरूले त्यस्तो कुनै सुविधा पाएका हुँदैनन् । चौथो कुरा, बोर्डिङ्ग स्कूलमा अभिभावकहरूबाटै प्रशस्त पूँजी लगानी हुने भएकोले स्कूलमा भौतिक सुविधा प्रशस्त हुन्छ ।

तर सरकारी स्कूलमा न सरकारले पुग्नेगरी अनुदान दिएको छ, न त अभिभावकले नै फी उठाउन दिइरहेका छन् । अर्को महत्वपूर्ण कुरा त, बोर्डिङ्ग स्कूलहरूमा व्यवस्थापक कडा हुन्छ, उच्च किमिसको निरीक्षण र अनुगमनको व्यवस्था हुन्छ । यसले गर्दा बाध्य भएर शिक्षकहरूले मेहनतपूर्वक पढाउँछन् । तर सरकारी स्कूलमा यस्तो व्यवस्था छैन ।

**❑ परीक्षाफल बढी प्रतिशत पुऱ्याउने उपाय के हो त ?**

-परीक्षामा व्यापक सुधार हुनुपऱ्यो, शिक्षण र स्कूलको भौतिक अवस्थामा सुधार हुनुपऱ्यो, शिक्षकहरूलाई व्यवस्थित गर्ने, उत्प्रेरित गर्ने, अनुगमन गर्ने काममा सरकारले बढी ध्यान दिनुपऱ्यो । अझ सबभन्दा मुख्य कुरा त गरीबीले, मानवीय स्रोतको अभावले र राजनैतिक वातावरणले शिक्षामा बलियो प्रभाव पारिरहेको छ । त्यसैले देशमा आर्थिक, सामाजिक तथा राजनैतिक सुधार नल्याइकन परीक्षा प्रणाली र स्कूलको सुधारले मात्र एस.एल.सी. परीक्षामा सुधार ल्याउला भन्ने मलाई लाग्दैन । ❑

पढाइप्रति सबभन्दा बढी सरोकार राख्ने र राख्नुपर्ने स्थानीय अभिभावक र जनसमुदायले हो । तर अहिले सरकारी विद्यालयमाथि स्थानीय जनसमुदायको नियन्त्रण, स्वामित्व र सरोकार हुने प्रणाली नै विद्यमान छैन । बोर्डिङ्ग स्कूलमा झैं सरकारी स्कूलमा स्कूलका प्रध्यानापकलाई, शक्तिसम्पन्न गराइएको पनि छैन । सरकारी स्कूलको पढाई स्तरीय बनाउन केन्द्र र जिल्ला सरकारको कडी-कडाउ, निगरानी र नियन्त्रण प्रणाली हुनुपर्ने थियो, त्यो व्यवस्था पनि नेपालमा छैन । प्रत्येक जिल्लाको जिल्ला शिक्षा कार्यालयमा स्कूल निरीक्षकहरू त छन्, तर उनीहरू नियमित रूपमा निरीक्षण गर्न जानैंपर्ने प्रभावकारी प्रणाली नै छैन । थप कुरो, निरीक्षकहरू अधिकारसम्पन्न नै छैनन् ।

यसैगरी सरकारी स्कूलमा पढाई स्तरीय नहुनुमा शिक्षक दरबबन्दी, समान वितरण नहुनु र विद्यालयको भौतिक तथा आर्थिक स्थिति कमजोर हुनु पनि हो । अहिले बोर्डिङ्ग स्कूलहरूको बोलवाला भएको नेपालका शहरहरूका सरकारी स्कूलहरूमा विद्यार्थी संख्या ज्यादै कम हुनथालेको छ । तर पहिले विद्यार्थी संख्या धेरै भएको बेलामा जति शिक्षक दरबन्दी थिए, त्यत्ति नै अहिले पनि छन् । र, त्यहाँ एउटा शिक्षकले दिनको २/३ पिरियड लिए पुग्छ । उता बोर्डिङ्ग नभएका ठाउँका सरकारी स्कूलहरूमा अहिले पनि विद्यार्थी संख्या धेरै छ । त्यस्ता स्कूलहरूमा शिक्षकहरूको दरबन्दी पुग्दो छैन । कति स्कूलहरूमा त दरबन्दी भएर पनि त्यस अनुसार शिक्षकहरू पठाइएका छैनन् । यसले गर्दा कैयौं स्कूलहरूमा एकजना शिक्षकले दिनको ७ पिरियडसम्म लिनुपर्छ । अझ, स्कूल भवनको अभाव र शिक्षकहरूको अभावले गर्दा एउटै कक्षामा १०० जनादेखि १२०/२५ जनासम्म विद्यार्थीहरू राखेर पढाउनुपर्छ । स्कूल भवन बनाउन तथा अन्य शैक्षिक सामाग्रीहरूको व्यवस्था गर्न सरकारले पैसा दिँदैन, विद्यार्थीहरूसँग उठाउँदा अभिभावकहरू विरोध गर्छन् । जस्ताको छानामुनि एउटै बेन्चमा ५/६ जना विद्यार्थीहरू कोचिएर बस्नुपर्छ । यस्तो स्थितिमा कसरी सरकारी स्कूलको पढाइ स्तरीय हुनसक्छ ?

स्थिति यस्तै रहिरहने हो भने केही वर्षमै अधिकांश सरकारी स्कूलहरूको एस.एल.सी. परीक्षाको परीक्षाफल शून्य हुन जाने सम्भावना बढ्दो देखिन्छ । त्यसैले अब शिक्षा प्रणाली र नीति-निर्माणमा नै आमूल सुधार हुनुपर्‍यो, स्कूलको कडी-कडाउ निरीक्षण र अनुगमनको व्यवस्था हुनुपर्‍यो । स्थानीय जनसमुदायलाई विद्यालय व्यवस्थापनमा सहभागी गराउनु पर्‍यो । स्कूल संचालनमा स्थानीय निकायलाई अधिकारसम्पन्न र शक्तिशाली बनाउनुपर्‍यो । कामचोर शिक्षकहरूलाई दण्ड-सजायँ दिने र राम्रा र कर्तव्यनिष्ठ शिक्षकहरूलाई पुरस्कारको व्यवस्था हुनुपर्‍यो ।

यो काम गर्नुपर्ने सरकारले हो । तर जुनसुकै पार्टीको सरकार आएतापनि देशको विकास कार्यहरूमा भन्दा आफ्नो हातमा कसरी सत्ता टिकाइराख्ने भन्नेमा नै उनीहरूको ध्यय केन्द्रित छ । त्यसैले, स्तरीय शिक्षामा उनीहरूको प्राथमिकता नै देखिँदैन । ❑


## D.A.V. Rukmini Banarasi Kedia Higher Secondary School (10+2)

Kedia Sewagram, Birganj, Nepal

## SCHOLORSHIP PROGRAMME-2002

### Concession in Tuition Fee

1. 50% for the 10 toppers in S.L.C. or Equivalent exam.
2. 25% for the Score-aggregate score 60% and above or 80% in 2 subject.
3. 25% for the students from D.A.V. Nepal % India.
4. 25% for the Disabled students with score 50% and above.
5. 25% for National Sports Participants.
6. 40% for International Sports Participants.
7. 25% for Backward and Tribal students score above 50% recommended by Member of Parliament, World Hindu Federation, Nepal Arya Samaj, World Hindu Khalsa Tri-Centenary Committee, Parsa Milan Kendra, Marwari Sewa Samiti, Journalist Association of agency authorized by us.
8. 25% for children of Professors, Teachers and Low-income group earning below Rs. 10,000/- per month.
9. 25% for Employee of Kedia Organisation and Kedia organisation related NGOs, Trade and Industries.
10. 25% for Girls.
11. 25% for the students living under poverty line.
12. 25% for the students working in different institutions and organisations.
13. 25% for the Members of BHU and it's faculty members.
14. Matching Grants – If any social and religious organisation like Nepal Arya Samah, World Hindu Khalsa Tri-Centenary Committee, World Hindu Federation etc. provides up to Rs. 10,000/- per year as aid to a student, D.A.V. will provide a matching grant up to Rs. 10,000/- to yr.

**Note:-**

i) Concession on special case may be any amount.
ii) One student can enjoy maximum 2 schemes of the Scholarship Program.
iii) This scheme is Subject to alteration without prior notice.
All Rights are reserved to the Board of Directors.

### Fee Structure

| | XI | XII |
|---|---|---|
| **1. Monthly charges** | | |
| a. Monthly Tuition fee | 1,500/- | 1,500/- |
| b. Monthly Development fund | 150/- | 150/- |
| c. Monthly Computer fee | 250/- | 300/- |
| d. Monthly Science fee | 250/- | 300/- |
| **2. Annual Charges** | | |
| a. Annual fee | 2,000/- | 3,000/- |
| b. Cost of Almanac | 100/- | 100/- |
| c. Cost of School Magazine | 100/- | 100/- |
| d. Fee & Identity Card | 100/- | 100/- |
| **3. Additional annual charges** | | |
| a. Examination fee per term | 250/- | 250/- |
| b. Extra Activities | 1,000/- | 1,250/- |
| c. Library Fee | 500/- | 500/- |
| d. Refundable stationary deposit | 1,000/- | 1,000/- |
| (To be adjusted against bill for used quantity in actual) | | |
| **4. At the time of admission** | | |
| a. Admission fee | 3,000/- | 4,000/- |
| b. Refundable security deposit | 3,500/- | 3,500/- |
| c. Prospectus & Registration | 300/- | 300/- |

**Hostel Charges: Rs. 5,000/- (Five thousand) per month (including all charges)**

### D.A.V. Kedia Vishwa Bharati Nepal: An Introduction

D.A.V. Kedia Vishwa Bharati Nepal has been established by letter of understandings between Mahavirprasad Brijlal Kedia Sewa Trust, Birganj, Nepal and Dayanand Anglo Vedic College Managing Committee, New Delhi, India signed on B.S. 2049 Ashar 25 Thursday (July 9, 1992) at Birganj in a ceremony by Late Shree Brijlal Kedia, the then president of M.B. Kedia Sewa Trust and Shree G.P. Chopra, president of D.A.V. College Managing committee in Kathmandu.

The D.A.V. Kedia Vishwa Bharati Nepal has been registered in District Administration Office, Kathmandu vide its Registration No. 337/053-54 dated B.S. 2053/8/16 with the main aim to spread quality modern education under Aryan culture and heritage to produce qualified and disciplined students establishing technical, industrial and commercial educational institutions throughout Nepal with the joint collaboration of local people and organisations and to make and develop Nepal as a center of excellence in education. We have aimed to open at least one DAV School in each 75 districts of Nepal.

Under the umbrella of D.A.V. Kedia Vishwa Bharati Nepal four D.A.V. Schools are running in Biratnagar, Hariown, Birganj and Lalitpur another school is going to be established in Janakpurdham from the year 2059 B.S. viz., Birendra Memorial DAV Kedia Vishwa Bharati School.

### Executive Committee of D.A.V. Kedia Vishwa Bharati Nepal

1. Mr. Shanker Lal Kedia - President
2. Mr. Gokul Prasad Pokhrel - Vice President
3. Mr. Madhav Das Shrestha - General Secretary
4. Mr. Bishwa Nath Kedia - Treasurer
5. Advocate Mr. Kamal Narayan Das - Member
6. Mr. Narendra Kumar Agrawal - Member
7. Rt. Hon. Satyapal - Member
8. Mr. Anil Kumar Kedia - Member
9. Mr. Bimal Kumar Kedia - Member
10. Mr Manoj Kumar Kedia - Member
11. Mrs. Rama Shing - Member

# भारतीय माओवादीसँगको वार्तामा गतिरोध

संसारमा कहीं पनि शान्तिवार्ता र बन्दूक एक साथ चल्न सक्दैन । भारतको आन्ध्र प्रदेश सरकारले वार्ता र बन्दुक एकसाथ चलाउन खोजेपछि यस सरकार र त्यहाँ छापामार युद्ध चलाइरहेको माओवादी समूह 'पिपुल्स वार ग्रुप'बीच शुरू भएको प्रारम्भिक चरणको वार्ता प्रयास बीचैमा भंग भएको छ र पुनः त्यहाँ 'बन्दूक-बन्दूकबीच वार्ता' हुन थालेको छ ।

जनता र नागरिक सरकारको माग बमोजिम भाकपा (माले) पिपुल्स वार ग्रुपले दुई दुई पटक युद्धविराम घोषणा गरिसकेको छ । पछिल्लो पटक पनि युद्धविरामको घोषणासँगै शान्ति वार्तामा आएका यस ग्रुपका प्रतिनिधिहरुलाई सरकारले दमनात्मक कारवाही रोक्ने र यिनका नेताहरुलाई शान्ति वार्तामा प्रत्यक्ष रुपमा संलग्न हुन सुरक्षा दिने बचन दिएको थियो । तर धूर्त सरकारले तेस्रो चरणसम्मको वार्तामा पनि आफ्नो तर्फबाट युद्धविराम घोषणा गर्ने कामसमेत नगरीकन उल्टै मुठभेडको नाममा यसका नेता र कार्यकर्ताहरुको हत्याको क्रमलाई जारी राख्यो ।

सरकारको यही पाखण्डपनबाट चिढिएर ग्रुपका वार्ताकारहरुले सरकार शान्ति वार्ताप्रति पटक्कै गम्भीर र संवेदनशील नभएको, वार्तालाई दमनात्मक कारवाहीको खोल मात्रै बनाएको र सरकार र ग्रुपको प्रत्यक्ष वार्तामा आउन सक्ने नेताहरुलाई मार्ने षडयन्त्रको तानाबाना बुनेको आरोप लगाउँदै वार्ताको क्रमलाई स्थगित गरेका छन् । उनीहरुले वार्ता बहिष्कार गरेपछि अहिले वार्ता पूरै गतिरोधमा फँसेको छ । सरकारले पनि पिपुल्स वारग्रुपलाई यस ग्रुपले वार्तालाई शक्ति संचय, थप आक्रामक कारवाही र राजनैतिक आधारको खोजीका लागि तयारी गरिएको 'गेम प्लान'को एक भागको रुपमा प्रयोग गरिरहेको भनेर आफ्नो बचाऊ गरेको छ ।

शान्ति वार्ताको लागि टेबुलमा आएको पिपुल्स वार ग्रुपको जनयुद्धलाई प्रहरी र सैन्य बलद्वारा सखाप पार्न सकिन्छ भन्ने सैन्यवादी मानसिकता आन्ध्र-सरकारमा र यसका सुरक्षा अंगहरुमा हावी भइरहेसम्म त्यहाँ शान्ति वार्ता नाटक मात्रै भइरहने निश्चित छ । अति नै सैनिक ढाँचामा बाँधिएको यस ग्रुपले सोचेअनुसार वार्ताद्वारा राजनैतिक चलखेल गर्ने, त्यहाँ व्याप्त समस्याको शान्तिपूर्ण समाधानका लागि वातावरण बनाउने प्रयासलाई छेकथुन गरिएमा परिणाम सबैका लागि विनाशक नै हुनेछ । यसको स्पष्ट संकेत यस ग्रुपद्वारा घोषित गतः असार २७ र २८ गतेको आन्ध्र प्रदेश बन्दको सफलताले दिइसकेको छ । ❑

५ पेजको बाँकी

वर्गको उत्थानको लागि बजेटले खासै राहत दिन सकेको छैन । बजेटमा अगामी चुनावलाई दृष्टिगत गरी कम्तिमा १ लाख बेरोजगार युवा-युवतीलाई वैदेशिक रोजगारीमा पठाउने लक्ष्य राखिएको छ । यसमा आतंकवादीबाट पीडित क्षेत्रका युवा-युवतीलाई प्राथमिकता दिने भनिएको छ, तर यस कार्यक्रमअन्तर्गत कुन मापदण्डको आधारमा वैदेशिक रोजगारीको लागि पठाउने भन्ने खास कार्यक्रम नभएको हुँदा यो बढी राजनैतिक उद्देश्यबाट परिचालित छैन भन्ने ठाउँ कम छ ।

विदेशी लगानी प्रवर्धनको लागि विदेशमा आयआर्जन गरी बसोबास गरिरहेका तथा नेपालमा लगानी गर्न उत्सुक नेपाली मूलका व्यक्तिलाई १० वर्षे भिसा उपलब्ध गराउने प्रबन्ध गरिएको छ र मुनाफा लगानी गरेको मुद्रामा नै फिर्ता लैजान सकिने व्यवस्था गरिएबाट वैदेशिक लगानी भित्रिनसक्ने अपेक्षा राखिएपनि यस व्यवस्थाबाट मात्र वैदेशिक लगानी भित्रिने संभावना देखिदैन । उता, निर्यात प्रवर्धनको लागि २००३ लाई निर्यात वर्षको रूपमा मनाएर निर्यात बढ्छ भन्ने तर्क हास्यास्पद नै देखिन्छ । वित्तीय क्षेत्र सुधारतर्फ राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको व्यवस्थापन करारमा दिने र राष्ट्र बैंकलाई मौद्रिक प्राधिकरणको रूपमा विकसित गर्न बैंकको संगठनात्मक संरचना सुधारलाई अगाडि बढाउने र लचिलो मुद्रा नीति अवलम्बन गरिने लक्ष्य राख्दैमा वित्तीय क्षेत्र सुधार हुने कुरामा विश्वास गर्न सकिंदैन ।

सुशासन, पारदर्शिता र विकेन्द्रीकरणको सन्दर्भमा बजेटमा भ्रष्टाचार नियन्त्रणको लागि २०५८ आश्विन मसान्तसम्म भ्रष्टाचार निवारणसम्बन्धी रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने भनिएको छ, तर सरकारले यस्ता रणनीति थुप्रै तय गरिसकेको छ र हालसम्म यस्ता भ्रष्टाचार निवारणसम्बन्धी नीति, रणनीति सरकारको देखाउने दाँतभन्दा बढी केही साबित हुन सकेको छैन ।

समष्ठीमा बजेट व्यवहारिक देखिए पनि आर्थिक लक्ष्य हासिल गर्न असमर्थ रहने देखिन्छ । ❑



श्री ५ महाराजधिरा ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहणको प्रथम वार्षिकोत्सवको शुभ उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं दीर्घ सुशासनको लागि हार्दिक मंगलमय शुभकामना चढाउँछौं !

नबिल बैंक लिमिटेड

Nabil Bank Limited

सूचना

२०५९ आषाढ १ गतेदेखि लागु हुने महशूल दररेटमा निम्न अनुसार हरेक शनिवार निम्न छुट सुविधा उपलब्ध गराइएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

(क) राष्ट्रिय ट्रंक सेवा (S.T.D.)

| समूह | समय | पल्स अवधि सेकेण्ड | प्रति मिनेट शुल्क रु. |
|---|---|---|---|
| (क) ०-५० कि.मि. | ०६.००-२२.०० | ४८ | १/२५ |
| (ख) ५०-२०० कि.मि. | ०६.००-२२.०० | २२.८ | २/६३ |
| (ग) २०० कि.मि. माथि | ०६.००-२२.०० | १३.२ | ४/५० |

*नोट : प्रतिमिनेट दररेट संस्थानबाट संचालन भएका पब्लिक कल अफिसहरुमा मात्र लागु हुनेछ ।*

नेपाल दूरसञ्चार संस्थान
केन्द्रिय कार्यालय
व्यापार व्यवस्थापन विभाग
टेलिफोन नम्बर : २१०१०८, २१०११३

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफको सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।

Royal Nepal Airlines

शाही नेपाल वायुसेवा निगम

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद् अवसरमा मौसूफको सु-स्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
परिवार

## निर्भिक वयान

'मूल्यांकन' पूर्णाङ्क ९७ मा श्याम श्रेष्ठको संस्मरण दोहोऱ्याएर पढें । वर्तमान प्रजातान्त्रिक व्यवस्थामा पनि एकजना निहत्था लेखक एवं जिम्मेवार पत्रकारलाई सरकारले अनावश्यक दुःख दिएकोमा मनभरि पीडा र आँखाभरि आँसु छचल्कियो । सुरक्षाकर्मीहरूद्वारा सोधिएका प्रश्नहरूको जवाफ दिने क्रममा देशको वर्तमान स्थिति, संवैधानिक राजतन्त्र र सत्तासीन पार्टीको कमजोरीजस्ता विविध विषयमा उहाँले देशका वास्तविक देशभक्त बुद्धिजीवीहरूको अन्तर्भावनालाई प्रतिनिधित्व गर्दै जुन प्रकारको स्पष्ट र निर्भिक वयान दिनुभयो, त्यो सबैका लागि प्रभावकारी पाठ भएको छ । एकजना सचेत र इमान्दार नागरिक/पाठकको हैसियतले म उहाँको सुस्वास्थ्य एवं 'मूल्यांकन'को उत्तरोत्तर प्रगतिको कामना गर्दछु । राज्यद्वारा पीडित, अन्य पत्रकार बुद्धिजीवीहरूले पनि यथाशीघ्र मुक्ति पाऊन् ।

**- इन्द्रकुमार श्रेष्ठ,**
*शिक्षक : सरस्वती मा. वि.*
*खानीभञ्ज्याङ्, ओखलढुंगा ।*

## साँचो सूचनाको अपेक्षा

नेपाल छाडी विदेशिएको झण्डै १० महिना बितिसक्दा हालै प्राप्त मूल्यांकनमार्फत् थोरै भए पनि वास्तविकता थाहा पाएका छौं । वर्ष २०, पूर्णाङ्क ९७ को मूल्यांकन पत्रिका हुलाकमार्फत् नेपालबाट आएको थियो । 'एयरपोर्टदेखि छाउनी ब्यारेकसम्म'को तपाईहरूको यात्राको खबर पढेर हामी परदेशी नेपाली ममार्हत भयौं । कामको बेफुर्सदीमा पनि धेरै नेपालीहरूबीच स्वस्थानी पढेसरी दुःखलाग्दो घटनाले भरिएको उक्त लेख पढियो । नेपालको हालको यस्तै स्थितिले हामीलाई यहाँ पिरोलिरहन्छ । ताजा खबरको लागि आधा घण्टा प्रसारित हुने BBC Londonको नेपाली सेवामात्र यहाँ उपलब्ध छ । काम गर्दागर्दै हामी पसिनैसँग उक्त समाचार सुन्ने गर्थ्यौं, तर आजमात्र थाहा लाग्यो, हामीले सत्यतथ्य खबर नभई कृत्रिम समाचार सुनेका रहेछौं ।

'लिस्ने लेक, गाम र युद्धविरामको वास्तविकता के हो ?' पढेरमात्र वास्तविकता थाहा लाग्यो । सत्यतथ्य एकपटक अवश्य थाहा लाग्छ, तर पनि सरकारी संचारले किन यसरी झूठ समाचार प्रसारित गरी मानिसलाई भ्रममा पारिदिन्छ ? हामी परदेशी नेपालीहरू हालको संकटकालीन नेपालको स्थितिको साँचो खबर सुन्न आतुर हुन्छौं ।

**- चिरञ्जीवी जि.सि.,**
*कावासोती- नवलपरासी*
*हाल : साउदी अरब*
*तथा टंकराज रेग्मी, राजेन्द्र घार्ती,*
*ज्ञानेन्द्र पुनः र साथीहरू*

## साहित्यिक सामाग्रीको निरन्तरता होस्

मूल्यांकन मासिकको ९७ औं पूर्णाङ्क पढें । सबै लेखहरू उत्तिकै उत्कृष्ट छन् भन्ने कुरा त भनिरहनुपर्ने कुरा होइन । तीमध्ये पनि वामपन्थीहरूको एकताका कुरा पढ्न पाउँदा हर्षले विभोर भएँ । त्यस्तैगरी सम्पादकज्यूको 'युद्ध रोक्ने र ... ?' भन्ने लेख पढ्दा यथार्थको धरातलमा उभिएको मैले महशूस गरें । अनि लिस्ने लेकको भिडन्तसम्बन्धी समाचारबारे सरकारले दिएको सूचना वाहियात रहेछ भन्ने कुरा प्रमाणित भएकोमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । अन्तर्राष्ट्रिय समाचारमा राजेन्द्र महर्जनले लेख्नुभएको लेख पढ्दा मलाई पनि साह्रै उत्तेजित तुल्यायो । मूल्यांकन अझै उत्कृष्ट र पठनीय बन्नको लागि साहित्यसम्बन्धी रचना र विश्वका ठूला ठूला जनसाहित्यकारहरूको जीवनी पनि निरन्तर प्रकाशित भए हुन्थ्यो जस्तो मलाई लाग्छ ।

**- बन्धु विक्रम *'बिज़ात'***

## प्रतिक्रिया र सुझाव

संसद पुनर्स्थापनाका लागि वैधानिक र संसदीय संघर्षका कार्यनीतिक संघर्षलाई अघि बढाएर जिम्मेवार राजनीतिक पार्टीहरूले सर्वोच्च अदालतमा रिट निवेदन दिनु पर्नेमा चुनावी माहौलमा हामफाल्ने, कङ्गाल देशलाई महाकङ्गाल बनाउने वर्तमान नेपालका निरंकुश देउवा सरकारको चुनावलाई नतमस्तक भएर स्वीकारेका छन् । वामपन्थी, देशभक्त पार्टीहरू एकगठ हुनु जरूरी छ । वामपन्थीहरूको लागि यो चुनाव अन्तिम अवसर हो । कांग्रेस फुट्यो, हामीले बहुमत ल्याउँछौं भनेर ढुक्क भएमा ने.क.पा. (एमाले)लगायत अन्य वामपन्थी शक्तिहरूलाई यो चुनाव आत्मघाती हुने प्रायः निश्चित छ ।

अन्त्यमा मूल्यांकनको आवरणमा लेखिएको मूल्यांकन भन्ने मूल शीर्षक र भित्री स्तम्भमा लेखिएका शीर्षकहरू आकर्षक अक्षरमा छापियून्, यो नियमित बनोस्, यसको कागजको गुणस्तर राम्रो होस् भन्ने सुझाव दिन चाहन्छु ।

**- श्रद्धा सुब्बा,**
*चुलाचुली- १, कमल, इलाम ।*

## स्तालिनको सपना

अरू अंकझैं मूल्यांकनको पूर्णाङ्क- ९८ पनि गहन र विचारोत्तेजक छ । देशको वर्तमान संकटको बेला राष्ट्रिय सहमतिको निरन्तरताको आवश्यकता रहेको यस बेला मूल्यांकनको मूल्यांकन राम्रो लाग्यो । आवरण कथा र स्व. कं. निर्मल लामाको आत्मकथाले आत्मा छोयो । रोशन जनकपुरीका पाँच कविता समयसापेक्ष र यथार्थपरक रहे ।

मूल्यांकन मासिकको चूरो विश्व कम्युनिष्ट आन्दोलन र कमरेड निर्मल लामाको आत्मकथा हो । अर्जेन्टिनाको डिसेम्बर जनविद्रोह, आर्थिक संकटविरूद्ध वृद्ध आमाहरूका नारा, विभाजन र संकीर्णताले ग्रस्त वामपन्थ, विश्व कम्युनिष्ट आन्दोलनका अग्रज, प्रणेतामध्ये एक क. जोसेफ स्तालिनको ऐतिहासिक योगदानकै कारण स्तालिनको भव्य शालिक पुनःस्थापना गरिएको अविष्मरणीय घटनाले 'धैर्य गरे समय शान्तिको आउँछ' भन्ने विश्वास गर्न सकिन्छ । सिंगो मानवतामाथि संकट आईपर्दा समाजवादको निर्माणको सपनालाई साकार पार्न तल्लीन समाजवादका तेजिला नक्षत्र क. स्तालिनको समाजवादी सपना अहिले अशान्ति र अन्यौलताले जकडिरहेको विश्वमा अझै बढी महत्वपूर्ण र अर्थपूर्ण छ । त्यसैगरी नेपाली राजनीतिमा स्वच्छ छवि भएका व्यक्तित्व क. निर्मल लामाका जीवनका उकाली ओरालीका घटनाहरू पढेपछि आन्दोलनका विभिन्न क्षणहरूबाट धेरै कुरा सिक्न मद्दत मिल्नेछ ।

**- हेमनाथ खतिवडा 'विवश'**
*श्री कालिका हिमालय*
*उच्च मा. वि., रसुवा ।*

## हार्दिक समवेदना

**'मूल्यांकन'** मासिकका सल्लाहकार तथा सक्रिय वौद्धिक व्यक्तित्व **डा. चैतन्य मिश्र**का पिता **श्री पशुपति मिश्र**को गत असार २० गते ८० वर्षको उमेरमा काठमाण्डौमा निधन भएको छ । उहाँ मधुमेह रोगले विगत तीन वर्ष अघिदेखि ग्रस्त हुनुहुन्थ्यो । पछिल्लो समयमा चर्को ज्वरो देखा परी उहाँको निधन भएको थियो । उहाँका श्रीमती, दुई छोरा र एक छोरी हुनुहुन्छ ।

हामी **स्व. पशुपति मिश्र**प्रति श्रद्धाञ्जली व्यक्त गर्दै उहाँका शोकसन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना अर्पण गर्दछौं ।

**- अन्तर्क्रिया प्रकाशन, परिवार**



FEEL THE RHYTHM
Wherever you are
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
AANL/GBPL-2001

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१

हिमाल स्टील

NS - Quality Award - 2001
द्वारा सम्मानित



विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप
हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा
हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि
ISO 9002 प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो मार्क अंकित
Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)
फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि

NS - Quality Award - 2001
प्राप्त गर्न सफल भएका छौं ।

हिमाल आयरन एण्ड स्टील (प्रा) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४